# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

मंगलबार साउन १, २०७५ | Tuesday, July 17, 2018 | www.newsofnepal.com | नेसं ११३८ दिल्लाथ्व ५ | वर्ष २४, अंक १८८ | पृष्ठ १२ | मूल्य रू १०/–


# उपराष्ट्रपति भवन जोखिममा निवास झन् अस्तव्यस्त

मधुसूदन रायमाझी, काठमाडौं

संविधानले उपराष्ट्रपतिको व्यवस्था गरेको १० वर्ष पुगिसकेको छ। उपराष्ट्रपतिको व्यवस्था गरे पनि उपराष्ट्रपति बस्ने कार्यालय र निवासको स्थायी व्यवस्था हुन सकेको छैन।

सरकारले संविधानबमोजिम उपराष्ट्रपति निर्वाचित भएसँगै निर्वाचन आयोगको कार्यालयलाई कार्यालय र लैनचौरमा पूर्वमेयर बस्ने निवासलाई नै उपराष्ट्रपतिको निवासका रूपमा प्रयोग गरेको थियो। १० वर्ष बितिसक्दासमेत उपराष्ट्रपतिको कार्यालय र निवासको टुंगो लाग्न नसकेको हो। ३ वर्षअघि गएको विनाशकारी भूकम्पका कारण हाल उपराष्ट्रपतिको कार्यालय रहेको बहादुर भवन जीर्ण बनेको छ भने लैनचौरस्थित निवास पनि निकै अव्यस्थित रहेको छ।

उपराष्ट्रपतिको निवास लैनचौरमा एउटा गाडीबाहेक अन्य सवारीसाधन अटाउने ठाउँसमेतको अभाव रहेको छ। भारतीय दूतावास र ब्रिटिस दूतावासको छेउमा रहेको निवास निकै साँघुरो र अव्यवस्थित देखिन्छ।

उपराष्ट्रपतिको कार्यालयले हाल कार्यालय रहेको बहादुर भवनलाई रेट्रोफिटिङ गर्नुपर्ने, उपराष्ट्रपतिको कार्यालय र निवास स्थायी हुनुपर्ने भन्दै ५ पटक पत्राचार गर्दा पनि सुनुवाइ हुन सकेको छैन। सरकारले राष्ट्रपतिको निवास निर्माण गर्न चासो देखाए पनि

- पाँच पटकसम्म पत्राचार हुँदा सुनवाइ नभएको गुनासो
- राहदानी विभागलाई कार्यालय र निवास बनाउने तयारी
- 'कार्यालय जीर्ण छ, निवास साँघुरो छ, पदीय हिसाबले निवास बस्न लायकको पनि छैन।'

उपराष्ट्रपतिको निवास र कार्यालय बनाउन चासो देखाएको छैन। गत वर्षको बजेटमा उपराष्ट्रपतिको कार्यालय बनाउने विषय समावेश भए पनि यस आर्थिक वर्षको बजेटमा उक्त विषय समावेश गरिएको छैन। उपराष्ट्रपति कार्यालयले भवन र कार्यालय फरक-फरक स्थानमा निर्माण गर्दा व्यवस्थापनमा दोहोरो खर्च हुने बताउँदै एकै स्थानमा नै निवास र कार्यालय बनाउन प्रस्ताव गरेको छ। उपराष्ट्रपतिको निवास र कार्यालय निर्माण गर्नका लागि तीन पटक कार्यालय गठन भए पनि ती कार्यालयले दिएको सुझाव कार्यान्यवन हुन सकेको छैन। शहरी विकास मन्त्रालय, प्रधानमन्त्री कार्यालयका सचिव र उपराष्ट्रपति कार्यालयका सचिवसहितको कार्यदल गठन भएको थियो। तर, उपराष्ट्रपतिको स्थायी निवास र कार्यालयको टुंगो लगाउन सकेको छैन।

उपराष्ट्रपति कार्यालयका प्रवक्ता तेजराज पाण्डेले उपराष्ट्रपतिको कार्यालय र निवासको खाँचो रहेको बताउनुभयो। उहाँले भन्नुभयो- 'सकेसम्म निवास र कार्यालय एकै ठाउँमा बनाउनुपर्छ भन्ने हाम्रो प्रस्ताव छ।' सम्भाव्यताको खोजी भए पनि हालसम्म कुन ठाउँमा निवास र कार्यालय बनाउने भन्ने विषयमा टुंगो लागिनसकेको बताउँदै उहाँले संविधानले उपराष्ट्रपतिको व्यवस्था गरे पनि अहिलेसम्म निवास र कार्यालयको टुंगो लाग्न नसकेको स्पष्ट पार्नुभयो।

प्रवक्ता पाण्डेले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'कार्यालय जीर्ण छ, निवास साँघुरो छ, पदीय हिसाबले निवास बस्न लायकको पनि छैन।'

(क्रमशः पृष्ठ ९ मा)

## माथेमा कार्यदलको प्रतिवेदन हुबहु लागू गर : सभापति देउवा

काठमाडौं, (नेस)

आमरण अनशनरत डा. गोविन्द केसीको स्वास्थ्य स्थितिप्रति चिन्ता व्यक्त गर्दै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले उहाँको जीवनरक्षाको माग गर्नुभएको छ।

सोमबार सार्वजनिक गर्नुभएको वक्तव्यमा उहाँले कुनै अप्रिय घटना भए सम्पूर्ण दोषको जिम्मेवारी सरकारको हुने बताउँदै उहाँले अप्रिय घटना भए चिकित्सा शिक्षामा सुधारको अभियानप्रति नै गम्भीर घात हुने दाबी गर्नुभयो।

डा. केसीको स्वास्थ्य स्थिति थप बिग्रँदै गएको खबरले आफूलाई गम्भीर बनाएको जानकारी दिँदै सभापति देउवाले भन्नुभएको छ- 'डा. केसीको अवस्था चिन्ताजनक हुँदा पनि सरकार वार्तामार्फत समाधानका लागि गम्भीर नहुनु झन् गम्भीर विषय भएको छ।'

उहाँले आफ्नो नेतृत्वको सरकारले चिकित्सा शिक्षामा सुधार गर्ने उद्देश्यका साथ चिकित्सा शिक्षा विधेयकलाई अध्यादेशमार्फत जारी गरेको दाबी गर्दै थप्नुभएको छ- 'डा. केसीसँगको वार्ता, सरोकारवालाहरूसँगको छलफल, माथेमा उच्चस्तरीय कार्यदलको प्रतिवेदन एवं आम नागरिकको भावनालाई मध्यनजर राखेर जारी त्यो अध्यादेशकै हुबहु विधेयक प्रस्तुत गर्नु नै विद्यमान जटिलताको विवेकसम्मत हल हुने मेरो दृढ निष्कर्ष छ।'

# किन फेल खान्छ सरकारको निर्णय ?

### १ सय २० दिनमा ३ सय निर्णय, न उपलब्धि न राहत

प्रशान्त वली, काठमाडौं

सरकार गठन पश्चात् ३ सय वटा निर्णय भएका छन्। १ सय २० दिनको अवधिमा मन्त्रिपरिषद्ले ३ सय वटा निर्णय गरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

यसमध्ये २०७४ फागुनमा ५२, चैत्रमा ४३, ०७५ वैशाखमा ६९, जेठमा १ सय ८ र असारमा २८ वटा निर्णय भएका छन्। तीमध्ये अधिकांश निर्णय आर्थिक सहायकता, नियुक्ति सदर-बदर, वैदेशिक भ्रमण स्वीकृत प्रकृतिका छन्। प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार २०७४ फागुन ३ गते गठन भएको हो।

बहुमत प्राप्त सरकार बने पनि अपेक्षित उपलब्धि हासिल गर्न नसकेको देखिएको छ। मन्त्रिपरिषद्को पहिलो बैठकले प्रत्येक स्थानीय तहमा उद्योगग्राम स्थापना गर्ने, प्रत्येक प्रदेश सदमुकाममा आधुनिक र सुविधासम्पन्न खेलग्रामसहित रंगशाला निर्माण गर्ने निर्णय गरेको थियो।

यस्तै, प्रत्येक प्रदेशमा प्राविधिक तथा व्यावसायिक महाविद्यालय स्थापना गर्ने पनि मन्त्रिपरिषद्को पहिलो बैठकको निर्णय हो। तर, ती निर्णय कागजमा मात्रै सीमित भएको देखिएको छ। सरकारले निर्णय गरे पनि कार्यान्वयन हुन नसक्दा नागरिकले असन्तुष्टि पोखिरहेका छन्।

सरकारले दैनिक कार्यसञ्चालनबाहेक जनताको मन छुने गरी काम नगरेको सर्वसाधारण नागरिक रमेश पोखेल भन्नुहुन्छ। उहाँ भन्नुहुन्छ- 'ऊ बेला सरकारले सबैलाई रोजगार दिन्छौं, सबै ठाउँमा बाटो पुऱ्याउँछौं। महँगी कम गर्छौं त भन्यो तर के गर्नु, अहिले हाम्रै लागि केही गरेन।' नागरिकको दैनिकीसँग प्रत्यक्ष जोडिएर काम गर्न नसक्दा सरकारप्रति असन्तुष्टि व्यक्त भइरहेको उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिना बताउनुहुन्छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले मन्त्रालयले निर्धारण गरेका योजनाहरूको अनुगमनको पनि अनुगमन गर्ने जनाएको छ। कार्यालयका प्रवक्ता विनोदबहादुर कुँवर नेपाल समाचारपत्रसँग भन्नुहुन्छ- 'मन्त्रालयका योजना, मन्त्रिपरिषद्का निर्णयहरूको कार्यान्वयन गर्ने जिम्मेवार निकाय स्वयं मन्त्रालय हो। त्यसैले ती मन्त्रालयले निर्धारण गरेका योजना नतिजामूलक भए कि भएनन् भनेर अनुगमनको पनि अनुगमन आजै साउन १ गतेदेखि गर्दै छौं।'

(क्रमशः पृष्ठ ९ मा)

## उप्रेती र पाण्डे राजदूत सिफारिस

काठमाडौं, (नेस)

सरकारले भारत र मलेसियाका लागि नीलकण्ठ उप्रेती र उदयराज पाण्डेलाई राजदूत सिफारिस गरेको छ। मन्त्रिपरिषद्को सोमबारको बैठकले उहाँहरूलाई राजदूत बनाउने प्रक्रिया अघि बढाएको हो।

दुवै जना सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को तर्फबाट राजदूत सिफारिस हुनुभएको हो। उप्रेती दोस्रो संविधानसभाको निर्वाचन ताका प्रमुख निर्वाचन आयुक्त र पहिलो संविधानसभा निर्वाचन हुँदा निर्वाचन आयुक्त हुनुहुन्थ्यो। उहाँ तत्कालीन नेकपा एमालेको कोटाबाट प्रमुख निर्वाचन आयुक्त बन्नुभएको थियो। करिब १ वर्षयता भारतमा राजदूत पद खाली छ।

(क्रमशः पृष्ठ ९ मा)

### मुलुकमा बलियो प्रतिपक्षको खाँचो

# कांग्रेस गुट–उपगुटमै सीमित

रामकृष्ण चापागाईं, काठमाडौं

मलुकमा चरम बेथिति, अराजकता बढिरहेको अवस्थामा प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसभित्र आन्तरिक गुटबन्दी बढ्दै गएको छ।



गत निर्वाचनमा लज्जास्पद हार व्यहोर्नु पर्नाको एउटा प्रमुख कारण गुट-उपगुट भएको औंल्याइए पनि शीर्ष नेतहरू अझै गुट-उपगुटलाई नै मलजल दिइरहेका छन्। कांग्रेस प्रमुखरूपमा तीन गुटमा विभाजित छ भने प्रभावशाली नेताहरूको छुट्टै उपगुट पनि चलमलाइरहेको छ। राष्ट्रिय राजनीति तथा समसामयिक मुद्दालाई एकताबद्ध ढंगले प्रभावकारीरूपमा उठाउन नसकेको आरोप लागिरहेको बेला पछिल्लो समय कांग्रेस नेताहरू गुटगत भेलामा रमाउन थालेका छन्। सभापति शेरबहादुर देउवा पक्षका नेताहरूको भेला भएको भोलिपल्टै शीर्ष नेताहरू रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौला पक्षले सोमबार भेला गरी पार्टीभित्र गुट मौलाएको संकेत दिएका छन्।

प्रतिपक्षको भूमिकामा समेत कमजोर रहेको कांग्रेस आन्तरिकरूपमा एकताबद्ध भएर अघि बढ्ने बताइँदै आएको थियो। हालै जिल्ला सभापतिहरूको राष्ट्रिय भेला आयोजना गरी संघीय संरचनाअनुसार पार्टीको सांगठनिक ढाँचा तयार पार्नका लागि विधान संशोधन गर्न महासमिति बैठक आह्वानको तयारी भइरहेको छ।

(क्रमशः पृष्ठ ९ मा)

# केन्द्रमै बढी कर्मचारी रहने गरी दरबन्दी निर्धारण

सुनील महर्जन, काठमाडौं

मुलुक संघीय संरचनामा गए पनि सरकारले केन्द्रमै ४५ हजार कर्मचारी रहने गरी कर्मचारीको दरबन्दी निर्धारण गरेको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव शंकरप्रसाद कोइरालाको संयोजकत्वमा गठन गरिएको उच्चस्तरीय व्यवस्थापन तथा सर्वेक्षण 'ओ एन्ड एम' समितिले संघमा ४५ हजार र प्रदेशमा १६ हजार कर्मचारी दरबन्दी रहने प्रारूप तयार पारेको हो। समितिले झन्डै ४ महिना लगाएर सरकारी कार्यालय र कर्मचारी दरबन्दीको प्रारूपसहितको प्रतिवेदन तयार पारेको थियो।

यस्तै स्थानीय तहमा बढीमा ५७ हजार कर्मचारी रहनेछन्। देशभरका स्थानीय तहमा झन्डै १७ हजार कर्मचारी यसअघि नै रहेका छन्। यस्तो अवस्थामा संघबाट करिब २५ हजारको हाराहारीमा कर्मचारी स्थानीय तहमा पठाइँदा कुल दरबन्दी पूर्ति हुने अवस्था आउँछ। हाल मुलुकभरि ८६ हजार निजामती कर्मचारी रहेका छन्। यसले गर्दा प्रस्तावित दरबन्दीको प्रारूपले संघीयताको मर्मविपरीत केन्द्रलाई बलियो बनाएको पनि मन्त्रालयका एक अधिकारीले बताए।

'के गर्नु कर्मचारी खाईपाई आएको अधिकार छाड्न नै चाहँदैनन्। विभिन्न ऐन पनि संघीयता कमजोर बनाउने हिसाबले ल्याइएको छ।' - मन्त्रालयका प्रवक्ता सुरेश अधिकारीले भन्नुभयो।

> हाल मुलुकभरि ८६ हजार निजामती कर्मचारी रहेका छन्। यसले गर्दा प्रस्तावित दरबन्दीको प्रारूपले संघीयताको मर्मविपरीत केन्द्रलाई बलियो बनाएको मन्त्रालयका अधिकारी बताउँछन्।

संविधानमा प्रदेश र स्थानीय तहको अधिकार सूचीको आधारमा संघको ४० प्रतिशत कार्यक्षेत्र प्रदेश र स्थानीय तहमा गएको प्रशासन विज्ञहरूको भनाइ छ। कार्यक्षेत्र प्रदेश र स्थानीय तहमा जाने वा जान बाँकी रहेको स्थितिमा अहिलेको दरबन्दी निर्धारणले अधिकांश कर्मचारी केन्द्रमै रहने अवस्था आएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका संघीय मामिला शाखाले जनाएको छ।

समितिले तीनै तहको दरबन्दीसँगै स्थायी संरचनाको प्रारूप पनि तयार पारेको हो। केन्द्रमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित २१ मन्त्रालय राष्ट्रपति, उपराष्ट्रपति कार्यालय ५७ वटा विभाग तथा केन्द्रीयस्तरका सरकारी निकाय राष्ट्रिय सतर्कता केन्द्र, नेपाल ट्रस्ट, सार्वजनिक खरिद, राष्ट्रिय योजना आयोग, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यालयहरू रहनेछन्।

यसै गरी १३ वटा संवैधानिक आयोग लोक सेवा, अख्तियार, निर्वाचन आयोग, सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरू, महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय सूचना आयोगलगायत अन्य आयोगहरू, मन्त्रालयअन्तर्गतका केन्द्रीय निकायहरू, जिल्ला प्रहरी, जिल्ला प्रशासन, इलाका प्रशासन, अध्यागमन कार्यालय, कारागार, हुलाक, सरकारी वकिल कार्यालय, मालपोत, नापी, कोष तथा लेखा नियन्त्रक कार्यालय, भन्सार कार्यालयलगायत रहनेछ।

(क्रमशः पृष्ठ ९ मा)



# महानगर

> मुटुको भल्बको समस्या हो कि, मुटुको कडापन हो ? क्याटोगोराइजेसन गरेर हेर्न सकिन्छ। सामान्यरूपमा मुटु रोगलाई दुई किसिमले वर्गीकरण गरिन्छ। एउटा जन्मजात हुने, यसमा जन्मँदै मुटुभित्र प्वाल भएको हुन्छ। अर्को पछि गएर हुने एक्वायड। एक्वायड भनेको बाथ मुटुरोग, उच्च रक्तचाप, मधुमेहले गर्दा लाग्छ।

# मुटु रोगीका लागि बी एन्ड बी अस्पताल वरदान सावित हुन्छ



**डा. दीपककुमार मिश्र**
मुटु रोग विशेषज्ञ

हाडजोर्नी, पत्थर र अन्य कतिपय रोगहरूका उपचारका लागि ख्यातिप्राप्त ग्वार्कोस्थित ललितपुरको बी एन्ड बी अस्पतालले पूर्ण दक्ष चिकित्सक र अत्याधुनिक प्रविधिहरूसहित मुटु रोगको उपचार पनि शुरु गर्ने भएको छ। बढ्दो शहरीकरण र प्रदूषणका कारण राजधानीमा अप्रत्याशितरूपमा बढिरहेको मुटुसम्बन्धी समस्यालाई समाधान गर्ने उद्देश्यसहित यही साउन ४ गते स्वास्थ्यमन्त्री उपेन्द्र यादवबाट उद्घाटन हुने क्याथ ल्याबको सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी अस्पतालका संस्थापक सञ्चालकद्वय वरिष्ठ डा. अशोक बास्कोटा र डा. जगदीशलाल वैद्यले गराउनुभएको छ। यसको सञ्चालनसँगै अचानक हृदयघाट भएर तत्काल उपचार गर्न बागमती पुल तरेर जानुपर्ने ललितपुर जिल्लाबासीको बाध्यता समाप्त हुने दाबी गर्नुहुन्छ डा. वैद्य र डा. बास्कोटा। यसका लागि अस्पतालले पाकिस्तानको विश्व प्रसिद्ध पन्जाब इन्स्टिच्युट अफ कार्डियोलोजीबाट मुटु रोगसम्बन्धी एफसीपीएसमा दक्षता हासिल गरेका अनुभवी वरिष्ठ कार्डियोलोजिस्ट डा. दीपक मिश्रको संयोजकत्वमा थुप्रै दक्ष चिकित्सकहरूको व्यवस्था भइसकेको जानकारी प्राप्त भएको छ। बी एन्ड बी अस्पतालमा स्थापना गरिएको अत्याधुनिक प्रविधिका उपकरण र व्यवस्थित क्याथ ल्याबको अवलोकनपछि अस्पतालले मुटु रोगीलाई गर्ने उपचार विधि र मुटु रोगबारे नेपाल समाचारत्रका लागि **भगवती तिमल्सिना**ले अस्पतालका कार्डियोलोजी विभाग प्रमुख डा. दीपक मिश्रसँग गरेको कुराकानी :

**मुटुरोग भनेको के हो र यो कसरी लाग्छ ?**

मुटुरोग नसर्ने रोग हो। एउटा जन्मजातै हुन्छ। अर्को विशेष गरी खानपान, रहनसहन, जीवनशैलीका कारण र धुम्रपान सेवनका कारणले लाग्छ। पछिल्लो समय मानिसको बोलिचालीको भाषामा भन्दा हृदयघातका कुरा आउँछन्। त्यति मात्र नभएर हृदय, मांसपेसी, भल्बको समस्या हुन सक्ला, धमनीको समस्या समग्रमा यिनै समस्यालाई मुटुरोग भनिन्छ।

**नेपालमा पछिल्लो समय धेरै मुटुरोगी बढ्नुको प्रमुख कारण के हो ?**

पहिला-पहिला मुटुरोग भनेको विलासिताको रोग र यो गन्यमान्यलाई मात्र हुने रोग हो भनिन्थ्यो। तर, अहिले त्यस्तो देखिन्न। जन्मजात हुने, जन्मँदै हुने भयो। विशेष गरी खानपिन, लवाई-खवाई, काम गर्दाको दबाब, शारीरिक व्यायामको कमी र अन्य कतिपय कारणले पनि यो रोग लाग्ने गरेको छ। विशेषत शारीरिक सक्रियता नहुनु यसको जोखिम पाटो हुन्। भर्खरका युवा-युवतीहरूमा भने धुम्रपान सेवनले गर्दा नै मुटरोग लागेको देखिन्छ। खानपिनको गलत प्रयोग, बोसो भएका खानेकुरा बढी खाने कारणले पनि नेपालीलाई यो रोगले सताएको देखिन्छ। साथै वंशाणुगत र मोटोपनका कारण बोसो लागेर पनि मुटुको समस्या बढ्दो छ। कम्तीमा पनि दिनमा ३० देखि ४५ मिनेट मात्र हिँड्ने हो भने यो समस्याबाट धेरै छुट्कारा पाउन सकिन्छ।

**मुटुको सामान्य अवस्था ठीक छ कि छैन भनी कसरी पत्ता लगाउने ?**

प्राय:को मुटु देब्रेतिर हुन्छ कसैकसैको दाहिनेतिर पनि हुन्छ। मुटु रहेको भागमा भारी हुनु असहजता भएको छ, धड्कन बढेको छ भने मुटुको अवस्था सामान्य रूपमा चलेको छैन भन्ने बुझ्नुपर्छ। यसपछि ईसीजी, इको गर्नका लागि मुटुरोग विशेषज्ञको परामर्शमा परीक्षण गराउनुपर्छ। पहिलो चरणमा गरिने परीक्षण धेरै महँगो पनि छैन र ओपीडीमै जचाउन सकिन्छ।

**मुटुको चाल बढी या कम चलेको कसरी पत्ता लगाउने ?**

ईसीजीमा मुटुको चाल कस्तो चलेको छ भनेर हेर्न सकिन्छ। कसैलाई त्यहि मात्र बढी हेर्नुपर्ने भो भने होल्टर भन्ने मेसिन पाइन्छ त्यसले २४ घन्टा मुटुको ईसीजी गर्ने हो। त्यसमा मुटुको चाल उठ्दा, सुत्दा र सामान्य व्यवहार गर्दा कति हो भन्ने सबै मापन गर्न सकिन्छ। यो परीक्षण ओपीडी बेसमै गरिने भएकाले अस्पताल भर्ना भएर बस्नु पर्दैन। मुटुको चाल सामान्यतया एक मिनेटमा ५० भन्दा माथि १ सयभन्दा तल हुनुपर्छ। योभन्दा फरक हुँदा मुटुको समस्या देखा पर्छ। वैदेशिक रोजगारमा जानेहरूमा देखा पर्ने समस्याको मूल कारण खानपिन, चिल्लो पदार्थ, बोसोको मात्रा बढी हुनु नै हो। रुघाखोकी लाग्दा पनि मांसपेशीलाई कमजोर गर्छ मायोकार्डाइटिसमा पनि मुटुको चाल अनियन्त्रत हुने खतरा रहिरहन्छ।

**मुटुरोगबाट बच्नका लागि कस्तो जीवनशैली अपनाउनुपर्छ ?**

खानपानमा चिल्लो तथा बोसो भएको कम खाने, कसरत गर्ने, नुनको मात्रालाई ४ देखि ५ ग्राम मात्र प्रयोग गरेमा केही हदसम्म सुधार ल्याउन सक्छ।

**मुटुसम्बन्धी कति प्रकारका रोग हुन्छन् ?**

मुटुको भल्बको समस्या हो कि, मुटुको कडापन हो कि क्याटोगोराइजेसन गरेर हेर्न सकिन्छ। सामान्यरूपमा मुटु रोगलाई दुई किसिमले वर्गीकरण गरिन्छ। एउटा जन्मजात हुने, यसमा जन्मँदै मुटुभित्र प्वालहरू भएको हुन्छ। अर्को पछि गएर हुने एक्वायड। एक्वायड भनेको बाथ मुटुरोग, उच्च रक्तचाप, मधुमेहले गर्दा लाग्छ। यसले मुटुको धमनीमा लाग्छ र मुटुसम्बन्धी समस्या हुन्छ।

**हृदयघात भएमा तत्काल के गर्ने ?**

हृदयघात भएमा देब्रे छातीमा दुख्ने सरेर देब्रे काँधतिर जाने, सास फेर्न गारो हुने, धड्कन मात्र बढ्ने हुन सक्छ। सुगरका बिरामीलाई मुटु नदुख्ने पनि हुन सक्छ। यस्तो अवस्थामा तत्काल आराम गरि ईसीजी गराइहाल्नुपर्छ। जति सक्दो चाँडो मुटुरोग विशेषज्ञकै परामर्शमा पुग्नुपर्छ। पहिला पनि मुटुको समस्या भइसकेको व्यक्ति हो भने आइसोर्डी नाइट्रन जस्ता जिब्रोमुनि राख्ने औषधि राख्यो भने केही हदसम्म कम हुन्छ।

**पछिल्लो समय धेरै मानिसमा मुटुको समस्या भएको सुनिन्छ यसको घरेलु उपचार अर्थात् प्राथमिक उपचार के हुन सक्छ ?**

असहज भयो भने आराम गर्ने र एसप्रिन नामक औषधिको चक्की घरमा छ भने चपाएर खाने। छैन भने आराम गर्ने र अक्सिजन आउने खुला हावा चल्ने ठाउँमा बस्ने र नजिकको स्वास्थ्य संस्था या स्वास्थ्यकर्मीको सम्पर्कमा पुग्ने। जति सक्दो छिटो स्वास्थ्य संस्था पुग्ने। जति छिटो उत्ति राम्रो १ देखि ६ घन्टाभित्र पुग्न नसकिने देखिए मुटुको मांशपेसी कमजोर हुन सक्छ। जति चाँडो पुग्यो उति राम्रो।

**धेरै मानिसमा हृदयघात हुने समस्या र मृत्यु हुनेको संख्यामा वृद्धि भएको हो ?**

सबै मृत्यु हृदयघातका कारण मात्र हुन्न, मुटुको चाल अनियन्त्रित भएर पनि हुन्छ।

पहिला यस्ता कुरामा ध्यान दिँदैनथ्यौं। अहिले जनचेतना बढेको छ र समयमै समस्या पहिचानसँगै आधुनिकीकरण र शहरीकरणले पनि समस्या बढाएको छ।

**हृदयघात मोटा मानिसलाई मात्र हुन्छ कि दुब्ला पातलालाई पनि हुन्छ ?**

दुब्लोलाई हुँदैहुँदैन भन्ने छैन महिलाको दाँजोमा पुरुषलाई बढी हुन्छ। अर्को कुरा वंशाणुगत पनि हुन सक्छ। धुम्रपान पनि हुन सक्छ। रक्तनलीमा हुने समस्याले पनि हुन्छ। मोटोलाई एक तह बढी हुन्छ।

**कुन-कुन उमेरका मान्छेलाई बढी मुटुरोग लाग्छ ?**

कन्जनाइटल सानै उमेरमा देखिने समस्या हो। जुनसुकै उमेर समूहका व्यक्तिलाई मुटुरोग हुन सक्छ, पछिल्लो समय युवाहरूमा मुटुरोग बढ्दो क्रममा छ। युवामा बढिरहेको समस्या डरलाग्दो अवस्थामा पुगिसकेको छ।

**हृदयघातका लक्ष्यणहरू के-के हुन् ?**

देब्रेपट्टी असहनीय दुखाइको अनुभव हुने, दुखाइ सरेर उफ्रिँदै छाती, घाँटी, कानतर्फ जाने, कहिलेकाहीं घाँटीमै निसासियर बस्ने हुन्छ। यसपछि श्वासप्रश्वाससम्बन्धी समस्या आउन सक्छ। यो दुखाइ सामान्य हिँडाइ र चल्दा पनि बढ्दै जान्छ। मुटुको धड्कन बढ्न सक्छ, खलखल पसिना आउने, आँखा अगाडि अँध्यारो हुने, चक्कर लागेजस्तो हुने, मुटु हल्लने, अनियन्त्रित भएर लड्ने हुन्छ।

**यसबाट बच्नका लागि कस्तो उपाय अपनाउनुपर्छ ?**

रोग लाग्नै नदिनका लागि खानपिनमा ध्यान दिनुपर्छ। बोसो, चिल्लो भएको खाना, सुर्तीजन्य पदार्थबाट टाढा रहने, शारीरिक व्यायाम ३० देखि ४५ मिनेट गर्ने बानी बसाल्नुपर्छ। स्वस्थ्य खाना नै स्वस्थ मुटु बनाउने उपाय हो र यो नै पर्याप्त छ। सुगर, उच्च रक्तचाप, कोलेस्टोर छ भने नियन्त्रण गर्नेतिर लागि हाल्नुपर्छ। वंशाणुगत कुरा मात्र अपरिवर्तनीय हुन्छ।

**हृदयघातका धेरै घटना सुतेको अवस्थामा या बिहानपख हुने गरेको सुनिन्छ ? सुतेको बेलामा र बिहानपख हृदयघात हुनुको कारण के हुन सक्छ ?**

वैज्ञानिक आधार नै छ एकाबिहानै हर्मोन सरजब हुन्छ, त्यति बेला क्याटाग्लोमिको पनि सरजब भएर आउँछ। सरजब भएको बेला मुटुको धड्कन, मुटुको चाप बढ्ने हुन्छ। त्यति खेर नै हृदयघातको पनि सम्भावना बढेर जाने हो। यसका पछाडि लुकेका चुनौतीहरू यिनै हुन्। यो सत्य कुरा नै हो। अचानक सुतेको बेलामा हुने साइलेन्ट हर्टअट्याक भनिन्छ। युवा अवस्थामा हाइपरट्रफिक मायोप्याथी क्याकोलामिन्स हुन्छ। यो भनेको मांशपेसीको समस्या हो। कसैको मांशपेसी एकदमै बाक्लो छ भने रगत निस्कने बाटोलाई सानो गर्दिन्छ। यसले गर्दा मुटुको चाल अनियन्त्रित भएर अचानक अचेतना हुने र लड्ने अकस्मात् मुटुको चाल बन्द हुने हुन्छ। मुटुको समस्याका कारण हुने मृत्यु सबै हर्टअट्याक होइन। मायोकारडाइटिस पनि मुटुको चाल अनियन्त्रत हुन्छ। मुटुको आफ्नै चाल स्वत: अनियन्त्रित आकस्मिक कारण पनि हुन्छन्। आम भाषामा यसलाई हृदयघात भनेर बुझ्ने गरेका हुन्छन्।

**हृदयघातबाट बच्ने उपाय के हुन् र कसरी अपनाउने ?**

खानपान र व्यायाममा ध्यान दिने, जथाभावी चिल्लो, मसलेदार चट्ट परेको देख्दै मुखबाट र्याल बग्ने खानेकुरामा भन्दा स्वस्थ जीवनशैली अपनाएर सादा खानामा ध्यान दिनुपर्छ।

**विभिन्न रोगको उपचारका लागि सेवन गरिने औषधिले पनि मुटुको समस्या निम्त्याउँछ ?**

औषधिले पनि कहिलेकाहीं असर गर्न सक्छ। अरू रोगको उपचार गर्दा पनि समस्या हुन सक्छ यस्तो अवस्थामा वैकल्पिक औषधि दिनुपर्ने हुन्छ। यस्तो अवस्था क्यान्सरको उपचार गर्दा चलाइने औषधिका कारण पनि हुन सक्छ। रोगको लक्ष्यणलाई निगरानीमा राखी उच्च सतर्कता अपनाउनुपर्ने हुन्छ।

**बी एन्ड बी अस्पतालले अत्याधुनिक प्रविधिसहित शुरू गर्न लागेको मुटुको उपचार के-कस्ता उपचार विधिबाट गर्न खोजिएको छ ?**

यसको उत्तर दुई किसिमले दिन्छु। पहिलो हामीले बी एन्ड बीमा कार्डियोलोजीलाई निरन्तररूपमा अपग्रेड गर्दै लगिराखेका छौं। क्रमबद्धरूपमा सुधार गर्दै गएका छौं। यति बेलासम्म आइपुग्दा एनजिओग्राफी र कोरियोग्राफीको व्यवस्था गरिसकेका छौं। अत्याधुनिक मेसिनहरू तपाईंले देखिहाल्नुभयो। अब मुटुरोगीहरूका लागि थप उपचार गर्न अरू अस्पताल जानुपर्ने अवस्था छैन, अब एनजिओग्राफी, एनजिओप्लास्टी, पेसमेकर हाल्नुपर्‍यो। अरू किसिमका कार्डियक डिभाइसेसहरू र सीआरटीहरू सबै अब यहींबाट हुन्छ। त्यति मात्र नभई नवीनतम उपचार विधिहरूलाई पनि अपनाएका छौं। जस्तो कि आईभीसी फिल्टर, क्यान्सर लागेका बिरामीका लागि डिभास्कुराइज गर्ने, इन्बोलाइजेसन गर्ने सेवाहरू शुरू गरिसकेका छौं। यो नवीनतम सेवाहरू हो र यहाँ यसको सेवा २४सै घन्टा लिन सकिन्छ। यतिसम्म कि अस्पतालको एउटै फ्लोरमा सबै उपकरण, ओपीडी, शल्यक्रिया, आईसीयू, सीसीयू, पोस्ट अप्रेटिभ कक्ष, चिकित्सकको आराम कक्ष, प्रतीक्षालय, बिरामीको अवस्थालाई बाहिरैबाट नियाल्न सक्ने गरी सिटी, एमआरआईको व्यवस्था गरिसकेका छौं।

**सरकारी स्तरबाट गंगालाल, मनमोहन कार्डियक र निजी स्तरबाट नर्भिक जस्ता मुटुरोगीको उपचारमा स्थापित अस्पतालहरूसँग प्रतिस्पर्धा गर्न बी एन्ड बीले विशेषरूपमा के-कस्ता तयारी गरी मुटु रोगीहरूलाई आकर्षित र विश्वास जित्ने योजनाहरू बनाउनुभएको छ त?**

बी एन्ड बी सर्वसुलभरूपमा गुणस्तरीय सेवा दिने मूल मन्त्र लिएर अघि बढेको अस्पताल हो। कार्डियोलोजीका लागि पनि हामीले यही लक्ष्य लिएर सेवा प्रदान गर्ने हो। सेवालाई सहज र सर्वसुलभ बनाउने मूल उद्देश्य रहनेछ। यसो गर्दा सेवाकै आधारमा सेवाग्राहीलाई सन्तुष्टी दिने मुख्य आधार हामीले बनाएका छौं। सर्वसुलभ सेवा शुल्कमा बी एन्ड बीमा टपमस्ट कार्डियोलोजिस्टबाट सेवा प्रदान गरिन्छ। गुणस्तरीय सेवा दिने हेतुले नै कार्डियो भास्कुलर सेवा अघि बढाएको हो।

**अन्तमा मुटुरोग तथा यस अस्पतालका बारेमा आम जनमानसलाई केही भन्न बाँकी छ कि ?**

खानपिन, जीवनशैली स्वस्थ हुनुपर्‍यो, धुम्रपान, मदिराबाट आफूलाई टाढै राखौं, सुगर र प्रेसरलाई कन्ट्रोलमा राखौं, हृदयघातको संकेत देखा परेमा चाँडोभन्दा चाँडो नजिकैको अस्पतालमा गएर उपचार लिउँ। अब बी एन्ड बीमा पनि मुटुरोगको उपचारका लागि अत्याधुनिक प्रविधिबाट २४ घन्टे सेवा शुरू भइसकेकाले ललितपुरबासी मात्र नभई यस रोगसँग सम्बन्धित सबैले निश्चिन्त भई हामीसँग भएका दक्ष चिकित्सकहरूबाट सेवा लिन सकिने भएकाले ढुक्क हुन अनुरोध गर्दछौं।



तस्विरहरू : अनिल आङदाम्बे

> रोग लाग्नै नदिनका लागि खानपिनमा ध्यान दिनुपर्छ। बोसो, चिल्लो भएको खाना, सुर्तीजन्य पदार्थ टाढा रहने, शारीरिक व्यायाम ३० देखि ४५ मिनेट गर्ने बानी बसाल्नुपर्छ। स्वस्थ्य खाना नै स्वस्थ मुटु बनाउने उपाय हो र यो नै पर्याप्त छ। सुगर, उच्च रक्तचाप, कोलेस्टोर छ भने नियन्त्रण गर्नेतिर लागिहाल्नुपर्छ। वंशाणुगत कुरा मात्र अपरिवर्तनीय हुन्छ।

> पहिला-पहिला मुटुरोग भनेको विलासिताको रोग र यो गन्यमान्यलाई मात्र हुने रोग हो भनिन्थ्यो। तर, अहिले त्यस्तो देखिन्न।



## बधाई

विश्वकप फुटबलमा विजयी भएपछि फ्रान्सलाई बधाई दिँदै कोरियोग्राफर तथा नायिका पवित्रा आचार्यले फेसबुकमा शेयर गरेको तस्वीर।

PAGE3

## प्रधानमन्त्री सेल्फी

अभिनेतृ गौरी मल्ल टेलिसिरियल सिंहदरबारको सुटिङको क्रममा सेल्फी खिच्दै। उनी यो सिरियलमा महिला प्रधानमन्त्रीका रूपमा छिन्।



# फेरि फिल्मी भिडन्तको बाढी

रश्मी थापा

केही सातायता फिल्मको व्यापार खस्किएको छ। केही महिनायता प्रदर्शनमा आएका फिल्मले गतिलो व्यापार गर्न सकिरहेका छैनन्। विश्वकप फुटबलको प्रभावका कारण पनि फिल्महरुले आशा गरेअनुरूपको व्यापार नगरेको बेला हप्तैपिच्छे फिल्म रिलिज भने भई नै रहेका छन्। त्यो पनि १/२ फिल्म होइन, २ भन्दा बढी ४-४ फिल्म एकै साता एक-आपसमा भिडिरहेका छन्। यसरी हेर्दा लाग्छ फेरि पनि बजारमा फिल्मी भिडन्तको बाढी पसेको छ।

गत शुक्रबार एकैसाथ ४ फिल्म रिलिजमा आए। मिलन चाम्स निर्मित तथा निर्देशित *बोबी*सहित बाबुकान्छा, वीराङ्गना र *पागल छ यो मन* एक एकसाथ प्रदर्शनमा आए। अर्ग्यानिक लभ स्टोरीमा बनेको भनिएको फिल्म *बोबी*मा उमेश थापा र कविता गुरुङको मुख्य भूमिका थियो। उनीहरुकै रियल लभ स्टोरीमा बनेको फिल्ममा उमेश र कविता रिल जोडी मात्र होइनन् रियल जोडी पनि हुन्। फिल्म उनीहरुकै जीवनका विभिन्न घटनाले घेरिएको छ। फिल्ममा उनीहरुको साथमा विजय लामा, रुवि राणा शाह, देशभक्त खनाल, रश्मी भट्ट, शूरवीर पण्डित, रवि गिरी, शिशिर राणा, बादल भट्ट पूर्णिमा लामा, एलिसा थापालगायतको अभिनय रहेको छ। फिल्मले मल्टिप्लेक्समा राम्रो व्यापार गरिरहेको छ।

त्यसै गरी शोभित बस्नतेको कथा, निर्माण तथा निर्देशनमा तयार भएको फिल्म *बाबुकान्छा*को व्यापार सन्तोषजनक देखियो। पारिवारिक कथामा बनेको फिल्ममा सलोन बस्नेत र करिश्मा श्रेष्ठको मुख्य भूमिका रहेको छ। सलोन सलिना फिल्म्स्को ब्यानरम बनेको फिल्मका अन्य कलाकारमा सरोज खनाल, नीर शाह, सम्राट सापकोटा, ऋतिक शाही, राजाराम पौडेल, लय संग्रौंला सुशान्तकुमार श्रेष्ठलगायतको अभिनय रहेको छ। राजबहादुर सानेको निर्देशन रहेको अर्को फिल्म *वीराङ्गना*ले पनि सामान्य व्यापार गरेको छ। एक्सन नजराको नारी प्रधान फिल्ममा शिल्पा पोखरेल, अनुपविक्रम शाही र पृथ्वीराज प्रसाईंको प्रमुख भूमिका रहेको छ।

कल्याण अधिकारीद्वारा निर्देशित प्रेम कथामा आधारित फिल्म *यो पागल मन* हलमा खासै जन्म सकेन। फिल्ममा विनोद न्यौपाने र ऋचासिंह ठकुरीसहित गौरी मल्ल, राजेश ढुंगाना, मनीष भण्डारी, विशाल श्रेष्ठ, एनी कुँवरलगायतका कलाकारको अभिनय रहेको छ।

अघिल्लो शुक्रबार एकसाथ ४ फिल्म आएको सिने बजारमा यो साता पनि राम्रै भिडन्त हुँदै छ। यो शुक्रबार पनि *भैंरे*, *चक्कर*, *पण्डित बाजेको लौरी* जस्ता फिल्म रिलिजमा आउने भएका छन्।

एभरेस्ट सूर्य बोहोराद्वारा लिखित तथा निर्देशित फिल्म *भैंरे*मा दयाहाङ राई मुख्य भूमिकामा छन् भने उनका साथमा सुरक्षा पन्त, वर्षा शिवाकोटी, सुनील थापा, बुद्धि तामाङ, जयनन्द लामा, सविता गुरुङ, जाह्नवी बोहरा, अनुभव रेग्मी, अर्जुन गुरुङ, लेखबहादुर पुन, समेश श्रेष्ठ, सयाहाङ राई, कञ्चन ठकुरी, शूरवीर पण्डितलगायतले अभिनय गरेका छन्।

अनुश्का रौनियरको निर्देशन र सम्पादन तथा *डाइङ क्यान्डल*का सिनेमाटोग्राफर रविन आचार्यको निर्माण तथा छायांकन रहेको फिल्म *चक्कर* शुक्रबार नै रिलिज हुँदै छ। अभोनराज उप्रेती, अर्पण थापा, सिर्जना सुब्बा, ऋचा शर्मा, भोलाराज सापकोटा, स्मृति पोखरेललगायतको अभिनय रहेको छ। दीपक ओलीको निर्देशनमा बनेको अर्को फिल्म *पण्डित बाजेको लौरी*को रिलिज पनि शुक्रबारै रहेको छ। विजय बराल र सन्ध्या केसी वादी र बदिनीको भूमिकामा रहेको फिल्ममा भोलाराज सापकोटा, प्रवीण खतिवडा, विजय बराल, प्रमोद अग्रहरि, मरिष्का पोखेल, सन्ध्या केसी, लोकेन्द्र विक, विशाल पहारी, कुलदीप अधिकारीलगायतले अभिनय गरेका छन्।

यसरी एकै साता २ भन्दा बढी फिल्म रिलिज हुँदा सम्बन्धित फिल्मका निर्माताहरु मारमा पर्ने गरेका छन्। २ भन्दा बढी फिल्म रिलिज हुँदा सबै फिल्मले यथेस्ट हल नपाउने र दर्शक बाँडिने हुँदा फिल्मको कमाइमै असर पर्ने गरेको छ।







# शान्ताको भिडियो रिलेसनमाथि



गायिका शान्ता जीसीको नयाँ गीत *तिम्रो वचनले* म्युजिक भिडियोसहित सार्वजनिक भएको छ। बुटवलको बागेश्वरी संगीत विद्यालयमा ७ वर्ष संगीतको प्रशिक्षण लिएर संगीतमा पाइला चालेकी शान्ताको यस गीतको म्युजिक भिडियोमा मोडल दिक्पाल कार्की, सम्पदा बानिया र बालकलाकार आयुशी लुइँटेलले अभिनय गरेका छन्।

गीतमा सन्तोष श्रेष्ठको संगीत र गायिका स्वयंको शब्द रहेको छ। संगीत संयोजन सुदीप सागरको रहेको छ। भिडियोलाई आर्टिस्ट नेपाल स्टुडियोस एन्ड प्रोडक्सनको ब्यानरमा निर्देशक नव ढुंगेलले निर्देशन गरेका छन्। परिवारबाट टाढा रहेर साथ सहयोगको आशाका साथ रिलेसनसिपमा बस्ने जमातमा देखा पर्ने समस्याको एउटा रूपलाई भिडियोमा देखाइएको छ। भिडियोलाई अमृत सुनुवारले छाँयांकन गरेका छन् भने माधव बेल्बासेले सम्पादन गरेका छन्। गायिका शान्ताका यसअघि *वाचा, तीज गीत टोकियोमा किनेको साडी, बरिलै*लगायतका गीत भिडियोसहित सार्वजनिक भइसकेका छन्।

"कृषि, व्यापार र पर्यटन : हाम्रो सहरको अभियान"
नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
प्रदेश नं. ३, नेपाल
पत्र संख्या : ०७४/७५
चलानी नं. : २६६८
मिति : [illegible]

प्रेस नोट

यस नमोबुद्ध नगर सभाको प्रथम नगर सभाले पारित गरेको आर्थिक ऐन २०७४ बमोजिम ईंटाभट्टाबाट असुली गर्नुपर्ने राजश्व असुलीका लागि प्रदान गरिएको प्रमाणपत्र लाई लिएर केही व्यवसायी तथा सरोकारवालाहरुले सामाजिक सञ्जालमा अतिरञ्जित ढंगले प्रचारप्रसार गरेकोमा यस नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ। प्रमाण पत्रको पछिल्लिर नविकरण मान्य अवधि आ.व. २०७४/०७५ सम्म मात्र भएकोले नविकरण भएको भ्रममा नपर्न सम्बद्ध सबैमा जानकारी गराइन्छ। साथै नगरपालिकाको घोषित नीति बमोजिम आ.व. २०७५/०७६ बाट कुनै पनि प्रकारको ईंटा भट्टाको दर्ता, नविकरण तथा कर असुली समेत नहुने व्यहोरा स्पष्ट पार्न चाहान्छौं।

टंक प्रसाद शर्मा
नगर प्रमुख
नमोबुद्ध नगरपालिका

"कृषि, व्यापार र पर्यटन : हाम्रो सहरको अभियान"
नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
प्रदेश नं. ३, नेपाल
पत्र संख्या : ०७४/७५
चलानी नं. : २६६८
मिति : [illegible]

सूचना। सूचना ॥ सूचना

विषय: ईंटाभट्टा नवीकरण तथा सञ्चालन सम्बन्धमा

यस नगरपालिका क्षेत्रमा संचालित ईंटा भट्टाहरुको विषयमा उद्योग वाणीज्य तथा आपुर्ति मन्त्रालयको मिति २०७५।०२।२० को प्राप्त पत्रबाट वातावरणीय मापदण्ड पुरा नगरेका इटा उद्योगहरुको नवीकरण नगर्न भनि लेखि आएको र हाल संचालनमा रहेका ईंटाभट्टाहरुको मिति २०७४।१२।१२ मा वातावरण विभागबाट गरिएको अनुगमनबाट वातावरण सम्बन्धी पालना गर्नुपर्ने मापदण्डहरु कुनैपनि ईंटाभट्टाहरुले पुरा गरेको नपाइएकोले आगामी आ.व. २०७५/७६ बाट उक्त ईंटाभट्टाहरुको नवीकरण नगर्ने व्यहोरा जानकारी गराइन्छ। साथै सो क्षेत्रहरुमा यस नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम भु-उपयोग नीति तयार गरी कार्यान्वयन गर्ने व्यहोरा समेत जानकारी गराइन्छ।

पुनश्च: मिति २०७४/१२/१३ गतेको पत्र, विभिन्न संचार माध्यमबाट प्रसारण भएको सूचना, नगरपालिकाको आधिकारीक वेबसाइट तथा फेसबुक पेज, नगरकार्यपालिकाको विभिन्न निर्णयहरुलाई अटेर गरी पेश्की वितरण तथा उद्योग संचालन गराएमा व्यवसायी स्वयम् जवाफदेही हुने व्यहोरा जानकारी गराइन्छ। आ.व. २०७४/०७५ मा उल्लेख प्रदुषण कर संकलन गरेता पनि आ.व. २०७५/०७६ मा उद्योग संचालन नगर्नु हुन समेत जानकारी गराइन्छ।

कामना
GAIJATRA
35Th EDITION
ENTERTAINING NEPALESE SINCE 1984

आयो है गाईजात्रे तन्त्र
पठाउनुहोस् तपाईंको व्यंग्य र कार्टुन मन्त्र

आयो हजुर आयो फेरि गाईजात्रे तन्त्र
आ-आफ्नो तालमा नाच्ने मनपरी मन्त्र।
सडक पूरै जाम पर्दैमा थोरै पानी
जति बजेट आए'नि असारमै काम गर्नुपर्ने?
मेलम्ची र सडक विस्तारको बहानामा खाल्डै खाल्डो भयो शहर
चल्ला नचल्ला पानीजहाज र रेल, वर्षाको पानी जम्दा जनता डुब कि मर।
देशैभरि अशान्ति छ, गर्नेलाई अझै छ उस्तै मस्ती
जनतालाई भने बहुमतको सरकार आउँदासम्म सधैं उस्तै सास्ती।
दोषीचाहिं छाती फुलाएर हिंड्ने निर्दोषलाई जेल
पिटेजस्तो गर्दै रोएजस्तो गर्ने कस्तो अनौठो खेल।
अराजकता र बेथितिले बाँध सबै फुट्यो
महँगीको ओखलमा जनता कुट्नु कुटियो।
भूकम्प र पहिरोको पीडा भोग्नेलाई अझै छ सास्तीमाथि सास्ती
डाडु बोक्ने र ठालु राहत र पुनर्निर्माणकै नाममा गर्दै छन् उस्तै मस्ती।
दिनका दिन नारा लाउँदा बसिसक्यो गलो
संसद् झनै भयो जनतालाई झुक्याइरहने थलो।
पेटभरि खाना छैन, खाली खुट्टे यात्रा
हेर जनता नेतागणको हाँडी गाउँले जात्रा।
भान्छा भान्छामा ग्यास पुऱ्याइदिने वचन पूरा गरिदियो भक्तपुरको वर्षाले
नेताले भाषण दिइरहने, जनताले पत्याइरहने, जनता लट्ठिरहे यस्तै नशाले।
बाँदरको हातमा नरिवलजस्तो भयो देशकै गति, सुध्रिएनन् नेता र मन्त्रीका मति।
विसंगति विकृतिको खोली हालौं पोको
गाईजात्रे कामनाको ३५ वर्षदेखिको यही हो धोको।

व्यंग्य लेखक, कार्टुनिस्ट घुँडा धसी बस
जनतामारा फटाहालाई जति सक्छौ घोच।
छोटो मीठो व्यंग्य लेख लेखौं सटिक व्यंग्यचित्र
यही साउन २१ म्याद यसको, पठाऊँ यहीभित्र।

हरेक साल उत्कृष्ट छ, परारभन्दा पोहोर
बांगाटिंगा स्रष्टाले पाउलान् धेरै थोरै मोहोर।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
पो. ब. नं. २०४५
ईमेल : merokamana@gmail.com, kamana2041@yahoo.com

# विचार

जुन राज्यमा विवेकवान् एवम् दृढ व्यक्ति हुन्छन्, त्यस्ताको सम्मान गर्नु राज्यको कर्तव्य हो।
- राजा जनक

जसले आफ्नो लाजलाई बचाउँदैन, त्यसको लाज अरुले चाहेर पनि बचाउन सक्दैन।
- सरदार पटेल

## सम्पादकीय

नेपाल समाचारपत्र

## सरकारको लोकतान्त्रिक निष्ठामाथि प्रश्न

**लोकतान्त्रिक प्रक्रियाबाट निर्वाचित केपी शर्मा ओली नेतृत्वको सरकारको लोकतान्त्रिक निष्ठाप्रति अहिले सबैतिरबाट प्रश्न उठ्न थालेक छ । संघीय लोकतान्त्रिक मुलुकका नागरिकको मौलिक हक र अधिकारप्रति सरकारी रवैया अधिनायकवादी शासन व्यवस्थाका शासकहरूको भन्दा भिन्न हुन नसकेको महसुस गरिँदै छ । सार्वभौम सम्पन्न नेपाली जनताको नैसर्गिक मानवअधिकार स्वतन्त्रताप्रति सरकार क्रमशः शंकुचित हुन थालेको आभास हुन थालेको छ । पछिल्लो समयमा निषेधित क्षेत्र तोक्ने, चिकित्सा शिक्षा सुधारको माग राख्दै अनशन बस्न जुम्ला पुगेका डा. गोविन्द केसीलाई पक्राउ गर्ने, संस्कृत विश्वविद्यालयका उपकुलपतिलाई विमानस्थलबाट प्रहरी लगाएर फर्काउने, अस्पतालमा कार्यरत डाक्टरलाई गृह मन्त्रालयमा लगेर धम्क्याउनेलगायतका गतिविधि गर्न थालेपछि लोकतन्त्रप्रति सरकारको निष्ठामा प्रश्नचिह्न खडा भएको हो ।**

**नेपालका अधिकांश दलको इतिहास केलाउने हो भने, यी प्रजातान्त्रिक प्रक्रियामा अभ्यस्त भइसकेका छन् । तर पनि अहिलेको सरकारमा लोकतान्त्रिक आचरण देखिएको छैन । अहिलेको सरकारले आफूलाई दुई तिहाइ समर्थन छँदै छ, पाँच वर्ष टिकिहाल्छ भन्ने दम्भको आधारमा कार्य गरी पूर्ववर्ती सरकारका निर्णयसमेत उल्ट्याउने गर्दै आएको छ। यसले सरकार अधिनायकको बाटोतिर अग्रसर भइरहेको त होइन भन्ने पनि प्रश्न खडा भएको छ । सरकारका पछिल्ला निर्णय र सोचले लोकतान्त्रिक अभ्यासलाई नियन्त्रणमा राख्न र संकुचित बनाउन खोजेको सर्वसाधारणले महसुस गर्दै आएका छन् । शान्तिपूर्ण प्रदर्शन र आन्दोलनलाई नियन्त्रण गर्ने अनि प्राज्ञ व्यक्तिहरूको मानमर्दन गर्ने कार्यमा सरकार उद्यत् रहेको प्रतीत भइरहेको छ ।**

**चिकित्सा शिक्षा सुधारको माग राख्दै डा. गोविन्द केसी १५ औं अनशनमा छन् । चिकित्सा शिक्षा सेवामा सर्वसाधारणको पहुँच र मोफसलमा पनि चिकित्सा शिक्षा पढ्न पाउनुपर्ने डा. केसीका माग जनमुखी छन् । आफूलाई प्रगतिशील र समाजवादी शासन ल्याउन चाहेको भन्ने वामपन्थीहरूले उठाउनुपर्ने माग डा. केसीले उठाइरहँदा उहाँप्रति क्षोभ, घृणा फैलाउने कार्य अहिलेको सरकारबाट भइरहेको छ । सरकारले मागप्रति संवेदनशीलताको साटो दम्भ, होच्याउने भाषा प्रयोग गरिरहेको छ ।**

**यस्तो अवस्थामा कांग्रेसले रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्ने हो । तर पनि कांग्रेस सुस्तरी एजेन्डाविहीन, विचारविहीन हुँदै गएको छ । कांग्रेसमा पनि सरकारभन्दा भिन्न र लोकतान्त्रिक खालको भिजन, कार्यक्रम छैन । कांग्रेससँग प्रतिपक्षले उठाउनुपर्ने एजेन्डा, विषय हुँदो हो त कांग्रेस यति कमजोर, निरीह र क्षीण देखिने नै थिएन । यस्तो अवस्थामा लोकतान्त्रिक मूल्य र मान्यताको लागि नागरिक समाजले भूमिका निर्वाह गर्नुपर्ने दिन आएको छ । सचेत नागरिक, प्राज्ञहरूले सरकारको अलोकतान्त्रिक गतिविधिलाई लिएर प्रश्न उठाउनुपर्ने, खबरदारी गर्नुपर्ने दिन आएको छ । यस्तो गर्न जति ढिलाइ हुनेछ, सरकारको दम्भ त्यति नै बढ्दै जाने निश्चित छ ।**

# राष्ट्रिय समावेशी आयोगको हैसियत



खिमलाल देवकोटा

नयाँ संविधानमा आयोगहरूको संख्या थपिएको छ। एकथरी आयोगहरू विगतमा रहेका आयोगहरूकै निरन्तरतामा छन् भने अर्को थरी आयोगहरू अन्य आयोगका रूपमा संविधानमा व्यवस्था गरिएका छन्। अन्य आयोगहरूमध्ये पनि केही आयोगहरूको संरचना, काम, कर्तव्य, अधिकार सबै संविधानमा नै व्यवस्था गरिएको छ भने केही आयोगहरूको काम, कर्तव्य र अधिकारबारे कानुनबमोजिम हुने गरी व्यवस्था गरिएको छ। यसरी तीन प्रकृतिका आयोगहरूमध्ये राष्ट्रिय समावेशीकरण आयोगको काम, कर्तव्य संविधानमा तोकिएको तर अन्य आयोगको क्याटागोरीमा राखिएकोले मध्यम खालको आयोगमा पर्दछ। यसै आयोगको औचित्य र आवश्यकताका बारेमा चर्चा गर्ने यो आलेखको ध्येय रहेको छ।

संविधानको भाग २७ मा अन्य आयोगको शीर्षकअन्तर्गत समावशी आयोगको गठन, काम, कर्तव्य र अधिकार तथा प्रदेशसम्बन्धी व्यवस्था गरी जम्मा ३ वटा धाराहरू (२५८-२६०) मा समेटिएको छ। संविधानबमोजिम बनेको ऐनको प्रस्तावनामा 'खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक, किसान, अल्पसङ्ख्यक, सीमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र कर्णाली, पिछडिएको क्षेत्र तथा आर्थिकरूपले विपन्न वर्गलगायतका समुदायको हक, अधिकारको संरक्षण र संवर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरण गर्नको लागि राष्ट्रिय समावेशी आयोगको सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले' भन्ने व्यवस्था गरिएको छ। यी आयोगहरूमा पनि गठन प्रक्रियामै अध्यक्षको मात्र शैक्षिक योग्यता तोकिएको (धारा २५८ (६) (ख)), अन्य आयोगको शीर्षकअन्तर्गत राखिएको र १० वर्षपछि पुनरवलोकन (धारा २६५) गर्ने व्यवस्था गरी अस्थायी प्रकृतिको बनाइएको जस्ता कारणले प्रभावकारिताको दृष्टिले पनि आयोग कमजोर हुने सम्भावनाप्रति पश्नहरू उठाइएका छन्।

> राष्ट्रिय मानव अधिकारको जस्तो काम, कर्तव्य, अधिकार आदिवासी जनजाति आयोग तथा समावेशी आयोगहरूलाई संविधानमा किटान गरिएको छैन। अर्कोतर्फ यसको अर्धन्यायिक निकायको उजुरी सुन्ने, अदालतसरह कार्यविधि अपनाई क्षेत्राधिकार दिइएको छैन। कार्यक्षेत्र पनि विस्तृत छैन र गम्भीर विषयमा राष्ट्रिय अनुसन्धान गर्न सक्ने जिम्मेवारीको विषयमा मौन छ।

**आयोगको क्षेत्रधिकार** : आदिवासी जनजाति आयोगलगायत कैयौं आयोगहरूको काम, कर्तव्य र अधिकार संविधानमा उल्लेख नगरिएको भए पनि समावेशी आयोगको काम, कर्तव्य र अधिकार भने तोकिएको छ। तर आयोग संवैधानिक भनिए पनि कामको प्रकृति भने तोकिएको क्षेत्रमा अध्ययन-अनुसन्धान गर्ने, सुधारका लागि नेपाल सरकारलाई सुझाव दिने, विभिन्न क्षेत्रमा प्रतनिधित्वको लागि गरिएको विशेष व्यवस्थाको पुनरवलोकन गर्न नेपाल सरकारलाई सुझाव दिने तथा भविष्यमा अवलम्बन गर्नुपर्ने नीतिको सम्बन्धमा नेपाल सरकारसमक्ष सिफारिस गर्नेजस्ता सिफारिसजन्य प्रकृतिका कामहरू मात्रै छन्।

**प्रदेशसँगको सम्बन्ध** : प्रदेशहरूको आयोग गठनमा आतुरता देखिएको सन्दर्भमा सम्बन्धित अयोगको प्रदेश वा स्थानीय तहसम्बन्धी व्यवस्था र प्रदेश वा स्थानीय तहमा यी आयोगहरूले कसरी काम गर्न सक्छन् कि सक्दैनन् भन्ने बारेमा संविधान र कानुनमा प्रस्ट व्यवस्था छैन।

राष्ट्रिय समावेशी आयोगको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा हुने र आवश्यकताअनुसार प्रदेशमा आफ्नो कार्यालय स्थापना गर्न सक्ने व्यवस्था सम्बन्धित ऐनमा गरिएको छ। यस हिसाबले प्रादेशिक आयोग गठनको परिकल्पना गरेका छैनन्। केवल केन्द्रीय/संघीय संरचनाअन्तर्गत आयोगको प्रदेशस्तरमा मात्र शाखा सञ्चालनसम्म गर्न सक्ने देखिन्छ। स्थानीयस्तरमा कोसँग र कसरी समन्वय गर्ने ? प्रदेशस्तरको आयोगबाट स्थानीयस्तरसम्म सबै विषय हेर्न सकिने वा नसकिने बारेमा संविधान र कानुन दुवै मौन छन्। सुविधा र सन्तुलनका सिद्धान्तका हिसाबले केन्द्रमा बनेको आयोगले तीनै तहमा आवश्यक समन्वय गर्नु नै उपयुक्त देखिन्छ। सरकारका तीनै तहमा क्षेत्राधिकार विस्तार हुने गरी राष्ट्रिय सावेशीकरण आयोगले काम गर्नेछ भन्ने अनुमान गर्नु नै यति बेलाको सही विचार हुनेछ।

**सरोकारवालाहरूका सरोकारहरू** : संघीय मुलुकमा एकात्मक प्रकृतिको आयोग भन्ने र प्रदेशहरूले आफ्नो क्षेत्राधिकार मिचेकोले आपत्ति जनाउनेजस्ता विषय त विदितै छन्। यसका अलावा सम्बन्धित सरकोकारवालाहरूले उठाउने सरकोकारहरूका बारेमा पनि पूर्वानुमान गर्न सकिन्छ। सर्वप्रथम आयोग छिटो गठन होस् भन्ने नै सरकोकारवालाहरूको पहिलो सरोकार हुनेछ। सरकारले चाँडो आयोग गठन गरेर यो सरोकार सम्बोधन गर्ने अपेक्षा गर्न सकिन्छ। यसपछि मुद्दाहरूको विषय भने जटिल छन्। आयोगको संरचना केन्द्रीकृत ढाँचाको हुने आयोगले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत सरकारसँग सम्पर्क राख्नेछ भन्ने व्यवस्थाले थुप्रै अन्योल र समस्याहरूको उजागर गर्नेछ। यो व्यवस्थाले प्रदेशको हकमा आयोगको प्रभावकारिता न्यून हुनेछ। आयोगका पदाधिकारीहरूको चयनमा सरकारले संविधान र प्रचलित कानुनअनुसार अर्थपूर्ण प्रतिनिधित्व रहने गरी सम्बन्धित सरोकारवालाहरूको विश्वासमा तथा अहिले चल्तीमा रहेका अन्तराष्ट्रिय मापदण्डका आधारमा होस् भन्ने सरकोकार पनि सम्बोधन गर्न जरुरी छ। आयोगका पदाधिकारीहरूको चयन पारदर्शी र प्रतिस्पर्धाका आधारमा खुलारूपमा गर्न सके सरकारलाई विश्वासको बल पनि प्राप्त हुने र काममा सहयोग पुग्नका साथै संविधानको धारा ४२ तथा ५१ (ञ) (८) समेत पालना भई आदिवासीहरूको स्वामित्व र सहभागिताको अवस्था सृजना हुन जान्छ। उक्त सरोकार पूरा हुने/नहुने विषय बहुप्रतीक्षित छ। शंका र विश्वास दुवै नजरले सरकोकारवालाहरूले प्रतीक्षा गरेका छन्।

त्यसै गरी पिछडिएको क्षेत्र, वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अल्पसंख्यक तथा खस आर्यको अधिकारको विषयमा वकालत गर्दै आएका सरोकारवालाहरूले उक्त विषयहरूलाई एकै डालोमा नराखी अलग-अलग सम्बोधन गर्नुपर्ने, वर्गको हैसियत माथि उठाउन विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने, समानुपातिक वितरण प्रणाली हुनुपर्ने, उनीहरूको सम्मानपूर्वक समावेशीकरण र समन्यायको ग्यारेन्टी हुनुपर्ने जस्ता विषयको निम्ति आवाज उठाउँदै आएकोमा कतिपय विषयहरू सकारात्मक विभेद तथा विशेष प्रवधानहरूमार्फत सम्बोधन गर्ने प्रयास गरिए तापनि ती व्यवस्थाहरू पर्याप्त नभएकोले आयोगमार्फत पूरा हुने आशा गरिएको संवैधानिक हैसियत र यसको कार्यक्षेत्रप्रति अपेक्ष पूरा नभएकोप्रति रोष प्रकट गर्दै कानुन र सोको कार्यान्वयनमार्फत नै भए पनि सम्बोधन गर्न पर्ने भनी अपेक्षा गर्नुको अर्को विकल्प यति बेला छैन।

संवैधानिक हैसियतका हिसाबले कमजोर लाग्ने खालको आयोग भए तापनि यसै आयोगको गठन र सञ्चालन प्रक्रियामार्फत इच्छा भए प्रभावकारी बनाउन सकिन्छ भन्ने पनि सकारात्मक सोचहरू नभएका हैनन्। यही सोचको आधारमा भन्ने हो भने कम्तीमा पनि आयोगको गठन प्रक्रिया तटस्थताका सिद्धान्तको आधारमा भैदियोस्, आयुक्तहरू तथा कर्मचारी नियुक्त गर्दा राजनीतिक भागवण्डा र नातावाद तथा कृपावादको आधारमा नहोस्, सम्बन्धित क्षेत्र समेट्ने खालको योग्यता, क्षमता, व्यावसायिकता र प्रतिबद्धताका आधारमा होस्, आयोगको सबै प्रदेश तथा स्थानीयस्तरमा आफ्नो सञ्जाल होस्, जहाँबाट सबै सेवाग्राहीले नजिकबाट सेवा लिन सकून्। यसको लागि सरकारी तथा गैरसरकारी निकायहरूसँग औपचारिक र अनौचारिकरूपमा बलियो सञ्जालहरूको निर्माण होस्, विषयगत क्षेत्र हेर्नको लागि अलग-अलग विषयगत शाखाहरूको व्यवस्था होस् र सम्बन्धित क्षेत्रको सरकारी तथा गैरसरकारी निकाय र सरोकारवालाहरूसँग आयोगले सक्रियतापूर्वक काम गरोस्, आयोगको स्रोतको लागि राज्यले पर्याप्त लगानी गरोस् र सँगै आवश्यकताअनुसार स्रोत संकलन गर्न सक्ने अधिकार आयोगलाई दिइयोस्। साथै विज्ञहरूको सहयोगमा वा समिति गठन गरेर आयोगले नियम तथा निर्देशिका तत्काल तर्जुमा गर्नुपर्दछ।

**कार्यक्षेत्रको दाहोरोपन न्यूनीकरण जरुरी** : आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारु आयोगलगायतको काम, कर्तव्य, अधिकार हुबहु मिल्ने खालका छन्। त्यस अवस्थामा दोहोरोपनको आशंका हुनु अस्वाभाविक होइन। यसलाई नियमावली बनाएर प्रस्ट पार्न जरुरी छ। संवैधानिक अंगका रूपमा राष्ट्रिय मानव अधिकार आयोग छँदै छ। यद्यपि राष्ट्रिय मानव अधिकारको जस्तो काम, कर्तव्य, अधिकार आदिवासी जनजाति आयोग तथा समावेशी आयोगहरूलाई संविधानमा किटान गरिएको छैन। अर्कोतर्फ यसको अर्धन्यायिक निकायको उजुरी सुन्ने, अदालतसरह कार्यविधि अपनाई क्षेत्राधिकार दिइएको छैन। कार्यक्षेत्र पनि विस्तृत छैन र गम्भीर विषयमा राष्ट्रिय अनुसन्धान गर्न सक्ने जिम्मेवारीको विषयमा मौन छ। अन्य आयोगअन्तर्गतका ६ वटै आयोगहरूमा पनि आदिवासी जनजाति, महिला, अल्पसंख्यक पिछडा वर्ग, क्षेत्र, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र खस आर्यहरू पर्ने भएकोले कसको कार्यक्षेत्र पर्ने भन्ने विषयमा गम्भीर समस्या उत्पन्न हुनेछ, बेलैमा हल गर्न जरुरी छ। क्षेत्राधिकारमा अन्य आयोगहरूसँग दाहोरोपन भएको कुरालाई नियमावली वा अन्य कार्यविधि वा साझा समझदारीपत्र स्पष्ट पार्न सकिन्छ, जो आवश्यक पनि छ। ऐनको दफा ७ ले आयोगले आवश्यकताअनुसार सरकारी निकाय वा सार्वजनिक संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ भन्ने व्यवस्था गरेकोले सोही बमोजिम प्रभावकारी संयन्त्र निर्माण अपरिहार्य देखिन्छ।

प्रदेश र स्थानीयत तहसँगको समन्वयको अभावलाई पूर्ति गर्ने उपायका बारेमा छलफल गर्दा पीडित र जनप्रतिनिधिबीचको सम्बन्धका बारेमा, सम्बन्धित समुदायको प्रतिनिधित्व सहभागिता र स्वामित्वका बारेमा व्यवस्थापन हुन जरुरी छ भने आयोगहरूको क्षेत्राधिकार तथा लक्षित समुदाय अत्यन्तै विस्तृत भएकोले आयोगलाई अति आवश्यक विषयमा कसरी केन्द्रित गरेर कामलाई प्रभावकारी बनाउने भन्ने प्रश्न पनि त्यत्तिकै महत्वपूर्ण छ। हरेक तहमा आयोगको शाखा कार्यालय गठन गर्न सम्भव देखिन्न तर आयोगको सेवा आवश्यकता कसरी पूरा गर्ने भन्ने प्रश्न भने गम्भीर छ। आयोगको प्रादेशिक स्तरमा कार्यालय/शाखा मात्र हुने भएकोले प्रदेश तथा स्थानीय सरकारलाई आयोगप्रति जवाफदेही बनाउने प्रभावकारी संयन्त्र कस्तो र कुन आधारमा तय गर्ने भन्ने पनि बेलैमा सोच्न जरुरी छ। प्रदेशस्तरमा रहेका वा रहन सक्ने संसद्को सम्बन्धित समितिप्रतिको जवाफदेहिता कसरी सुनिश्चित गर्ने भन्ने पनि प्रश्न अनुत्तरित राख्न हुँदैन। संघीय संरचनाअन्तर्गत गठन भएको आयोगको प्रादेशिक वा स्थानीय तहमा गर्ने कामको प्रकृति वा जवाफदेहिताका बीचमा आपसी समन्वय कसरी गर्ने भन्ने बारेमा सोच्न जरुरी छ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि दुवैलाई उत्तिकै महत्व दिएको र संवैधानिक व्यवस्थाका हिसाबले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिको पक्षमा ढल्केको मुलुकको नाताले आधारभूत जनताको मानव अधिकारको संरक्षण र सम्मानको निम्ति राज्यका सबै तहले सम्बन्धित आयोगका शाखाहरूप्रति जवाफदेही बन्ने, नागरिक समाजका अभियानहरूप्रति सकारात्मक बन्ने र आयोगका कामप्रति पूर्ण जवाफदेही बन्ने कुरा अहं महत्वको विषय हो। आयोगका प्रतिवेदनहरूमा छलफल गर्ने, पीडितलाई न्याय दिने र पीडकलाई कारबाही गर्न कानुनबमोजिका सबै प्रयत्नहरू इमानदारीपूर्वक अगाडि बढाउनको लागि आवश्यक संयन्त्रको विकास गर्न पनि त्यत्तिकै आवश्यक छ।

अन्त्यमा समन्वयकारी संयन्त्रको विकासमार्फत समन्वय र अनुगमन गर्ने प्रक्रियाको थालनी गर्दै प्रदेश र स्थानीय तहसँगको समन्वयलाई अझै प्रभावकारी बनाउन सके संविधानमा परिकल्पना गरिएको राष्ट्रिय समावेशीकरण आयोगको आवश्यकता र औचित्य दुवै पुष्टि हुनेछ। तर यसो हुन नसकेको खण्डमा भने पुनरवलोकन गर्ने दशबर्से व्यवस्था आकर्षित हुने खतरा त्यत्तिकै छ। गठन नहुँदै, लागू नहुँदै र काम नगर्दै पुनरवलोकनको माध्यमबाट हट्ने सम्भावना भएको आयोग भन्नुपर्ने अप्रिय अवस्थाको सिर्जना नहोस्।

*(लेखक देवकोटा वरिष्ठ अधिवक्ता तथा पूर्व संविधानसभाका सदस्य हुनुहुन्छ।)*

## पाठक पत्र

### गुनासो पोख्ने सार्वजनिक सुनुवाइ खोई ?

देशैभरका स्थानीय निकायले गरेको कामको विषयलाई लिएर आर्थिक वर्षको समाप्तिमा आई टिका-टिप्पणी शुरु भएका छन्। स्थानीय तहमा रहेका कर्मचारीको काम कारबाहीभन्दा पनि जनप्रतिनिधिले गरेको कामको विषयमा सर्वसाधारणको तहमा टिका-टिप्पणी शुरु भएको हो। नगरपालिकाले गरेका विकास निर्माणका कामदेखि कार्यालय सञ्चालनका लागि लिइएका निर्णयहरूमा समेत प्रश्नचिह्न उठाइएको छ। नगरका कामका विषयमा एकातर्फ प्रतिपक्षजस्तै बनेर बसेको नेपाली कांग्रेसले चर्को आवाज उठाइरहेको छ भने अर्कोतर्फ सर्वसाधारणमा पनि लहै-लहैको स्वर बढ्दै गएको छ।

लामो समय जनप्रतिनिधिविहीन बनेका स्थानीय तहमा निर्वाचित भएर आएका जनप्रतिनिधिको काम गर्ने तौरतरिका नमिल्नु र सर्वसधारणका असीमित आकांक्षा हुनुका कारण पनि स्थानीय सरकार सञ्चालनबाट स्थानीय बेखुशीजस्तै बन्दै गैरहेका छन्। अर्कोतर्फ तल्लो तहको सरकारको रूपमा रहेका स्थानीय तहले सेवा-सुविधाको प्रत्याभूतिको लागि राजस्वलगायतका विषयमा लिएका निर्णयमा असन्तुष्ट बनेका सर्वसाधारण उनीहरूको कामको शैलीप्रति आक्रोशित छन्।

सरकार सञ्चालनमा समस्या देखा पर्नु ठूलो कुरा होइन। समस्याको समाधान के हो भनेर समाधानको खोजी गर्नु आवश्यक कुरा हो। जब सर्वसाधारणमा स्थानीय सरकारका कामप्रति असन्तुष्टि आउँछन् त्यसको समाधानको बाटो भनेको स्थानीय सरकारले उनीहरूको गुनासो प्रत्यक्षरूपमा सुन्नु हो। तर केही स्थानीय तहले सर्वसाधारणले प्रत्यक्षरूपमा आफ्नो गुनासो र दुखेसो पोख्न पाउने मौका प्रदान गरेका छैनन्।

दुर्गम मानिएका केही स्थानीय तहले जनताको गुनासो सुन्ने र आफ्नो भावी रणनीति तय गर्नका लागि सर्वसाधारणको तहमा सार्वजनिक सुनुवाइ कार्यक्रम गरेको भए पनि वर्षमा एकपटक पनि सार्वजनिक सुनुवाइ नगर्ने पनि देखिएका छन्। हरेक तीन-तीन महिनामा सार्वजनिक सुनुवाइ गर्नुपर्ने प्रावधान भए पनि नगरपालिकाले एउटा पनि सुनुवाइ नगरेको गुनासो आउन थालेको छ। सूचनाको हकसम्बन्धी ऐनले सार्वजनिक संस्था, राजनीतिक दल र गैरसरकारी संस्थाले खर्च, काम र बजेट सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ।

ऐनले व्यवस्था गरेअनुसार अब स्थानीय तहले आफ्नो काम, खर्च र बजेटको विषयमा सर्वसाधारणको तहमा जानकारी गराउनका लागि सार्वजनिक सुनुवाइ गर्नु आवश्यक छ। यदि यी स्थानीय तहले सार्वजनिक सुनुवाइ ऐनको व्यवस्थाबमोजिम हरेक तीन-तीन महिनामा गरेको भए आर्थिक वर्षको अन्त्यमा आएर टिका-टिप्पणीको सामना गर्नुपर्ने अवस्था आउने थिएन। सार्वजनिक पदधारण गरेर सार्वजनिक निकायमा रहेका हरेक व्यक्तिले कानुनले व्यवस्था गरेको विधिमा रहेर काम गर्न आवश्यक छ। कानुनभन्दा माथि उठेर कोही कसैले कानुनको धज्जी उडाउँछ भने त्यसलाई जनताको तहबाट कारबाहीका लागि आवाज उठ्नु स्वाभाविक हो। स्थानीय सरकारको पहिलो वर्षगाँठमा नै अनेकौं खालका प्रश्न उठ्ने कामहरू हुनु राम्रो होइन। त्यसैले विधि र विधानले व्यवस्था गरेबमोजिम स्थानीय सरकार सञ्चालनमा ध्यान दिऔं।

*- सुरज शर्मा, बाग्लुङ, हाल : कीर्तिपुर।*

### कृषि र पशुपालनलाई महत्व देऊ


मानिसको जीवनमा आवश्यक पर्ने पौष्टिक आहारसँगै आर्थिक अर्थोपार्जनको महत्वपूर्ण स्रोतका रूपमा कृषि र पशुलाई लिने गरिन्छ। कृषिक्षेत्रमा आधुनिकीकरणका लागि ठूलो बहस चलेको हाम्रो मुलुकमा अहिले स्थानीय सरकारले पनि कृषि र पशुपालनलाई महत्वका साथ अगाडि बढाएका छन्। यसै सन्दर्भलाई अब स्थानीय सरकारले स्पष्ट नीति निर्माण गरेर स्थानीयस्तरमै रोजगारी सृजना गर्ने वातावरणको तयारी गर्नुपर्ने देखिएको छ।

यसअघि कृषिको क्षेत्रमा आउने र खर्च हुने रकमहरूको बारेमा चर्चा-परिचर्चा सकारात्मक वा नकारात्मक दुवै क्षेत्रमा भएको देखिन्छ। सकारात्मक कुराहरूलाई प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने देखिएको छ भने नकारात्मक कुराहरूलाई बिस्तारै घटाउँदै जानुपर्ने अहिलेको आवश्यकता हो।

विशेष गरेर कृषि र पशुसेवाको बारेमा बेला-बेलामा फरक-फरक बहस र पैरवीहरू हुने गरेका देखिन्छन्। सिजनअनुसारका कामहरू गर्दै गर्दा पशुपक्षीहरूमा देखिने भयावह रोगहरूले मानवजीवनलाई समेत समस्यामा पारेको हुन्छ। कहिलेकाँही हुने पशुपक्षीका समस्याहरूका बारेमा खरिद गरेर ल्याउने निकायहरूले समेत सचेतना अपनाउनुपर्ने देखिएको छ। पशुपक्षी पालन गरेका निकायहरूले समेत त्यसको सुरक्षाका बारेमा समयमै ख्याल गर्नुपर्ने देखिन्छ। जबसम्म यस्ता कुराहरूलाई दुबै निकायहरूले गम्भीररूपमा छलफल र बहस गर्दैनन् तबसम्म यस्ता समस्याको दिगो समाधान नहुने देखिन्छ।

*- तुलाराम कार्की, डोटी।*

## सामाजिक सञ्जाल



संविधानप्रदत्त मौलिक अधिकार (शिक्षा, स्वास्थ्य, खाद्यसम्प्रभुता, आवास, रोजगारी इ.) र महिला, दलितलगायतका अधिकार कार्यान्वयन गर्ने कानुन ३ वर्षभित्र बनाउन दुई महिना मात्र बाँकी छ। संसद् बिजिनेस नपाएर हाटा (हाजिर गरेर टाप) गर्दै छ। दुई तिहाइ बहुमतको सरकार किन कुम्भकर्ण निद्रामा ?

**Baburam Bhattarai**
**@brb1954**

इन्टरपोलसँगको समन्वय र इन्टरपोल संयुक्त अरब इमिरेट्स प्रहरीको सहयोगमा प्रतिवादी थिङलाई आइतबार नेपाल ल्याई सोमबार आवश्यक कानुनी कारबाहीका लागि इलाका प्रहरी कार्यालय बर्दिवास महोत्तरीमा पठाइएको छ।

# अवैधानिक पटके उठाउँदै इन्द्रसरोवर

नेपाल समाचारपत्र

काठमाडौं

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले अवैधानिकरूपमा पटके कर उठाउँदै आएको पाइएको छ। गाउँपालिकाले बल्खुबाट-कुलेखानी-हेटौंडा हुँदै विभिन्न भेगमा गुड्ने सवारीलाई अवैधानिकरूपमा पटके कर उठाइरहेको प्रमाण भेटेको हो ।

गाउँपालिकाको गाउँसभाले सडकमा वर्षात्का कारण पहिरो खस्ने र त्यसको रेखदेख गर्न भन्दै अपनाउनुपर्ने सामान्य प्रक्रियासमेत नअपनाई अवैध तरिकाले पटके उठाइरहेको छ। पटके उठाउँदा अनिवार्यरूपमा खुला प्रतिस्पर्धा गरेर टेन्डर प्रक्रियामा जानुपर्ने हुन्छ। तर यहाँ गाउँपालिका आफैंले २ जनालाई सडकमा खटाएर पटके असुलिरहेको छ।

गाउँपालिकाले सरसफाइ तथा मर्मत सम्भार सेवा शुल्क शीर्षक दिई फाखेलमा सवारी रोकी पटके उठाइरहेको हो। कर उठाउने स्थानमा कर उठाउने ठाउँ भनेर स्पष्ट लेखेको बोर्डसमेत राखेको छैन। बाटोमा २ जना बिल लिएर गाडी रोक्दै पैसा उठाउने गर्दछन्। गाउँपालिकाको छाप स्पष्ट देखिने रातो बिल प्रयोग गरिएको छ।

फाखेल हुँदै राजधानी भित्रिने र बाहिरिने दुवैलाई पटके असुलिन्छ। असार १७ बाट उठाउन थालेको पटके शुल्क सबै प्रकारको सवारीलाई २५ रुपियाँ कायम गरिएको छ। दक्षिणकाली-छैमले-सिस्नेरी-कुलेखानीको बाटो १० मिटरको चौडा भइरहेकोले त्यस रुटमा गुडिरहेको सवारीलाई दक्षिणकाली-हुमाने-फाखेल-कुलेखानी डाइभर्सन गरिएको छ।

सधैंभैं सवारी नचल्ने यस रुटमा डाइभर्सन गर्दा सवारीको चाप बढेसँगै गाउँपालिकाले पटके उठाउन थालेको हो। यस अघि तत्कालीन जिल्ला विकास समितिअन्तर्गत एसआरएनपीपी नामक संस्थाले बनाइदिएको यो सडक अहिलेसम्म सडक विभाग मातहत आइपुगेको छैन। गाउँपालिकाले सडकमात्रै बनाइदिएको तर मर्मत सम्भारमा राज्यको बजेट नपर्ने भएको भन्दै सडक मर्मतका लागि पटके उठाउन थालेको जनाएको छ।

गाउँपालिका अध्यक्ष जीवन लामाले पटके कर गाउँसभाबाट निर्णय भई गाउँपालिकाको आम्दानी बढाउन नभई सडकबाट उठेको रकम सडकमै मर्मतका लागि खर्च गर्न रहेको दाबी गर्नुभयो। 'गाउँसभाबाट निर्णय गरेर गाउँपालिकाले पटके उठाउन थालेको हो। यसमा गाउँपालिकाको आम्दानी बढाउन नभई सडकको मर्मत सम्भारमै खर्च गर्ने गरी हामीले सोचेका छौं' -गाउँपालिका अध्यक्ष लामाले भन्नुभयो।

वर्षात् शुरू भइसकेकाले सडकमा पहिरो खस्दा यात्रुले घन्टौं जाममा परेर दु:ख भोगिरहनुपरेकाले यसलाई तत्काल सहज पार्न कोषको आवश्यकता परेको भन्दै हतारमा पक्रिया नपुर्‍याई पटके लगाएको उहाँले बताउनुभयो। 'अब साउनदेखि प्रक्रिया पुर्‍याएरै पटके व्यवस्थितरूपमा उठाइन्छ', उहाँले भन्नुभयो- 'असार मसान्त सकिनै लागेकाले प्रक्रिया थालेनौं। आर्थिक वर्ष शुरू हुनेबित्तिकै प्रक्रिया थाल्ने भनेर यस्तो गरिएको हो।'

गाउँपालिकाले साउन १ गतेदेखि लागू हुनेगरी हल्का सवारीलाई ३०, मिनिट्रकलाई ४०, ट्रक, बस र ट्रिपरलाई ५० रुपियाँ पटके कायम गर्ने योजना बनाएको छ। जिल्ला प्रशासन कार्यालय मकवानपुरका प्रमुख जिल्ला अधिकारी चक्रबहादुर बुढाले जिल्ला समन्वय समिति मकवानपुरअन्तर्गतको सडक रेखदेख गर्न गाउँपालिकालाई जिम्मा दिइएकाले त्यसका लागि कोष जुटाउन कर उठाएको आफूसँग जानकारी आएको बताउनुभयो।

# बाढी, पहिरो र डुबानबाट भक्तपुरमा ११ करोड ९३ लाखको क्षति

पुष्कर बुढाथोकी, भक्तपुर

भक्तपुरमा आएको बाढी, पहिरो र डुबानका कारण ११ करोड ९३ लाख ५० हजार १२५ रुपियाँबराबरको क्षति भएको छ। प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले गत २७ र २८ गते परेको अविरल वर्षाका कारण आएको बाढी, पहिरो र डुबानका कारण भएको क्षतिको विवरण सार्वजनिक गर्दै सो जानकारी दिनुभएको हो।

चाँगुनारायण नगरपालिकामा पहिरोका कारण एकै परिवारका ३ जनाको मृत्यु भएको, डुबानमा परेका ४ जना घाइते भएको १ सय ११ जनाको सकुशल उद्धार गरिएको उहाँले जानकारी दिनुभयो। डुबानले ५ सय २२ र पहिरोमा १५ गरी ५ सय ३७ घर टहरामा क्षति पुगेको, २८ वटा उद्योग, कलकारखाना र पेट्रोल पम्प, १ सय ३३ वटा किराना, होलसेल पसल, १ सडक, १ पुल, २ अस्पताल र २ विद्यालयमा क्षति पुगे को छ। बाढीले ३७ वटा बंगुर, ८ सय २५ वटा कुखुरा बगाएको छ।

उद्योग, कलकारखाना र पेट्रोल पम्पमा करिब ३ करोड ९३ लाख ९५ हजार १ सय २५ रुपियाँ, किराना, होलसेल पसलमा करिब ४ करोड, ४६ लाख १३ हजार रुपियाँ, अस्पतालमा ३ करोड ४० लाख १६ हजार रुपियाँ, मेरिगोल्ड इङ्लिस स्कुल बालकोटमा ३ लाख रुपियाँ, चौपाया, पशुपंक्षीमा करिब १० लाख २६ हजार रुपियाँबराबरको क्षति भएको प्रारम्भिक तथ्यांक रहेको प्रजिअ भट्टले जानकारी दिनुभयो।

प्रहरी परिचालन गरी संकलन गरिएको क्षति विवरण सार्वजनिक गर्दै सम्बन्धित नगरपालिकाबाट थप क्षति विवरण माग गरिरहेको र आउन बाँकी रहेको उहाँको भनाइ छ। तथ्यांकअनुसार बाढीका कारण भक्तपुर नगरपालिका क्षेत्रमा करिब ३ करोड ४१ लाख ६१ हजार, र चाँगुनारायण नगरपालिकामा २३ लाख ९८ हजारबराबरको क्षति भएको छ। चाँगुनारायण नपाको सुडालमा २ वटा पक्की र १३ वटा कच्ची घर गरी करिब ५० लाखबराबरको क्षति भएको छ।

प्रजिअ भट्टका अनुसार बागेश्वरीमा ३ को मानवीय क्षति भएको र सबभन्दा बढी भौतिक क्षति मध्यपुरथिमि क्षेत्रमा भएको अनुगमनका क्रममा पाइएको बताउनुभयो। भत्किएका ठाउँमा ग्याभिङ पर्खाल लगाउने, डुबान क्षेत्रमा शुद्ध खानेपानी वितरण गर्ने, सडक सूचारु गर्नेलगायतका कारमका लागि सम्बन्धित कार्यालयका प्रमुखलाई निर्देशन दिएअनुरुप काम भइरहेको उहाँको भनाइ छ।

उद्धार जारी रहेको बताउँदै उहाँले भन्नुभयो- 'हिजो बिहानदेखि दिनभरि माननीय महेश बस्नेतको नेतृत्वमा प्रशासन, सबै सुरक्षा निकायका प्रमुख, नगरप्रमुख, जनप्रतिनिधिसहित नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी करिब ७० जनाको टोलीले सरसफाइ गरी डुबानमा परेका व्यापारीको गोदामका सामान निकाल्ने र उद्धार गर्ने कार्य गरियो।'

२९ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा ४ वटै नगरपालिकाले २४ घन्टाभित्र क्षतिको विवरण संकलन गरेर प्रशासनलाई बुझाउने र राहत वितरण गर्ने प्रतिबद्धता जनाए पनि अहिलेसम्म कुनै पनि नगरपालिकाले क्षति विवरण बुझाएका छैनन्। जनप्रतिनिधि जनताकै काममा उदास भएको र यसमा चासो नदिएको गुनासो बढेको छ।

# विदेश फरार भएका प्रतिवादी पक्राउ

काठमाडौं, (नेस)

विदेश फरार भएका प्रतिवादी सिन्धुली मनिणठाकुर गाउँपालिका-४ बस्ने राहदानी नम्बर ०६३०५८७० बाहक ३१ वर्षीय सिंहलाल थिङ पक्राउ परेका छन्।

थिङले २०७४ असोज २२ गते विदेशबाट सामान ल्याइदिएको बहानामा एक २५ वर्षीया महिलालाई बर्दिवास बजारस्थित होटल विनायकमा लिएर गई विभिन्न धाकधम्की डरत्रास देखाई जबरजस्ती करणी गरेको भनी इलाका प्रहरी कार्यालय बर्दिवासमा जाहेरी परेको थियो। त्यसैका आधारमा महोत्तरीमा २०७४ असोज २५ गते दर्ता भएको जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादीको खोजतलास तथा अनुसन्धानको सिलसिलामा विदेश गएको हुनसक्ने सूचना प्राप्त भएकाले २०७४ पुस २६ गते प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखामार्फत् डिफ्युजन नोटिस जारी गरिएको थियो।

इन्टरपोलसँगको समन्वय र इन्टरपोल संयुक्त अरब इमिरेट्स प्रहरीको सहयोगमा प्रतिवादी थिङलाई आइतबार नेपाल ल्याई सोमबार आवश्यक कानुनी कारबाहीका लागि इलाका प्रहरी कार्यालय बर्दिवास महोत्तरीमा पठाइएको छ।

# नेपाली संस्कृति अध्ययन गर्दै चिनियाँ विद्यार्थी




काठमाडौं, (नेस)

पूर्वी चीनको छिन्ताओ प्रान्तका विद्यार्थी नेपाल र चीनबीच एकआपसमा सांस्कृतिक सम्बन्ध सुधार गर्न सातदिने नेपाल भ्रमणमा आएका छन्।

२३ विद्यार्थी र २ शिक्षक तथा ३ टिम लिडरका साथ उनीहरू यति बेला काठमाडौंका विभिन्न ठाउँमा घुम्दै नेपालबारे जानकारी लिन व्यस्त छन्। ११ देखि २१ वर्ष उमेर समूहका उनीहरू नेपालको संस्कृति, रीतिरिवाजका बारेमा अध्ययन गर्दै छन्।

यही सन्दर्भमा काठमाडौं बसाइँका क्रममा सिद्धार्थ वनस्थली इन्स्टिच्युटका विद्यार्थीसँग उनीहरूले आफ्ना अनुभव साटासाट गरेका छन्। नेपाल र चीनका विद्यालयबीच दौत्य सम्बन्ध स्थापना गर्ने उद्देश्यले नेपाल आएको उनीहरूको भनाइ छ। सिद्धार्थ वनस्थलीले चीनका विभिन्न विद्यालयसँग शैक्षिक परामर्श कार्यक्रम गर्ने गरेको प्रधानाध्यापक रुपक राजवंशीले बताउनुभयो।

पहिलोपटक नेपाल आएको अनुभव सुनाउँदै शिक्षिका एली भन्छिन्- 'नेपाल र चीनबीच धेरै कुरा समान रहेछ, खानाचाहिँ नेपाली अलि बढी मसलेदार रहेछ।' चीनका र नेपालका धेरै महिला बढी शिक्षण पेसामा नै आबद्ध भएका, परिवार पाल्ने जागिर खाने व्यापार व्यवसाय गर्ने तरिका समान नै रहेको उनको भनाइ थियो।

त्यस्तै अनुभव छ अर्का विद्यार्थी फेलिक्सको। नेपाल आउनेबित्तिकै बिरामी भए पनि यहाँका विद्यार्थी साह्रै मिजासिला र सहयोगी भएको अनुभव फेलिक्सले सुनाए। यस कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरता दिने उनीहरूको सोच छ। सातदिने काठमाडौं बसाइँमा उनीहरूले विभिन्न चित्रकला, पेन्टिङ, पेपर क्राफ्ट आदि सिकाएका थिए। नेपालको शिक्षण विधि, संस्कृति, रीतिरिवाज राम्रो रहेको उनीहरूको भनाइ थियो।

विद्यार्थीबीच पढाइको अनुभव, प्रविधिका बारेमा अनुभव साटासाट गरिएको थियो।


**नासोँ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
धारापानी, मनाङ
गण्डकी प्रदेश, नेपाल

**सूची दर्ता गराउने सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०७५।०४।०१**

यस नासोँ गाउँपालिका कार्यालयको लागि आ.व. २०७५/०७६ मा आवश्यक पर्ने तपसिल बमोजिमका सामान तथा सेवाहरु आपूर्ति गर्न इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरु आफुले गर्न चाहेको सेवा वा कार्य स्पष्ट उल्लेख गरी यस कार्यालयमा रितपूर्वकको आवेदन पेश गरी मौजुदा सूची (स्टयाण्डिङ्ग लिष्ट) मा दर्ता हुन चाहने कानुन बमोजिम दर्ता भएका फर्म तथा व्यवसायीहरुका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**क) सामान खरिद, उपकरण मर्मत तथा आपूर्ति कार्य**
१. स्टेशनरी सामानहरु (मसलन्द तथा कार्यालय संचालन सम्बन्धी)
२. छपाई सम्बन्धी
३. पत्रपत्रिका तथा पुस्तकहरु
४. फर्निचर तथा फिक्चर्स सम्बन्धी
५. इलेक्ट्रोनिक्स उपकरण (कम्प्यूटर, प्रिन्टर, कार्टिज, फोटोकपी मेसिन, यू.पी.एस., फ्याक्स, टेलिफोन सेट, सी.सी. क्यामरा आदि)
६. सवारी साधन खरिद तथा भाडामा लिने कार्य (कार, जीप, भ्यान, मोटरसाइकल साइकल र सोको पाटपूर्जा समेत)
७. विद्युत सम्बन्धी सामानहरु (पंखा, एयर कन्डिसन, हिटर, कुलर, चीम, तार, बायरिङ्ग सम्बन्धी सामान आदि)
८. निर्माण सामग्री (सिमेन्ट, छड, हयुमपाइप, विद्युत पोल आदि समेत)
९. मर्मत सम्बन्धी कार्य
क) मोटरसाइकल, कार, जीप, टिपर, दमकल, जे.सी.वि. आदि ।
ख) ए.सी., कुलर, पंखा, कुर्ची, टेवल, दराज, सोफासेट आदि ।
ग) कम्प्यूटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन, फ्याक्स, सी.सी. क्यामरा, आदि ।

**ख) सेवा कार्य**
१. विभिन्न वेवसाइट, सफ्टवेयर निर्माण तथा परिमार्जन,
२. सूचना प्रकाशन तथा प्रशारण सम्बन्धी,
३. वृतचित्र निर्माण, श्रव्य/दृष्य सामग्री उत्पादन तथा प्रशारण आदि,
४. तालिम, गोष्ठि, अध्ययन, अनुसन्धान तथा परामर्श सेवा,
५. डिजाइन, नक्साङ्कन, लागत अनुमान तयारी, टेण्डर कागजात तयारी आदि परामर्श सेवा,
६. अन्य विविध सेवा

**ग) कृषि तथा पशु सेवा सम्बन्धि**
१. विउविजन विक्री
२. कृषि औजार
३. किटनाशक, रोगनाशक तथा हर्मोन सम्बन्धि विषादीहरु
४. रासायनिक मल लगायत विविध कृषिजन्य सामग्रीहरु
५. भेटनरी सम्बन्धी सामग्रीहरु
६. पशु आहारा तथा अन्य आवश्यक सामानहरु

**घ) निर्माण सम्बन्धी विविध कार्य**

**दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरु**
१. संस्था वा फर्म दर्ताको प्रमाणपत्रको छायाप्रति,
२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको छायाँप्रति,
३. आ.व. ०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको छायाँप्रति,
४. आवश्यकता अनुसारको व्यवसायिक इजाजतपत्र

**प्रमुख प्रशासकीय अधिकृत**


## सिनेमा कर्नर












**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : गरेको काम सफल हुने, सन्तानबाट सुख, धनलाभ हुनेछ।
**वृष** : पेटको समस्या, दिनचर्या अस्तव्यस्त, विनाकाममा दौडधुप।
**मिथुन** : पैसा लाभ, मान-सम्मान, उन्नति-प्रगति, इज्जत बढ्नेछ।
**कर्कट** : सुख-सन्तोष, उपलब्धिमूलक कार्यमा लगानी, धनलाभ।
**सिंह** : मिष्ठान्न भोजन, धनप्राप्ति, गिफ्ट-पुरस्कार प्राप्ति, कार्य सफल।
**कन्या** : अस्वस्थता, साथीभाइसाग विवाद, चोटपटकको सम्भावना।
**तुला** : पैसा प्राप्ति, विविध वस्तु वा सेवाको लाभ, मीठो खानेकुरा प्राप्ति।
**वृश्चिक** : शारीरिक निरोगिता, सुख-सन्तोष, थालेको काम सफल ।
**धनु** : राजनीतिमा सफलता, ऐश्वर्य वृद्धि, पढाइ-जागिरमा राम्रो।
**मकर** : बिरामी हुने सम्भावना, कार्यमा बाधा, धन हानि, चिन्ता।
**कुम्भ** : समस्या समाधान, परीक्षा-पठनपाठन सफल, प्रतिस्पर्धामा जीत।
**मीन** : खेल-परीक्षा प्रतियोगितामा सफलता, द्रव्य लाभ, शत्रु विजय ।



# प्रदेश-३





त्रिशूली जलविद्युत् केन्द्रमा मंगलबार अपराह्न लागेको आगोले पुर्‍याएको क्षतिको मर्मत गर्न अझै एक साता लाग्ने भएको छ।

## सडकका २ सय ७७ वटा योजना पूरा

**नेपाल समाचारपत्र**

हेटौंडा

हेटौंडा उपमहानगरपालिकाले चालू आर्थिक वर्षमा सञ्चालन गरेका सडक निर्माणका सबै योजनाको काम सकिएको छ। उपमहानगरले चालू आर्थिक वर्षमा २ सय ७७ वटा सडक निर्माण योजना सञ्चालन गरेकामा सबै काम सकिएको हो।

बहुवर्षीय सडक निर्माणका योजना, ठेक्का लगाइएका योजनाबाहेकका योजनाको निर्माण काम सकिएको हेटौंडा उपमहानगरपालिकाका मेयर हरिबहादुर महतले बताउनुभयो। चालू आर्थिक वर्षमा सकिएका २ सय ७७ वटा सडकमध्ये सबैजसो काम सकिएर रकमसमेत भुक्तानीमा लगिएको मेयर महतले बताउनुभयो।

स्थानीय सडक, साना पुल निर्माणबाट नगरका ७ हजार जनता लाभान्वित भएको मेयर महतले दाबी गर्नुभयो। उपमहानगरले ती सडकका लागि १८ करोड ३ लाख ८९ हजार खर्च गरेको छ। कुल लागत इस्टिमेट रकम २४ करोड १ लाख ६७ हजार रहे पनि १८ करोड उपमहानगरपालिकाले खर्च गरेर उपभोक्ताको लागत सहभागितामा काम गरिएको हो। सबै सडक निर्माणका लागि स्थानीय उपभोक्ताले जनश्रमदानबापत् २ करोड ४४ लाख ५२ हजार ६ सय २२ रुपियाँ स्थानीय उपभोक्ताले खर्च गरेका छन्।

विकास निर्माणका कामहरू वर्षा शुरू भएपछि गर्ने प्रचलन अन्त्य गर्दै वैशाखसम्म सक्ने योजनाअनुसार काम द्रुतगतिमा अगाडि बढाइएकाले समयमा नै काम सक्न सफल भएको मेयर महतले बताउनुभयो। असार लागेपछि विकास निर्माणका योजना सम्झौता गर्ने र हतारमा काम सक्ने परिपाटी अन्त्य गर्न चालू आर्थिक वर्षको कात्तिक/मंसिरबाट विकास निर्माण शुरू गरिएकाले वर्षाअगाडि काम सकिएको उहाँको भनाइ छ।

उपमहानगरले साना/ठूला, स्ल्याब ढलान, कालोपत्रे, सडक ग्राभेल गर्ने कामलगायत चालू आर्थिक वर्षमा काम सम्पन्न भएका सबै योजनाका रकम उपभोक्ता समितिलाई भुक्तानी दिएको छ। काम सम्पन्न भएको प्रमाण पेस गर्नेबित्तिकै निर्माण कम्पनी र उपभोक्ता समितिलाई रकम भुक्तानी गरिएको उपमहानगरले जनाएको छ।

उपमहानगरले सडक निर्माणको कामसँगै अरू विविध योजनाका काम पनि पूरा गरेको छ। नगरको कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, खानेपानी, सांस्कृतिक प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सिँचाइ, भवन तथा शहरी विकास, वन तथा भूसंरक्षण, वातावरण संरक्षण जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, वडा कार्यालयको भवन निर्माण तथा स्तरोन्नति, विविध निर्माण, ठेक्काको काम, ह्युमपाइप उपलब्ध गराउने कामलगायतका काम सकिएको मेयर महतको भनाइ छ। ती योजनामध्ये ५ सय ७५ वटा योजना चालू आर्थिक वर्षमा सञ्चालन भएका थिए।

## साहिँलाद्वारा साहिँलीको हत्या

हेटौंडा, (नेस)

छिमेकीको घरमा भएको 'पास्नी भोज' खाएर राति अबेर घर फर्किएका पतिले सुतिरहेकी पत्नीको हत्या गरेका छन्।

मकवानपुरको थाहानगर-५, नलिवनका ५२ वर्षीय साहिंला थिङले पत्नीलाई कुटेर हत्या गरेका हुन्। उनले घरको ढोका नखोलेको निहुँमा घाँटीमा मुड्की प्रहार गरी ४३ वर्षीया पत्नी साहिँलीमाया थिङको शनिबार राति हत्या गरेका हुन्।

हत्याको अभियोगबाट बच्न साहिँलाले साहिँलीको मुखमा विषादी हालेको प्रहरीले जनाएको छ। साहिँलाले पत्नीले ढोका नखोलेको भन्दै सुतिरहेको अवस्थामा घाँटीमा मुड्की प्रहार गरी हत्या गरेको इलाका प्रहरी कार्यालय पालुङका प्रहरी निरीक्षक ध्रुव सिलवालले बताउनुभयो। पत्नीले ढोका नखेलेपछि आक्रोशित उनी ढोका फोरेर भित्र पसेका थिए र रिसले चुर भएर पत्नीमाथि प्रहार गरेका थिए।

साहिँला आफैले विषसेवनका कारण पत्नीको मृत्यु भएको भन्दै छिमेकीलाई खबर गरेका थिए। उनको कुरा पत्यार नलागेपछि गाउँलेले प्रहरीलाई खबर गरेका थिए। प्रहरीले साहिँलासँग घटनाबारे सोधखोज गर्दा कुटेर मारेको स्विकारेका हुन्। प्रहरी हिरासत हेटौंडामा रहेका थिङले रक्सीको मातमा हिर्काए पनि मार्ने नियत नरहेको बताएका छन्।

गत माघ १ गते हेटौंडा-४, कमलडाँडामा पनि मादकपदार्थ सेवन गरी गजवारले हिर्काएर पत्नीको हत्या भएको थियो। पत्नीको हत्या गर्ने ती व्यक्तिलाई जिल्ला अदालत मकवानपुरले जन्मकैद फैसला गरेको थियो।

६३ वर्षीय रामबहादुर लामाले ४२ वर्षीया पत्नी मीनाको धारिलो हतियार प्रहार गरी हत्या गरेका थिए। हत्या गरी फरार लामालाई प्रहरीले पक्राउ गरेको थियो। चालक पेसा गर्ने लामाले मापसे गरेर दिनहुँ पत्नीलाई कुट्ने गरेका थिए।

## वडामार्फत सुत्केरीलाई पोषण

मोतीराम तिमल्सिना, काभ्रे

धुलिखेल नगरपालिका-१० ले वडामा सुत्केरी भएका महिलाका लागि पोषण पुर्‍याउने उद्देश्यले किस्ताबन्दी सहयोग गरेको छ।

बालबालिकालाई खोप र सुत्केरीलाई पोषण उपलब्ध गराउने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको अध्यक्ष पुष्पराज राउतले बताए। वडा कार्यालयले हरेक आर्थिक वर्षमा सुत्केरी हुने महिलाका लागि पोषण कार्यक्रमअन्तर्गत पहिलो खोप लगाउने समयमा सुत्केरी मसला र बच्चालाई कपडा, दोस्रो खोप लगाउँदा चेवनप्रास, तेस्रो खोपको बेला हर्लेक्स र चौथो पटकका लागि सर्वोत्तम लिटोको पिठो वितरण गर्ने कार्यक्रम सञ्चालन भईरहेको छ। सार्वजनिक सुनुवाइ कार्यक्रममा नयाँ सुत्केरी ८ जनालाई पहिलो चरणको सहयोग नगर प्रमुख ब्याञ्जु र उपप्रमुख विमला शर्माले हस्तान्तरण गरेका थिए। धुलिखेल नगरपालिका-१० ले आर्थिक वर्ष २०७४/२०७५ मा गरेका योजनाका बारेमा समीक्षा तथा सार्वजनिक सुनुवाइ आयोजना गरेको छ। अध्यक्ष पुष्पराज राउतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नगर प्रमुख अशोक ब्याञ्जुको प्रमुख आतिथ्यता रहेको थियो।

सार्वजनिक सुनुवाइ कार्यक्रममा बोल्दै नगर प्रमुख ब्याञ्जुले जनप्रतिनिधिले के गर्दै छु मात्र होइन, गरिरहेका कामले जनताले कति लाभ पाउँछन् भन्ने विषयमा ध्यान दिनुपर्ने बताए। विकास कमजोर नागरिकका लागि मात्रै भएकाले विकासले समृद्धितर्फ उन्मुख हुनुपर्ने गरी योजनाहरू निर्माण र कार्यान्वयन गर्नुपर्ने बताए। कार्यक्रममा वडा अध्यक्ष राउतले जेष्ठ नागरिक सम्मान, एकल महिला सम्मान, सुत्केरी पोषण कार्यक्रम, कृषक भेला, एकीकृत शहरी कार्यक्रम, ७ दिने उद्यमशीलता कार्यक्रम, क्यान्सर र मिर्गौला डाइलोसिस सहयोग कार्यक्रम, वृद्धवृद्धा क्लिनिक, एसईई कोचिङ कार्यक्रम सम्पन्न भएको बताए।

बालमैत्री वडा घोषणा गर्ने, सिमलचौर सल्लाघारीलाई पर्यटकीयस्थल निर्माण गर्ने, पिङ डाँडामा बुद्धको मूर्ति स्थापना गर्ने, कालिका माविमा पद्मध्वज थापाको सालिक निर्माण, कर्णबहादुर विष्टको नामबाट कालिका माविमा अक्षयकोषको स्थापना गर्ने योजना रहेको अध्यक्ष राउतले बताए। त्यस्तै २०४६ सालदेखि महिला स्वयंसेविकाका रूपमा कार्यरत दुई जेष्ठ नागरिक ८४ वर्षीया च्याङबारानी तामाङ र ६८ वर्षीया कुलकुमारी शाहलाई नगद २३ हजार ६ सय रुपियाँसहित सम्मान गरिएको थियो। त्यस्तै उपभोक्ता समितिमध्ये उत्कृष्ट उपभोक्ता समूहका अध्यक्षहरू ज्ञानबहादुर थापा र टीकाराम लामिछानेलाई सम्मान गरिएको थियो। कार्यक्रममा नागरिकले सडकको मापदण्ड, भूकम्पपीडितको अनुदान र पुनर्निर्माण तथा आय आर्जनका योजनाहरूमा ध्यान दिनुपर्ने सुझाव दिएका थिए।

## त्रिशूली जलविद्युत् मर्मत गर्न अझै एक साता लाग्ने

**नेपाल समाचारपत्र**

नुवाकोट

त्रिशूली जलविद्युत् केन्द्रमा मंगलबार अपराह्न लागेको आगोले पुर्‍याएको क्षतिको मर्मत गर्न अझै एक साता लाग्ने भएको छ।

जलविद्युत् गृहबाट उत्पादित विद्युत्‌लाई ट्रान्सफर्मरसम्म पुर्‍याउन प्रयोग गरिएको विद्युतीय तारमा जडान गरिएको बेसपार्क र तीनवटा ब्रेकरमा आगोले क्षति पुर्‍याएपछि २१ मेगावाट क्षमताको त्रिशूली जलविद्युत् केन्द्र र १४ मेगावाटको देवीघाट जलविद्युत् केन्द्रको उत्पादन बन्द छ। विद्युत् उत्पादन गर्न सकिने भए पनि मर्मतका लागि बन्द गर्नुपर्ने बाध्यताले मंगलबार अपराह्नको आगलागीलगत्तै त्रिशूली र बुधबारदेखि देवीघाट जलविद्युत् केन्द्र बन्द गरिएको त्रिशूली जलविद्युत् केन्द्रका प्रमुख तारादत्त भट्टले बताए। आगलागीबाट क्षति पुगेका टर्बाइनको मर्मतमा नेपाल विद्युत् प्राधिकरणका १५ जनाभन्दा बढी प्राविधिक खटिएको भट्टले जनाए।

आगोले क्षति पुगेका ब्रेकर भैरहवा सवस्टेसनमा मौजुदा रहेकाले त्यहाँबाट ल्याउन पहल भइरहेको छ। पूर्णक्षति भएका उपकरणको लगत लिएर सामग्री मगाएको बताइएको छ। आगो निभाउन फायर एक्सटिनगुइसर ग्यास पर्याप्त नभएपछि दमकलमार्फत पानीसमेत प्रयोग भएकाले त्यसको कारण क्षति पुगेका उपकरण कति भन्ने यकिन हुन अझै बाँकी छ। उनका अनुसार प्रारम्भिक लगतको आधारमा एक करोडभन्दा बढी क्षति पुगेको छ। त्रिशूली जलविद्युत् केन्द्र मर्मतका लागि पानी बन्द गर्नुपर्ने भएकाले त्यसको निकास पानीबाट सञ्चालनमा रहेको देवीघाट जलविद्युत् केन्द्र पनि बन्द गरिएको हो।

बन्द भएका दुई जलविद्युत् केन्द्रको उत्पादन क्षमता ३५ मेगावाट रहेको र अवरुद्ध हुँदा दैनिक ५० लाखभन्दा बढीको विद्युत् उत्पादन रोकिएको त्रिशूली जलविद्युत् केन्द्रका वितरण शाखा प्रमुख सन्तोष कुमारले जानकारी दिए। उनका अनुसार क्षति पुगेका उपकरण मर्मत गर्न कम्तीमा एकसाता लाग्ने देखिएपछि केन्द्रमार्फत वितरण भएको विद्युत्‌लाई बुधबार साँझदेखि राष्ट्रिय ग्रिडमार्फत जडान गरी विद्युत् सञ्चालन गरिएको छ।

## वर्गीकृत डिस्प्ले





**मोटरसाइकल हरायो**

मेरो निम्न व्यहोरा भएको मोटरसाइकल यति मिति २०७५ असार २६ गतेदेखि धुलिखेलबाट हराइरहेको हुँदा फेला पार्नुहुने महानुभावहरूले नजिकैको प्रहरी चौकी अथवा निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

मोटरसाइकलको किसिम : पल्सर २२० सिसि
रंग : रातो
मो.सा. नं. बा ९० प ४००७
इन्जिन नं. DKYCHE47625
च्यासिस नं. MD2A13EY1HCE58025
सम्पर्क नं. : ९८४१२४१४११


## भैरवी मन्दिर जोखिममा

नुवाकोट, (नेस)

अविरल वर्षाका कारण यहाँको प्रसिद्ध भैरवी मन्दिर र वरपरको बस्ती जोखिममा परेको छ। विदुर नगरपालिका-२, नुवाकोटस्थित पृथ्वीनारायण शाहकालीन भैरवी मन्दिर आसपासका क्षेत्रमा वर्षात्का कारण गएको पहिराले सम्पदा र मानव बस्ती जोखिममा परेको हो।

विदुर-२ धारापानी क्षेत्रमा बस्ती र नजिकै रहेको भैरवी मन्दिर र मन्दिरका पुजारी धामी हरिमानसिंह डंगोलको निवास क्षेत्रसमेत जोखिममा परेको नुवाकोट सम्पदा समाजका अध्यक्ष पुष्कर शर्मा रिमालले जानकारी दिए। विदुर-नुवाकोट-चोकदे सडकको स्तरोन्नतिका क्रममा सडकको भित्ता धेरै काटेर टेवा पर्खाल नलगाइएको कारण पहिरो गएर बस्ती र सम्पदा जोखिममा परेको हो। मानव बस्ती अहिले नै जोखिममा परेको छ।

यसलाई तत्काल नियन्त्रण नगरे नजिकै रहेको भैरवी मन्दिरसमेत पहिरोले बगाउने अवस्था आएको छ। सडक स्तरोन्नतिका क्रममा भित्ता कटिङ गर्दा सडकको भित्ता १०/१२ मिटर अग्लो भएको र टेवा पर्खाल भने दुई मिटर मात्र लगाइएको कारण पहिरो गएको हो। प्रहरीका अनुसार १४ घर पूर्णरूपमा जोखिममा परेको छ। प्रहरीले स्थलगत अध्ययनपछि जोखिममा परेकाहरूको विवरण सार्वजनिक गरेको हो। चौध घरलाई तत्काल सुरक्षित स्थानमा सार्ने तयारी थालिएको प्रहरी उपरीक्षक वसन्तबहादुर कुँवरले जानकारी दिए।

## आज घरघरबाट लुतो फ्याँकिँदै

हेटौंडा, (नेस)

आज साउन १ गते अर्थात् साउने संक्रान्ति। आजकै दिनदेखि यस वर्षको चाडबाडका ढोका उघ्रनेछन्। कर्कट संक्रान्ति पनि भनिने यस पर्वका दिन साँझ घरघरमा परम्परानुसार लुतो फ्याँक्ने काम गरिन्छ।

सन्ध्या समयमा कुरिलो, बाबियो, लुतेसरो, पानीसरो, भलायो र गलेनी आदि वनस्पति जम्मा पारी सुन्तला, नास्पाती र आरूलगायत फलफूलसहित कण्डारक पूजा गरिने र बलिरहेको राँको वा दियालोलाई चारै दिशामा मिल्काउने कार्य गरिन्छ। यसलाई लुतो फ्याँकेको भनिने संस्कृतिविद् रामचन्द्र आचार्यले बताउनुभयो।

त्यसो गर्दा खटिरादि र चर्मरोग नलाग्ने जनविश्वास रहेको उहाँले बताउनुभयो। लुतो फ्याँक्ने काम सकिएपछि 'अनिकाल लैजा, सहकालले' भन्दै नाङ्लो ठटाएर र शंख, घण्ट बजाएर घर घुम्ने परम्परा रहेको आचार्यको भनाइ छ।

## समितिसँग समितिको अनुभव आदान-प्रदान

काभ्रे, (नेस)

जिल्ला अदालत काभ्रेपलाञ्चोकले धुलिखेल नगरपालिकामा रहेको न्यायीक समितिका गतिविधिहरूका बारेमा न्यायीक समितिका पदाधिकारीहरू र न्यायाधीशहरू बीच अनुभव आदान-प्रदान गरेको छ।

उक्त समितिमा दर्ता भएका उजुरीबारे समितिका संयोजक एवं उपप्रमुख विमला शर्माले न्यायाधीशहरूलाई जानकारी गराउनुभएको थियो। जिल्ला मेलमिलाप अनुगमन समितिले जिल्लामा रहेका न्यायीक समितिले गरेका गतिविधिबारे अनुगमन गर्ने अधिकार छ। जिल्ला न्यायाधीश अर्जुनप्रसाद अधिकारी, न्यायाधीशहरू दीपककुमार खरेल र सूर्यनाथप्रसाद अधिकारी, स्रेस्तेदार कृष्णप्रसाद अधिकारी, अनुगमन समितिका सदस्यहरू नवराज बडाल, देवकुमार मोक्तान, सरिता सापकोटा, जिल्ला प्रशासनका चिरञ्जीवीलगायतले उक्त समितिले गरेका गतिविधिबारे जिज्ञासा राख्नुभएको थियो।

धुलिखेलको न्यायीक समिति २०७४ फागुन २८ गते गठन भएको थियो। न्यायीक समितिमा सम्बन्ध विच्छेद, साँध सीमाना, क्षतिपूर्ति, लेनदेन, बाटोको ढुंगा उप्काएको, जग्गा र बाटो, जग्गा खिचलो, सोधपुछ, पारिवारिक विवाद, अंशवण्डासम्बन्धी १६ वटा विवाद दर्ता भएको सचिवालयमा कार्यरत गायत्रीरमण घिमिरेले बताउनुभयो।

जिल्ला अदालतमा रहेको अनुगमन समितिले अन्य स्थानीय सरकारमा भएका न्यायीक समितिहरूले गरेका अभ्यासका बारेमा समेत जानकारी लिने जिल्ला न्यायाधीश एवं अनुगमन समितिका संयोजक अर्जुनप्रसाद अधिकारीले जानकारी दिनुभयो।


## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरु**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०



## नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एण्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछैं : ६१२७२४

२०७५ साउन
मंगलबार
१

दिउँसोको समयमा उद्यमी कोही नभएको अवस्थामा ढुंगा खसेर भवनमा क्षति पुऱ्याएको भए पनि मानवीय क्षति भने नभएको अध्यक्ष गुरुङको भनाइ छ।

# नेपाल

# डा. केसीको समर्थनमा बर्दियामा जनप्रदर्शन

विष्णु तिमिल्सिना, बर्दिया



जुम्लामा आमरण असनरत डाक्टर गोविन्द केसीका मागको समर्थनमा बर्दियामा नागरिकहरूले जनप्रदर्शन गरेका छन्। स्वास्थ्य सेवा सरोकार समाज बर्दियाको नेतृत्वमा बर्दियाका नागरिकले सदरमुकाम गुलरियाका जुलुस प्रदर्शन गर्दै कोणसभा पनि गरेका हुन्।

कोणसभामा बोल्ने नागरिक वक्ताले डाक्टर गोविन्द केसीले राखेका माग कुनै राजनैतिक पार्टीको पक्ष वा विपक्षमा नभई आम जनताको सरोकार राख्ने हुनाले यसलाई राजनैतिक रङ दिन नहुने बताए। जनताले सहज, सुलभ, सस्तो र भरपर्दो सेवा पाउनुपर्छ, गरिबका छोराछोरीले पनि नि:शुल्क चिकित्सा शिक्षा पढ्न पाउने गरी देशका विभिन्न ठाउँमा मेडिकल कलेज खोल्नुपर्छ।

जनताका लागि औषधि उपचार महँगो नहोस् भनी आमरण अनसन बसेका गोविन्द केसीको जीवन रक्षाका लागि सरकारसँग यथाशीघ्र माग पूरा गर्न सरकारलाई अनुरोध गरेका छन्। कोणसभामा बर्दियाका नागरिक, समाजसेवीहरू दिनेश श्रेष्ठ, विष्णुप्रसाद, तिमिल्सिना, मेघनाथ अधिकारी अधिवक्ता विद्याप्रसाद खनाल, वीरबहादुर रोकाय, खडानन्द तिवारीलगायतले आआफ्नो धारणा राखेका थिए।

नागरिकहरू डाक्टर केसीको मागको समर्थन लेखिएका कागजका टोपी, ब्यानर तथा प्लेकाडसहित गुलरिया नगरपालिका वडा नम्बर ७ स्थित आम बगैंचाबाट जुलुस शुरू गरेर गुलरिया बजार परिक्रमा गर्दै जिल्ला अदालतअगाडिको पीपल चौतारामा पुगी कोणसभामा परिणत भएको थियो।

# होटलको फोहोर सीधै नालामा
## महानगरको वातावरण दुर्गन्धित

नेपाल समाचारपत्र

विराटनगर



होटल व्यवसायीले फोहोर पानी सीधै नालामा मिसाउँदा विराटनगर महानगरपालिकाका मुख्य सडक आसपासको वातावरण दुर्गन्धित भएको छ। फितलो अनुगमन र न्यून जरिवानाका कारण शौचालयको फोहोरदेखि होटलमा बिसर्जित प्रदूषित पानी सार्वजनिक नालामा मिसाउँदा वातावरण दुर्गन्धित भएको हो।

सर्वसाधारणको गुनासो आएपछि विराटनगर महानगरपालिकाकी उपप्रमुख इन्दिरा कार्कीको नेतृत्वमा गएको अनुगमन टोलीले जलजलाचोक पश्चिमतर्फ रहेको शनिमन्दिर रोडको उत्तरतर्फका नालाको स्ल्याब हटाउन लगाएको थियो। नालाका स्ल्याब हटाउनेबित्तिकै वातावरणमा दुर्गन्ध फैलियो। कारण थियो सडकको पूर्वतर्फ रहेको युनिक मिठाइ पसलबाट बिसर्जित भएको प्रदूषणयुक्त पानी। जुन पानी प्रशोधन नगरी सीधै नालामा मिसाइएको थियो।

विशेष गरी मिठाइको कारोबार गर्ने सो होटलले दैनिक ठूलो परिमाणमा मिठाइ उत्पादन गर्ने गरेको छ। सो क्रममा हजारौं लिटर दूध प्रशोधन गर्ने तथा त्यसबाट बिसर्जित पानी सीधै सार्वजनिक नालामा मिसाउने गरेको पाइएको छ। सधैंभरि जाम रहने नालामा बिसर्जित प्रदूषित पानी मिसाउँदा सडकमै फोहोर पानी छताछुल्ल हुने गरेको छ। जसका कारण वातावरणमा दुर्गन्ध फैलिनुका साथै मच्छेडको संख्यामा पनि वृद्धि हुने गरेको स्थानीयले बताएका छन्।

सर्वसाधारणले महानगरपालिकामा लिखित उजुरी दिएपछि पुगेका महानगर उपप्रमुखसहित फोहोर संकलक साझेदार, महानगरीय प्रहरी र सफाइ कर्मचारीको टोलीले नालाका सम्पूर्ण स्ल्याब हटाएर नालामा जमेको दुर्गन्धित लेउ हटाएको छ। सो क्रममा आसपासका अन्य होटल र पसलसहित युनिक मिठाइ पसलले नालामा दुर्गन्धित पानी मिसाएको खुलासा भएको थियो। नालामा दुर्गन्धित पानी मिसाउने सम्बन्धित पक्षलाई कारबाही गरिने जनप्रतिनिधिको भनाइ छ।

सार्वजनिक नालामा शौचालयको ढल र प्रदूषित पानी बगाउने परिपाटी विराटनगरका लागि नौलो होइन। यसअघि जैन भवनले यसैप्रकारले प्रदूषित र दुर्गन्धित पानी नालामा बगाउने गर्दा सातघुम्ती रोडका बासिन्दा रोगब्याधीले ग्रस्त भएका थिए। यस्तै केही साताअघि मात्र न्युरो अस्पतालले शौचायलको फोहोर सीधै नालामा मिसाएको खुलासा भएको थियो। फितलो अनुगमन र न्यून जरिवानाका कारण विराटनगर क्षेत्रमा यसप्रकारको घटना बारम्बार हुने गरेको छ।

# सेतीमा बगे युवक

डोटी, (नेस)

डोटीको सायल गाउँपालिका १ छपाली घर भएका एक युवक सेती नदीमा बगेर बेपत्ता भएका छन्। बझाङको देउराबाट घर फर्कने क्रममा स्थानीय अन्दाजी ३१ वर्षीय भक्तबहादुर थापा सेती नदीमा बगेर बेपत्ता भएको डोटी प्रहरीले जनाएको छ। थापाको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय डोटीले जनाएको छ।

साँगुरो बाटो पानीका कारण चिप्लो भएर उनी चिप्लिएर सेती नदीमा खसेको खबर आएको स्थानीय धनबहादुर नेपालीले बताउनुभयो। बेपत्ता युवकको खोजीका लागि प्रहरी एकाइ र छिमेकी जिल्लामा समेत खबर गरिएको जिल्ला प्रहरी कार्यालय डोटीका प्रहरी नायव उपरीक्षक लालबहादुर धामीले जानकारी दिनुभयो।

# प्रदेश ७ को नाम र स्थायी राजधानी टुंगो लगाउन ढिलाइ

विमल विष्ट, डोटी

प्रदेश नम्बर ७ को नाम र स्थायी राजधानीको टुंगो लगाउन ढिलाइ भएको छ। प्रदेश नम्बर ४ र ६ ले यो विषयलाई टुंग्याइसक्दा प्रदेश नम्बर ७ मा भने औपचारिकरूपमा छलफलसमेत हुन सकेको छैन।

सत्तापक्ष नेकपाबाट प्रतिनिधित्व गरिरहेका प्रदेश सांसद पूर्ण जोशीले अनौपचारिकरूपमा छलफल भए पनि औपचारिकरूपमा अहिलेसम्म कहीं कतै छलफल र बहस नभएको बताउनुभयो। 'अल्पकालीन र आर्थिक वर्ष २०७५/७६ को बजेटमा लगातार छलफल गर्नुपरेकाले प्रदेशको नामकरण र स्थायी राजधानीका लागि ठाउँ तोक्ने विषयले संसद्मा प्रवेश नै पाएको छैन', उहाँले भन्नुभयो- 'यद्यपि अनौपचारिकरूपमा पार्टीभित्र र अन्य सरोकारवालासँग छलफल भइरहेको छ।'

सांसद जोशीले प्रदेशको नामकरण र स्थायी राजधानी तोक्नका लागि ढिलो नभएको दाबी गर्नुभयो। तर, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले भने प्रदेशको नामकरण र स्थायी राजधानीको टुंगो छिट्टै लगाउनुपर्ने दबाब दिँदै आएको छ। कांग्रेस संसदीय दलले प्रदेश नामांकन र स्थायी राजधानीको सवालमा छलफल गराउनका लागि प्रदेश सचिवालयलाई झकझक्याउँदै आएको छ। 'समयमै प्रदेश नामकरण र राजधानीको टुंगो लगाइएन भने बजेट कार्यान्वयन र सचिवालय बनाउने सन्दर्भमा अप्ठ्यारो पर्न सक्छ', नेपाली कांग्रेसको प्रदेश संसदीय दलका नेतासमेत रहेका सांसद डा रणबहादुर रावलले भन्नुभयो- 'त्यसैले, सचिवालय र सम्मानीय सभामुखज्यूलाई यो विषयमा चाँडै बहस गरी निक्यौंलमा पुग्नका लागि आग्रह गरेका छौं।'

यो विषयले बहसका लागि चाँडै संसद्मा प्रवेश पाउने भन्दै सभामुखले आश्वासन दिएको नेता रावलले बताउनुभयो। उहाँले प्रदेशको नामांकन र स्थायी राजधानीको विषयलाई सकेसम्म चाँडो टुंग्याउनका लागि प्रमुख प्रतिपक्षीको हैसियतले प्रदेश सरकारलाई दबाब दिँदै आएकोसमेत बताउनुभयो।

# प्रांगारिक विधेयक तर्जुमाका लागि सुझाव संकलन

सुर्खेत, (नेस)

कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रांगारिक विधेयक तर्जुमाका लागि सुझाव संकलन शुरू गरेको छ।

प्रदेश राजधानी सुर्खेतको वीरेन्द्रनगरमा मन्त्रालयले एक कार्यक्रमको आयोजना गरी प्रांगारिक कृषि र पशुजन्य उत्पादन एवं विषादी नियन्त्रणसम्बन्धी विधेयक तर्जुमाका गर्न सुझाव संकलन गरेको हो। सुझाव संकलनमा विज्ञहरूले प्रांगारिक कृषि र पशुजन्य उत्पादन एवं विषादी नियन्त्रणार्थ चारको सिद्धान्त अपनाउन सुझाव दिएका छन्।

स्वास्थ्य, पर्यावरणीय, निष्पक्षता र स्याहारको सिद्धान्त अपनाएर विधेयक ल्याउन कृषि विज्ञ चित्रबहादुर रोकायाले सुझाव दिए। सरकारले यो प्रदेशलाई प्रांगारिक बनाउन उत्पादनको प्रशोधन र बजारीकरणमा विशेष व्यवस्था गर्न विज्ञहरूले सुझाएका छन्।

प्रांगारिक कृषिका चुनौती र समस्या समधानार्थ प्रदेश सरकार लागिपरेको भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री बिमला केसीले बताइन्। कार्यक्रममा वस्तुको प्रमाणीकरण, दक्ष जनशक्ति तथा प्रांगारिक कृषि बजारको अभाव, निर्यातमा कठिनाइ, बजार प्रबर्द्धनमा समस्या र ढुवानी सेवामा जटिलता भएको औंल्याइएको थियो।

# सानीभेरी पूर्ण खोप सुनिश्चित

रुकुम, (नेस)

रुकुम पश्चिमको सानीभेरी गाउँपालिका जिल्लाकै पहिलो पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा भएको छ। नेपाललाई पूर्ण खोप सुनिश्चित देश बनाउने राष्ट्रिय लक्ष अनुसार सानीभेरी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित भएको घोषणा गरिएको हो। गाउँपालिकाभित्र चालू आर्थिक वर्षभित्र सबैखाले खोप ९५ प्रतिशत पूरा भएको तथ्यांकअनुसार गाउँपालिका पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गर्न योग्य भएको सानीभेरी गाउँपालिका स्वास्थ्य संयोजक लोकेन्द्र डाँगीले बताउनुभयो।

पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गर्दै जिल्ला समन्वय समिति प्रमुख राजकुमार शर्माले गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गर्नु राम्रो भएको भन्दै यसलाई दिगो बनाउन जोड दिनुपर्ने बताउनुभयो। उहाँले सानीभेरी गाउँपालिका पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा हुनेमा रुकुमकै पहिलो भएकाले बधाई तथा धन्यवादसमेत व्यक्त गर्नुभयो। गाउँपालिकाले पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा कार्यक्रममा सहयोग गरेको भन्दै रुकुमेली समाज विकास केन्द्र, रुकुम र सेभ द चिल्ड्रेनलगायत महिला स्वास्थ्य स्वंसेविकाहरू, स्वास्थ्यकर्मीहरूलाई सम्मान गरेको छ।

# साझा सुविधा भवनमा पहिरो

प्रताप बानियाँ, म्याग्दी

म्याग्दीको बेनी नगरपालिका-२, ज्यामरुककोटस्थित शान्तिमिलन सामुदायिक वन क्षेत्रको परिसरमा रहेको साझा सुविधाको भवनमा पहिरोले क्षति पुऱ्याएको छ। वर्षाका कारण भवनभन्दा केही माथिबाट खसेको पहिरोका कारणले गर्दा महिला उद्यमीले काम गर्दै आएको अल्लोको तान रहेको कोठामा क्षति पुगेको हो।

सुख्खा पहिरोसँगै आएको ठूलो ढुंगाले लागेर भवनको छानामा रहेको जस्तापाता छेडेर भुइँमा खस्दा तानमा क्षति पुगेको साझा सुविधा केन्द्रले जनाएको छ। ढुंगाले लाग्दा २ वटा जस्तापाता र १ वटा फाइबर जस्तापातामा प्वाल पारेको छ भने झ्यालको सिसासमेत फुटेको छ। यसैगरी अल्लो उद्यमीको एउटा तानमा पूर्णरूपमा क्षति पुगेको छ भने अर्कोमा आंशिक क्षति भएको छ।

माथिबाट तीव्र गतिमा खसेको ढुंगाले लाग्दा तानसहित चर्का, धागो र पोकामा असर गरेको हुँदा करिब डेढलाख रुपियाँबराबरको क्षति भएको साझा सुविधा भवनका अध्यक्ष विष्णु गुरुङले गुनासो गरिन्। पहिरोसँगै खसेको ढुंगाका कारण अल्लोबाट उत्पादित सामग्री बनाउने अन्य तानमा पनि समस्या भएको उनले बताएकी छिन्। गत शुक्रबार दिउँसोको समयमा उद्यमी कोही नभएको अवस्थामा ढुंगा खसेर भवनमा क्षति पुऱ्याएको भए पनि मानवीय क्षति भने नभएको अध्यक्ष गुरुङको भनाइ छ। भवनमा काम गर्ने उद्यमी भएको समयमा पहिरो र ढुंगा खसेको भए उद्यमीको ज्यानैसमेत जानसक्ने सम्भावना रहेको उनले बताइन्।



पहिरोले पुऱ्याएको क्षतिको बारेमा स्थलगत अनुगमन गरेर आवश्यक सहयोग गरिदिनका लागि बेनी नगरपालिका कार्यालय र सम्बन्धित वडा कार्यालयमा अनुरोध गरिएको अध्यक्ष गुरुङले जानकारी दिएकी छिन्। बेनी नगरपालिकाकी उपप्रमुख सन्जु बरुवालले साझा सुविधाको भवनमा पहिरोसँगै ढुंगा खसेर क्षति पुऱ्याएको बारेमा जानकारी आएको बताउँदै स्थलगत अनुगमन गरेपछि आवश्यक सरसहयोग गरिने बताइन्।

हाल साझा सुविधा भवनमा दैनिकरूपमा ७ जना अल्लो उद्यमी महिलाले तानमा अल्लो कपडा उत्पादन गर्दै आइरहेका छन् भने ढाका उद्यमीले पनि तानमा ढाकाका विभिन्न उत्पादन उत्पादन गर्दै आइरहेका छन्। भवनको अन्य कोठामा ढाका उद्यम, कार्यालय सञ्चालन गरिएको छ भने उद्यमका लागि आवश्यक कच्चापदार्थ पनि राखिएको बताइएको छ।

# अपांगता भएका १४ जनालाई सहायता सामग्री

डोटी, (नेस)

डोटीको पूर्वीचौकी गाउँपालिकाका विभिन्न वडाका १४ जना अपांगता भएका व्यक्तिलाई सहायता सामग्री वितरण गरिएको छ। अपांगता भएका व्यक्तिलाई दैनिक जीवनयापन गर्नमा सहज होस् भन्ने उद्देश्यले लुथ्रन विश्व फेडरेसन र सर्वांगीण अपांगता विकास समाज कैलालीको सहयोगमा उपेक्षित समुदाय सशक्तीकरण तथा विकास मञ्च डोटीले सिलगढीमा एक कार्यक्रमको आयोजना गरी सो सामाग्री वितरण गरेको हो।

जसमध्ये ४ जनालाई ह्विल चियर, ३ जनालाई ट्राइ साइकल, ५ जनालाई सेतो छडी र २ जनालाई वैशाखी वितरण गरिएको उपेक्षित समुदाय सशक्तीकरण तथा विकास मञ्चका कार्यक्रम संयोजक कृष्ण उपाध्यायले बताउनुभयो।

उहाँले भन्नुभयो- 'गाउँघरमा दु:खपूर्ण जीवन बिताइरहेका विभिन्न खालका शारीरिक अपांगता भएका व्यक्तिलाई दैनिक जीवनयापनमा सहज होस् भनी सहायता सामग्री वितरण गरिएको हो, जसले गर्दा उहाँहरूलाई अवश्य पनि सहज हुन्छ।' अपांगता सहायता सामग्री ट्राइ साइकल पाएपछि आफूलाई हिँड्डुल गर्नमा निकै सहज हुने खुट्टाको अपांगता भएका पूर्वीचौकी गाउँपालिका-५ काँडामाडौंका रणबहादुर बोगटीले बताउनुभयो। उपेक्षित समुदाय सशक्तीकरण तथा विकास मञ्चले अपांगता भएका व्यक्तिहरूका क्षेत्रमा काम गर्दै आएको छ।

# खाल र कलौनमा पहिलोपटक सडक

बैतडी, (नेस)। बैतडीको दशरथचन्द नगरपालिका वडा १ को खाल र कलौनमा पहिलोपटक सडक पुगेपछि स्थानीयबासी खुसी भएका छन्। नगरपालिकाले चालू आर्थिक वर्षमा ग्रामीण क्षेत्रमा सडक पुऱ्याउने कामलाई प्राथमिकतामा राखेपछि स्थानीयबासी खुसी भएका हुन्।

वडा कार्यालयको १४ लाखको लगानीमा खाल कलौन सडक निर्माण गरिएको हो भने पितलथला सडक १० लाखमा निर्माण गरिएको हो। नगरपालिकाको वडा नं १ को दुर्गमबस्तीको रूपमा रहेको कलौन र पितलथलामा सडक पुगेपछि स्थानीयबासी हर्षित बनेका छन्।

# पूर्णसमानुपातिक निर्वाचन प्रणाली लागू गर्न माग

सुर्खेत, (नेस)

कर्णालीका महिलाले पूर्णसमानुपातिक निर्वाचन प्रणाली लागू गर्न माग गरेका छन्।

सोमबार नेकपा निकट अखिल नेपाल महिला संघ (क्रान्तिकारी) द्वारा आयोजित कर्णाली प्रदेशस्तरीय बैठक प्रशिक्षण तथा सम्मान कार्यक्रमका सहभागी महिलाले यस्तो माग राखेका हुन्। उनीहरूले राज्यको मूल प्रवाहमा महिलाको सहभागिता कमी भएको भन्दै नेपालको संविधान संशोधन गरेर पूर्णसमानुपातिक निर्वाचन प्रणाली लागू गर्न माग गरेका हुन्।

महिलाहरूले देशका २ ठूला पार्टीबीचमा एकता भइसक्दा पनि नेतृत्व तहमा कर्णालीका महिलाको सहभागिता नभएको औंल्याए। आगामी पार्टी कमिटी निर्माण गर्दा कम्तीमा ५१ प्रतिशत महिला सहभागिताका लागि दबाब दिने निर्णय भएको अखिल नेपाल महिला संघ (क्रान्तिकारी) की कर्णाली प्रदेश संयोजक हरिमाया शर्माले जानकारी दिइन्।

संगठनका तर्फबाट कर्णाली प्रदेशका १० वटै जिल्लामा सामाजिक विकृति, विसंगतिविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने पनि शर्माले बताइन्।

धुलिखेल नगरपालिका
धुलिखेल, काभ्रे
सार्वजनिक सूचना
यस धुलिखेल नगरपालिका वडा नं. ८ र ९ मा पर्ने देवीस्थान क्षेत्रको पर्यटकीय महत्वलाई मध्यनजर गरी देवी मन्दिरको १ कि.मी. अर्धव्यासको क्षेत्रमा घर र टहरा निर्माण गर्दा अधिकतम् उचाई मापदण्ड ७ मिटर कायम गर्ने भनी मिति २०७५ आषाढ १ गते बसेको धुलिखेल नगर कार्यपालिकाको बैठकले निर्णय गरेकोले आ.व.०७५/०७६ देखि यो नियम लागु हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।
प्रमुख प्रशासकीय अधिकृत
धुलिखेल नगरपालिका



# विश्व

**श्रद्धान्जली**
पास्तिानमा हालै भएको आत्मघाती बम आक्रमणमा मारिएकाहरूप्रति श्रद्धान्जली व्यक्त गरिँदै।



**अपमान**
थाइ गुफाकाण्ड उद्धारका गोताखोर भर्न अन्सवोर्थले आफूलाई अपमान गर्ने उद्यमी एलोन मस्कविरुद्ध कानुनी प्रक्रिया थाल्ने बताएका छन्।



2018, JUL Tuesday 17

विश्व २ मिनेट

## पाकिस्तान

### शोक कार्यक्रम

इस्लामावाद, (एजेन्सी)

स्वाधीनता पाएयता भएको दोस्रो सबैभन्दा भयंकर लडाँकू आक्रमणमा ९ जना बालबालिकालगायत १ सय ४९ व्यक्तिको ज्यान गएको कारण पाकिस्तानले शोक मनाउँदै छ। एकजना आत्मघाती आक्रमणकारीले शुक्रबार दक्षिण पश्चिमी प्रान्त बालोचिस्तानको मास्तुगमा एउटा चुनाव र्‍यालीलाई लक्षित गर्दै विस्फोट गराएका थिए। उक्त घटनामा अन्य १ सय ८० जनाभन्दा बढी घाइते भएका थिए। मर्नेमा स्थानीय चुनावका एकजना उम्मेद्वार पनि रहेका छन्। २५ जुलाईमा आम निर्वाचनको तयारी भइरहेका बेला हिंसात्मक गतिविधिमा निकै वृद्धि हुँदै गइरहेको छ।

## थाइल्यान्ड

### क्षतिपूर्तिको योजना

बैंकक, (एजेन्सी)

थाइल्यान्डको एउटा गुफामा थुनिएका १२ जना किशोरलाई सफल उद्धार कार्यमा लागेका एकजना बेलायती गोताखोरले आफूले एलोन मस्क नामक एकजना प्रविधि व्यवसायीविरुद्ध क्षतिपूर्तिको माग राख्दै मुद्दा हाल्ने योजना बनाएको सोमबार बताएका छन्। अहिले डिलेट गरिसकेको ट्विटमा मस्कले भर्न अन्सवोर्ठ नामक ती गोताखोरलाई बाल यौन दुराचारीको संज्ञा दिएका थिए। उनले बालकहरूलाई सफल उद्धार गरेपछि मस्कले बनाएको सानो पनडुब्बी सस्तो लोकप्रियता आर्जन गर्ने नाटक भएको बताएका थिए। सोमबार उनले आफू कानुनी प्रक्रियामा जाने विचारमा रहेको बताएका छन्।

## अमेरिका

### इयुको माग अस्वीकार

वासिङ्टन, (एजेन्सी)

इरानविरुद्ध लगाइएका प्रतिबन्धबाट युरोपेली कम्पनीलाई अलग राख्न युरोपेली संघले राखेको मागलाई अमेरिकाले अस्वीकार गरेको छ। युरोपेली देशलाई लेखिएको एक पत्रमा अमेरिकी गृहमन्त्री माइक पोम्पियोले इरानमाथि अझ थप दबाब दिन चाहेकाले अमेरिकाले अपिललाई खारेज गरेको उल्लेख गरेको छ। यो छुट अमेरिकालाई फाइदा पुर्‍याउने सर्तमा मात्र दिन सकिने पनि पत्रमा उल्लेख गरिएको छ। वासिङ्टनले लगाएको नयाँ प्रतिबन्धबाट अर्बौं डलरको व्यापार खतरामा पर्न सक्ने युरोपेली संघलाई डर रहेको बताइएको छ। 'हामी इरानमाथि अभूतपूर्व वित्तिय दबाब दिन चाहन्छौं' -अर्थमन्त्री स्टिव मुनसिनले बताए।

## भारत

### सामूहिक आत्महत्या

राँची, (एजेन्सी)

भारतको झारखन्ड राज्यको हजारीबाग सहरमा एक व्यवसायी परिवारका सबै ६ सदस्यको लास घरभित्र फेला परेको प्रहरीले बताएको छ। घरबाट ६ वटै सुसाइड नोट पनि बरामद भएको प्रहरीले जानकारी दिए। ती सबै नोट रातो खाममा राखिएका थिए। उक्त घटनामा मृतकहरूको शव फरक-फरक स्थितिमा बरामद भएको र त्यसको पोस्टमार्टम भइसकेको प्रहरीले बताए। सुसाइड नोटमा स्वेच्छाले आत्महत्या गरेको उनीहरूले लेखेका छन्। सुसाइड नोटमा सानो बच्चालाई झुन्ड्याउन नसकिने भएकाले उसको हत्या गरिएको लेखिएको थियो। उक्त नोट कसले लेखेको हो भन्ने विषयमा जाँच भइरहेको प्रहरीले बताए।

# आक्रोशित भीडद्वारा तीनसय गोही मारिए

जाकार्ता, (एजेन्सी)

इन्डोनेसियाको वेस्ट पपुवा प्रान्तको एउटा वन्यजन्तु आरक्षणमा आक्रोशित गाउँलेको एक भीडले झन्डै ३ सयभन्दा बढी गोही मारेको छ। त्यहाँको एउटा गोहीले एकजना स्थानीय पुरुषको ज्यान लिएको बदलास्वरुप तिनीहरूले यसरी आक्रमण गरेको प्रहरीले जनाएको छ।

सो आरक्षणका अधिकारी र प्रहरीले आफूहरूले तिनीहरूको आक्रमण रोक्न नसकेको र अब तिनीहरूविरुद्ध अभियोग लगाउने तयारी भइरहेको बताएका छन्। इन्डोनेसियामा आरक्षित जनावरका हत्या गर्नुलाई गम्भीर अपराध मानिन्छ। यसबापत अभियुक्तलाई जरिवाना र काराबास वा जरिवाना वा दुवै सजाय हुन सक्छ। शुक्रबार बिहान एकजना स्थानीय गाउँले गोही प्रजनन् आरक्षणमा सागपात संकलन गर्ने क्रममा मारिएका थिए। वेस्ट पपुवास्थित इन्डोनेसियाको प्राकृतिक स्रोत संरक्षण निकायको अध्यक्षले भनेका छन्- 'एकजना कर्मचारीले मद्दतका लागि कोही चिच्याएको सुने। तत्काल त्यहाँ गएर हेर्दा एक व्यक्तिलाई गोहीले आक्रमण गरिरहेको देखे।'

शनिबार ती व्यक्तिको अन्त्यष्टिपछि थुप्रै संख्यामा स्थानीय आक्रोसित व्यक्ति हातमा छुरा, साबेल, घन र गडा बोकेर गोहीलाई आक्रमण गर्न सो आरक्षणमा पुगेका थिए। स्थानीय सञ्चार माध्यमले तिनीहरूले पहिले आरक्षणको कार्यालयमा तोडफोड गरेको र त्यसपछि त्यहाँ रहेका सम्पूर्ण गोही मारेको जनाएको छ।

PRABHU BANK

प्रभु बैंक लिमिटेड

"नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतप्राप्त संस्था"
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ४७८८५००, फ्याक्स नं. ९७७-१-४७८०५८८
E-mail: info@prabhubank.com, url: www.prabhubank.com

**अवितरित हकप्रद शेयरको बाँडफाँड सम्बन्धी सूचना**

श्री प्रभु बैंक लिमिटेडको **"संस्थापक"** समूह तर्फ १५,६०,२०३ कित्ता तथा **"सर्वसाधारण"** समूह तर्फ ६,७१,०६२ कित्ता शेयर मिति २०७५/०३/११ देखि मिति ०७५/०३/१८ गते सम्म शिलबन्दी बोलपत्रद्वारा खरिद गर्न आव्हान गरिएकोमा सो अवधि भित्र प्राप्त आवेदनहरु मिति २०७५/०३/२५ गतेका दिन बोलपत्रदाताहरुको रोहबरमा शिलबन्दि बोलपत्रहरु खोली प्रचलित कानुन बमोजिम निष्काशनकर्ता बैंकको संचालक समितिको निर्णय अनुसार बाँडफाँड गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आवेदकहरुको बाँडफाँडमा नपरेको शेयर वापतको रकम आवेदकहरुले दरखास्त फाराममा उल्लेख गरिएको बैंक खाता नम्बरमा IPS प्रणालीद्वारा रकम **मिति २०७५/०४/०२ गते बुधबार** का दिनदेखि जम्मा गर्ने व्यहोरा सम्बन्धित सबैका लागि अनुरोध गरिन्छ। साथै बाँडफाँडमा परेको शेयरधनी महानुभावहरुको शेयर नेपाल स्टक एक्सचेन्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ लिमिटेडमा सूचिकृत भए पश्चात मात्र बोलपत्र फाराममा उल्लेख गरेको हितग्राही खातामा जम्मा गरिने व्यहोरा जानकारी गराईन्छ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
prabhu CAPITAL
**प्रभु क्यापिटल लिमिटेड**
कमलादी, काठमाडौं, फोन नं. ४२२२५३५, ४२२२९८७, फ्याक्स:४२२२८०२
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com
(A Subsidiary of Prabhu Bank Ltd.)

**Pokhara-Lekhnath Metropolitan City**
**Office of the Municipal Executive**
New Road, Pokhara

**Invitation for Bids for the Construction of Ward Offices of Pokhara Lekhnath Metropolitan City**

Date of publication: July 17, 2018

1. Pokhara-Lekhnath Metropolitan City invites electronic bids from eligible bidders for the Construction of Ward Office Buildings of Ward No: 19, 22 & 30 under National Competitive Bidding: Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
2. Minimum requirements for Average Annual Construction Turnover (AACT) of the best 3 years and Minimum Work experience of similar size and nature within the last 10 years are as follows:

| S N | Name of the Works | IFB No | Contract Id No. | Minimum AACT, NRs | Similar Nature Experience, Nrs | Bid Security, NRs |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Office Building of Ward No:19 | 28/PLMC/ 074-075 | 53/PLMC/NCB/ W/074-075 | 3,65,00,000 | 2,45,00,000 | 7,60,000.00 |
| 2 | Construction of Office Building of Ward No:22 | 29/PLMC/ 074-075 | 54/PLMC/NCB/ W/074-075 | 4,05,00,000 | 2,70,00,000 | 8,40,000.00 |
| 3 | Construction of Office Building of Ward No:30 | 30/PLMC/ 074-075 | 55/PLMC/NCB/ W/074-075 | 3,65,00,000 | 2,45,00,000 | 7,60,000.00 |

For applying more than one contract, combine qualification requirement as specified in the bidding documents shall apply.

3. A complete set of Bidding Documents is available in PPMO's e-GP system www.bolpatra.gov.np/egp. Biddersshould deposit the cost of bidding document of Nrs. 5,000.00 for each contract in account as specified below:
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Rastriya Banijya Bank Ltd., Prithvichowk , Pokhara, Kaski.
   Name of the Office: Pokhara-Lekhnath Metropoitan City Office
   Office Account no: 3020304018106
4. Pre-bid meeting shall be held at Pokhara-Lekhnath Metropoitan City Office Pokhara, Kaskiat August 06, 2018 at 12:00 hours.
5. Electronic bids must be submitted through the PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hrs on August 17, 2018. Bids received after this deadline will be rejected.
6. The bids will be opened immediately after submission deadline in the presence of Bidders' representatives who choose to attend at August 17, 2018at the office of Pokhara-Lekhnath Metropolitan City Office, Pokhara, Kaski.
7. Bids must be valid for a periodof minimum upto November 15, 2018 and must be accompanied by a scanned copy of the bid security in pdf.format, amounting to a minimum as specified in the table abovefor each contract which shall be valid minimum upto December 15, 2018.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall beconsidered as the last date. In such case the validity period of the bid security shall remain the same as specified forthe original last date of bid submission.

**Chief Administrative Officer**

# ट्रम्प र पुटिनबीच हेलसिन्कीमा वार्ता

हेलसिन्की, (एजेन्सी)



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनबीच फिनल्यान्डको राजधानी हेलसिन्कीमा पहिलो औपचारिक वार्ता भएको छ। वार्ता शुरू हुनुअगाडि दुई नेताले एकअर्कासँग हात मिलाएका थिए। ट्रम्पले रुसका राष्ट्रपति पुटिनलाई विश्वकप फुटबलको सफल आयोजनका लागि बधाइ दिए।

ट्रम्पले भने- 'म तपाईंलाई वास्तवमै अत्यन्त लोकप्रिय वर्ल्डकप फुटबल अहिलेसम्मकै सर्वश्रेष्ठ आयोजनामध्यको एक बनाउन सफल भएकामा बधाइ दिन्छु।' वार्तामा बस्नुअगाडि ट्रम्पले सकारात्मक नतिजा निस्कनेमा आफू आशावादी रहेको अभिव्यक्ति दिएका थिए। 'दुई देश एकै ठाउँमा आउनु भनेको ठूलो अवसर हो भन्ने मैले लिएको छु', ट्रम्पले भने- हामी असाधारण सम्बन्ध अन्त्य गर्छौं भन्ने मलाई लागेको छ।

उक्त वार्ता अगाडि शुक्रबार अमेरिकाले रुसका १२ गुप्तचर अधिकारीमाथि ह्याकिंगको अभियोग लगाएका थिए। उनीहरूमाथि सन् २०१६ को राष्ट्रपति चुनावमा डेमोक्र्याटिक पार्टीका उम्मेद्वार हिलारी क्लिन्टनको प्रचार अभियानमा साइबर हमला गरेको आरोप लगाएको छ। त्यसपछि अमेरिकाका नेताहरूले डोनाल्ड ट्रम्पलाई पुटिनसँगको शिखर वार्ता रद्द गर्न दबाब दिएका थिए।

ट्रम्पले शिखर वार्ताअगाडि ट्विटरमा उनको देशको रुससँग सम्बन्ध यसअघि कहिल्यै यति खराब नभएको लेखेका थिए। उनले यसका लागि अमेरिकी नेताहरूलाई जिम्मेवार ठहर्‍याए। अमेरिकी राष्ट्रपतिले एक ट्विटर सन्देशमा आफ्ना पूर्ववर्तीहरूको 'अकर्मन्यता' र सन् २०१६ मा रुसको कथित हस्तक्षेपको 'धाँधलीपूर्ण' जाँचको निन्दा गरेका थिए। ट्रम्पमाथि यस वार्तामा पुटिनसमक्ष ह्याकिंग मामिला उठाउन दबाब छ तर यो वार्ताका लागि कुनै एजेन्डा तय गरिएको छैन। वार्तामा व्यापार, सेना र चीनसहित हरेक मुद्दामा चर्चा हुने अमेरिकी राष्ट्रपति ट्रम्पले बताए।

### युरोपली संघ अमेरिकाको ठूलो शत्रु

बहुप्रतिक्षित हेलसिन्की वार्तापूर्व एक अन्तर्वार्तामा राष्ट्रपति ट्रम्पले युरोपली युनियनलाई विश्वभरिमै अमेरिकाको 'सबैभन्दा ठूलो शत्रु' को संज्ञा दिए। सीबीएस इभिनिङ न्युजमा प्रकाशित ट्रम्पको उक्त अन्तर्वार्ता स्कटल्यान्ड, टर्नबेरीस्थित उनकै गल्फ क्लबमा आइतबार बिहान लिइएको थियो। विश्वमा अमेरिकाका शत्रुका विषयमा सोधिएको प्रश्नको जवाफमा रुस र चीनको प्रसंगसँगै ट्रम्पले इयुको उल्लेख गरे। यसमा अमेरिकाका सबैभन्दा पुराना निकट सहयोगीमध्ये थुप्रै परेका छन्।

'मलाई लाग्छ हामीसँग धरै नै शत्रु छन्। व्यापारमा हामीमाथि तिनीहरूले जे गरे त्यसका आधारमा मलाई लाग्छ युरोपेली युनियन एक शत्रु हो। अहिले तपाईंले युरोपेली युनियनका विषयमा सोच्न सक्नुहुन्न तर तिनीहरू शत्रु नै हुन्। रुस कुनै हदसम्म शत्रु हो। चीन आर्थिक हिसाबले शत्रु हो। निश्चितरुपमा तिनीहरू शत्रु हुन्। तर त्यसको अर्थ उनीहरू खराब छन् भन्ने होइन। यसको अर्थ तिनीहरू प्रतिस्पर्धी हुन्', आइतबार सीबीएस एन्कर जेफ ग्लोरलाई दिएको अन्तर्वार्तामा ट्रम्पले बताएका थिए- 'तिनीहरू राम्रो गर्न चाहन्छन् र हामी पनि राम्रो गर्न चाहन्छौं।'

ट्रम्पको यो टिप्पणी बेलायत इयुबाट अलगिने विषयमा भइरहेको तनावपूर्ण वार्ताको समाधानका लागि इयुमाथि मुद्दा हाल्न बेलायती प्रधानमन्त्री टेरिजा मेलाई ट्रम्पको सुझाव सार्वजनिक भएपछि आएको हो।

# बज्यैको हत्यापछि नातिनीको टाउको काटियो

वासिङ्टन, (एजेन्सी)



अमेरिकाको अलावामा राज्य निवासी एकजना शारीरिक र मानसिकरुपमा अशक्त १३ वर्षिया किशोरीको गत महिना टाउको काटेर हत्या गरिएको यस घटनामा अनुसन्धानरत प्रहरीले बिहीबार जनाएको छ। एउटा चिहानमा आफ्नी हजुरआमाको ज्यान जाने गरी छुरा प्रहार गरेको प्रत्यक्षदर्शी भएकै कारण उनले पनि ज्यान गुमाउनुपरेको बताइएको छ। हन्टसभिल्ले निवासी ती किशोरीको शव सोही चिहानमा फेला परेको थियो।

मेडिसन काउन्टी कोर्टमा २६ वर्षिय योनी अगुलार नामक पुरुषविरुद्ध यस हत्याकाण्डको अभियोगमा प्रारम्भिक सुनुवाइ भएको छ। अगुलार र अर्का ३४ वर्षीय इजरायल पालोमिनोलाई गत जुनमा ४९ वर्षीया ओरालिया मेन्डोजा र उनकी नातीनी मारियाह लोपेजको हत्या गरेको अभियोग लगाइएको छ। सरकारी सुत्रले मेन्डोलोजा विश्वको सबैभन्दा खतरनाक र शक्तिशाली लागूऔषध ओसारपसार गिरोहमध्ये एक सिनालोआ कार्टेलका सदस्य रहेको बताएको छ। अनुसन्धानकर्तालाई बयान दिने क्रममा अगुलारले मेन्डोलोजा, पालोमिनो र अन्य १ जना महिला जुन महिनाको शुरूमा एक किलोग्राम मिथाएम्फेटामाइन लिन जर्जिया गएको बताएका छन्। लागूऔषध किन्ने मामिलामा चर्को विवाद हुँदा मेन्डोलोजामाथि आक्रमण भएको थियो।

नेताले देश त यस्तो बनाए बनाए,
नेताहरू नै मेडिकल कलेज र
अस्पताल खोलेर व्यापार गर्दैछन्।

■ समाचार संक्षेप

## युवतीको शव फेला

कञ्चनपुर, (नेस)

कञ्चनपुरको कृष्णपुर नगरपालिका-८ शान्तिपुरकी १७ वर्षीया कविता विष्टको हत्या गरिएको अवस्थामा शव फेला परेको छ। कञ्चनपुरको कृष्णपुर नगरपालिकामा गाडेको अवस्थामा युवतीको शव फेला परेको हो। कृष्णपुर नगरपालिका वडा नम्बर २ मा पर्ने मोहना लालझाडी वन क्षेत्रको अमखैया खोला नजिक जमिनमा गाडिएको अवस्थामा अन्दाजी १७ वर्षिया युवतीको शव फेला परेको हो।

असार २६ गते कैलालीको अत्तरीया बजारमा सामान किनमेल गर्न गएकी र फर्कदा एकजना युवकसँगै मोटरसाइकलमा आएकी र सोही दिनदेखि वेपत्ता भएको युवतीका आफन्तले प्रहरीसमक्ष मौखिकरूपमा बताएका प्रहरीले जनाएको छ। प्रहरीले युवती हत्यामा संलग्न भएको आशंकामा आइतबार बेलुका कृष्णपुर बाणीका मदन गिरीलाई नियन्त्रणमा लिएको र घटनाबारे थप अनुसन्धान भइरहेको कञ्चनपुर प्रहरी प्रमुख प्रहरी उपरीक्षक डिल्लीराज विष्टले जानकारी दिनुभएको छ।

## हतियारसहित पक्राउ

बर्दिया, (नेस)

५ नं प्रदेश प्रहरी कार्यालय तुल्सीपुर दाङ र इलाका प्रहरी कार्यालय मैनापोखर बर्दियाबाट खटिएको संयुक्त प्रहरी टोलीले जिल्ला बर्दिया बढैयाताल गाउँपालिका वडा नं २ सितापुर बस्ने वर्ष २६ को खुमबहादुर थापा र सोही ठाउँ बस्ने वर्ष २७ को खड्कबहादुर सुनारलाई सोही ठाउँबाट १२ बोरको बन्दुक थान-१ र सोही बन्दुकमा लाग्ने गोली २ राउन्डसहित पक्राउ गरेको छ।

पक्राउ परेका अभियुक्तलाई कारबाहीका लागि पेस गरी थप अनुसन्धानका लागि जिल्ला प्रशासन कार्यालय गुलरिया बर्दियाबाट दिन १० को म्याद थप भई अनुसन्धान भइरहेको र निजहरूलाई हातहतियार तथा खरखजाना ऐन, २०१९ बमोजिम अवैध हतियार राखेको अभियोगमा कारबाही गरिने कुरा जिल्ला प्रहरी कार्यालयबाट थाहा भएको छ।

साथै जिल्ला बर्दिया बढैयाताल गाउपालिका वडा नं १ बस्ने डम्बरबहादुर खड्काको घरबाट भरुवा बन्दुक थान-१ फेला पारी रितपूर्वक बरामद गरी निजको खोजतलास तथा अनुसन्धान कार्य भइरहेको कुरा जिल्ला प्रहरी कार्यालय बर्दिया प्रवक्ता प्रहरी नायब उपरीक्षक युवराज खतिवडाले जानकारी गराउनुभयो।

## मृगौला पीडितलाई सहयोग

पर्वत, (नेस)

रोजगारीका लागि अष्ट्रेलियामा रहेका प्रवासी नेपालीले पर्वतको कुश्मा नगरपालिका-३ दुर्लुङकी मृगौला पीडित महिला अमृता शर्मालाई सहयोग उपलब्ध गराएका छन्।

अष्ट्रेलियामा बस्दै आएका कुश्मा नगरपालिका-४ का गणेश आचार्य र उनकी श्रीमती करुणा आचार्यको पहलमा विभिन्न व्यक्तिबाट ६० हजार नगद रकम संकलन गरी पीडितलाई प्रदान गरिएको हो। आइतबार सहयोगदाता आचार्यका बाबुआमा डिल्लीराज शर्मा, सरस्वती शर्मा र भाइ गंगाराज शर्माले पीडित अमृता शर्मालाई उक्त रकम हस्तान्तरण गरेका थिए।

मृगौला पीडित शर्मा विगत एक महिनादेखि फिस्टेल अस्पताल पोखरामा डाइलोसिस गराइरहेकी छिन्। २ सन्तानकी आमा बनिसकेकी अमृता यतिबेला आफ्ना दुवै मृगौलाले काम गर्न छाडेपछि डाइलोसिस गरेर जीवन धान्न बाध्य भएकी छन्।

## अस्पताललाई उपकरण

बुटवल, (नेस)

लायन्स क्लब अफ बुटवलले नवजात शिशु तथा प्रसुती उपचारमा प्रयोग हुने साढे २५ लाख रूपियाँ बराबरको स्वास्थ्य उपकरण लुम्बिनी अञ्चल अस्पताल बुटवललाई प्रदान गरेको छ।

इटालीस्थित गैरसरकारी संस्था एएनटी, एमटीटीएस र डे वान हेल्थले अमेरिकी डलर २१ हजार ५ (२५ लाख ५० हजार रुपियाँ) बराबरका विभिन्न थरिका उपकरण क्लबलाई उपलब्ध गराएको हो। नवजात शिशु र सुत्केरी आमाको उपचारमा प्रयोग हुने फायर फ्लाइट फोटोथेरापी, आई प्याच, अल्कोहल मिटर, स्कीन सेन्सर, कोलिब्री फोटोथेरापी, इफ्यान्ट वार्मर, बेबी बानेट, लाइट मिटर, ड्युओ नोजल क्यानुल्सलगायतका उपकरण लायन्स क्लब अफ बुटवलका अध्यक्ष सुनिलकृष्ण श्रेष्ठले अस्पताल विकास समितिका अध्यक्ष रमेश खनाललाई सोमबार हस्तान्तरण गर्नुभएको हो।

यी उपकरणको प्रयोगले नवजात शिशुको उपचारमा सहजता आउने र जन्डिसलगायत रोगको संक्रमणबाट बचाउने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. कृष्ण खनालले बताउनुभयो।

# वार्ता टोली गठन, वार्ता जारी

**नेपाल समाचारपत्र**

काठमाडौं

सरकारले चिकित्सा शिक्षा सुधारको ७ बुँदे माग राख्दै आमरण अनसनमा बस्नुभएका प्रा. डा. गोविन्द केसीसँग वार्ता गर्न वार्ता टोली गठन गरेको छ।

सोमबार सिंहदरबारमा बसेको मन्त्रीपरिषद्को बैठकले तीन सदस्यीय वार्ता टोली गठन गरेको हो। अनसनको १७ औं दिनसम्म पनि सरकारले कुनै चासो नदेखाएको भन्दै आलोचना बढेपछि वार्ता टोली गठन भएको हो।

शिक्षा सचिव खगराज बरालको संयोजकत्वमा बनाइएको समितिमा गृह र स्वास्थ्य मन्त्रालयका सहसचिव सदस्य रहेका छन्। वार्ता टोलीमा डा केसीका तर्फबाट वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी, अधिवक्ता ओम अर्याल, डा अभिशेक राज सिंह र नेपाल चिकित्सक संघका प्रतिनिधी रहेका छन्।

वार्ता टोली गठनलगत्तै सोमबार बेलुकाबाटै शिक्षा मन्त्रालयमा वार्ता सुरु भएको छ। यो समाचार तयार पार्दासम्म वार्ता जारी रहेको छ।

# गण्डकीमा जहाज चलाउन भारतको सुझाव

**नेपाल समाचारपत्र**

काठमाडौं

सरकारले अघि बढाएको महत्त्वाकांक्षी पानी जहाज परियोजनालाई साकार बनाउन भारतले गण्डकी नदीलाई प्राथमिकता दिएको छ। कोशीको तुलनामा गण्डकी उपयुक्त हुने भारतीय ठहर छ।

जल तथा उर्जा आयोगले भारतीय अधिकारीहरूसँग काठमाडौंमा गरेको छलफलका क्रममा भारतले गण्डकी उपयुक्त हुने सुझाएको हो। ३ सय मेट्रिक टन हाराहारीको सामान बोक्ने पानी जहाज गण्डकी (नारायणी) नदीमा चलाउन सकिने सुझाव भारतीय पक्षले दिएको परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले जानकारी दिनुभयो।

सोमबार पराष्ट्र मन्त्रालयमा सञ्चारकर्मीहरूसँग उहाँले भन्नुभयो- 'आगामी दुई बर्षभित्र गण्डकी (नारायणी) मा पानी जहाज चल्ने छ, जहाज चलाउन आवश्यक पर्ने प्राविधिक सहयोग भारतले दिनेछ।' प्रधानमन्त्री ओलीको अघिल्लो कार्यकालमा पानी जहाजको विषय निकै चर्चामा थियो। यसैगरी गत निर्वाचन ताका समेत तत्कालिन नेकपा एमालले यो एजेण्डालाई प्राथमिकतामा राखेको थियो।

### उपराष्ट्रपति...

उहाँका अनुसार नाराणहिटी परिसरभित्र रहेको राहदानी विभागलाई नै निवास र कार्यालय बनाउने विषयमा कुराकानी भइरहेको छ। अस्थायी भन्दा पनि दिर्घकालिन रूपमा नै कार्यालय र निवास बनाउनु पर्नेमा जोड दिदै उहाँले अहिले कार्यालय रहेको भवनको रेट्रोफिटिङ गर्नको लागि पनि करिब पाँच करोड रूपैयाँ खर्च हुने अनुमान गरिएको बताउनुभयो।

कार्यालयको रेट्रोफिटिङ गर्दा ललितपुरस्थित जल उत्पन्न प्रकोप नियन्त्रण विभागमा सार्ने तयारी गरिएको छ। महिला बालबालिका तथा समाज कल्याण परिषद् रहेको कार्यालयलाई नै निवास बनाउने चर्चा चले पनि पर्याप्त जग्गा नहुँदा के गर्ने भन्ने विषयमा निर्णय हुन नसकेको बताइएको छ। उपराष्ट्रपतिको कार्यालय र निवासमा मात्र एक सय भन्दा बढी सुरक्षाकर्मी खटिने भएकाले धेरै जग्गा चाहिने बताउँदै प्रवक्ता पाण्डेले भन्नुभयो, 'संस्थाको नाम र मानको लागि पनि स्थायी संरचना चाहिन्छ, पटक-पटक सरिरहने होइन।'

हाल उपराष्ट्रपति नन्दबहादुर पुन बस्दै आउनुभएको लैनचौरस्थित निवासमा यसअघि काठमाडौ महानरपालिकाका मेयर, त्यसपछि अख्तियार दुरपयोग अनुसन्धान आयोगका प्रमुखको निवास रहेको थियो। सोही भवनलाई नै सरकारले हाल उपराष्ट्रपतिको निवासको रूपमा सञ्चालन गर्दै आएको छ।

### किन...

योजना कार्यान्वयन नभएको भेटिए समस्याको समेत समाधान खोजिने इकाइ गठन भएको प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका प्रवक्ता कुँवरको भनाइ छ।

वेदव्यास पोखेल भन्नुहुन्छ-'सरकारले आफैं आफ्ना निर्णयलाई बेवास्ता गरेर काम गरिरहेको छ। अघिल्लो सरकारले गरेका राम्रा निर्णय खारेज गरेको देखिन्छ। यस्तो पारा देख्दा लाग्छ, सरकारले निर्णय कार्यान्वयन गर्ला भन्ने विश्वास तोडियो।'

### कांग्रेस...

यस्तो अवस्थामा मौलाउदै गएको गुटउपगुटका कारण विधान संशोधन मस्यौदा समितिनै गठन हुनसकेको छैन। साथै पार्टीभित्र केन्द्रीय विभागलाई भन्दा बढी महत्व दिइएको केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठान समेत १३ औं महाधिवेशनपछि निष्कृयप्राय: छ। कांग्रेस नेताहरूको गुटगत भेला पार्टी संगठनलाई थप मजवुत बनाउदै अझ चलायमान बनाउन केन्द्रित रहेको बताइँदै आएको छ।

तर यस्ता गुटगत भेलाहरू पार्टी र पार्टी संगठनको हितको लागि भन्दा नेताहरूको व्यक्तिगत स्वार्थ पुरा गर्नका लागि हुने गरेको आरोप लागिरहेको छ।

यद्यपि देउवा पक्षको भेलामा पार्टीलाई एकतावद्ध ढंगले कसरी लैजाने र पार्टी संगठनलाई कसरी थप चलायमान बनाउने भन्ने बारेमा छलफल भएको सहमहामन्त्री डा.प्रकाशशरण महत बताउनुहुन्छ। यस्तै सोमबारको पौडेल र सिटौला पक्षको भेलामा पनि पार्टीलाई एकतावद्ध र प्रभावकारी बनाउनेबारे छलफल भएको केन्द्रीय सदस्य नवीन्द्रराज जोशी बताउनुहुन्छ। केस जोशी भन्नुहुन्छ- 'मुख्य कुरा पार्टीलाई एकतावद्ध र सशक्त रूपमा अघि लैजाने विषय नै हो।'

विधानअनुसारका विभिन्न महत्वपुर्ण समितिहरू अझै गठन नभएको, विधान संशोधन समिति नबनेको र महासमितिको मिति नतोकिएको विषयमा छलफल भएको उहाँको भनाइ छ। केस जोशी थप्नुहुन्छ- पार्टी विधिविधानअनुसार चल्नुपर्छ। विधानअनुसारका समिति र विभागहरू तत्काल गठन हुनुपर्छ। महासमितिको मिति तोकी वृहत्तर एकताका साथ पार्टी अघि बढ्नुपर्छ।'

### उप्रेती...

नेपाली काँग्रेसका नेता समेत रहनुभएका तत्कालिन राजदूत दीपकुमार उपाध्यायले गत भदौमा राजिनामा गरेपछि दिल्ली दूतावास राजदूतविहीन बनेको हो। यसैगरी मलेसियाका लागि पाण्डेलाई राजदूत सिफारिस गरिएको परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले जानकारी दिनुभयो। पाण्डे यसअघि साउदी अरेवियाका लागि राजदूत हुनुहुन्थ्यो। एमालेका तत्कालिन विदेश विभाग सदस्य पाण्डे झलनाथ खनाल प्रधानमन्त्री रहनु भएका बेला राजदूत नियुक्त हुनु भएको थियो।

संयुक्त राष्ट्र संघमा नेपाली स्थायी प्रतिनिधी नियुक्ती प्रकृया भने अझै हुन सकेन। परराष्ट्र मन्त्रालयका सचिव शंकर बैरागी सो पदमा बलियो दावेदार भए पनि उहाँले सचिवकै कार्यकाललाई निरन्तरता दिने इच्छा जनाएपछि तत्काललाई राष्ट्र संघ दूत नियुक्त हुन नसकेको परराष्ट्रले जनाएको छ। बैरागी परराष्ट्रकै सचिवमा निरन्तरता पाउँदा सोही मन्त्रालयका बरिष्ठ सह-सचिव भरतराज पौड्याल न्यूयोर्कका लागि राजदूत बन्ने बलियो संभावना बढेको छ।

पौड्याल भन्दा बरिष्ठ सह-सचिव खगनाथ अधिकारी हाल थाइल्यान्डको राजदूतका रूपमा रहनु भएको छ। तर उहाँले उमेर हदका कारण यही साउनमा अवकास पाउने भएकाले पौड्याललेे न्यूयोर्कको जिम्मेवारी सम्हाल्ने संभावना उच्च भएको हो। यस अघिका स्थायी प्रतिनिधी दुर्गाप्रसाद भट्टराईको कार्यकाल गत कार्तिकमा सम्पन्न भएकाले उहाँलाई गत असार २४ गतेको मन्त्रीपरिषद बैठकले फिर्ता बोलाएको छ।

विगत २ वर्षदेखि राजदूतविहीन बनेको खाडी मुलुक यूएईका लागि भने राजदूत नियुक्ती प्रकृया अझै लम्बिने भएको छ। यसअघि त्यहाँ परराष्ट्र सेवाका धनञ्जय झा राजदूत रहनुभएकाले रिक्त पदमा कसलाई करियर राजदूत नियुक्त गर्ने भन्नेबारे परराष्ट्रले टुङ्गो लगाउन सकेको छैन। झा २०७२ चैत्र अन्तिम साता सेवानिवृत्त भएपछि परराष्ट्रका उपसचिव सागर प्रसाद फुयाँल कार्यवहाक बन्नुभएको छ।

यस्तै राजस्व प्राधिकरण काठमाडौंको अध्यक्षमा उच्च अदालत पाटनका न्यायाधिश किशोर सिलवाललाई नियुक्त गरिएको, भूकम्पबाट अति प्रभावित १४ जिल्लामा भूकम्प प्रतिरोधि विद्यालय भवन निर्माणका लागि एसियाली विकास बैंकबाट करिव १ सय ६४ मिलियन अमेरिकी डलर ऋण तथा अनुदान सहायता लिनका लागि वार्ता टोली गठन गर्ने निर्णय भएको सञ्चार तथा सूचना प्रविधि मन्त्री एवम् सरकारका प्रवक्ता गोकुलप्रसाद बाँस्कोटाले जानकारी दिनुभयो।

नेपाल न्याय सेवा न्याय र कानुन समूहको राजपत्रांकित प्रथम श्रेणीको अधिकृतहरू मध्ये न्याय तर्फ १० जना र कानुन तर्फ ५ जनाको सरुवा गरिएको, भू-सूचना प्रणाली संचालन पहिलो संचालन निर्देशिका, २०७५ स्वीकृत गरिएको, आम संचारसम्बन्धि नयाँ विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति दिइएको, राहदानी सम्बन्धि कानुनलाई संशोधन गर्न बनेको विधेयकलाई संघीय संसदमा पेश गर्न पनि स्वीकृति प्रदान गरिएको, विद्युतीय राहदानी जारी गर्ने निर्णय भएको उहाँले बताउनुभयो।

### केन्द्रमै...

यसैगरी प्रदेशमा मुख्यमन्त्रीको कार्यालयसहित ७ मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश प्रमुखको कार्यालय, भौतिक पूर्वाधार विकास, भूमि व्यवस्था कृषि तथा सहकारी, सामाजिक विकास र उद्योग पर्यटन तथा वन वातावरण मन्त्रालयअन्तर्गत एक-एक डिभिजन कार्यालय, निर्देशनालयहरू, कृषि, सिँचाइ, वन, शिक्षा, सडक, पूर्वाधार, विद्युत, खानेपानी, स्वास्थ्य, भूमि पशु विकास, गुठीसम्बन्धी प्रादेशिक तथा प्रदेशअन्तर्गतका कार्यालयहरू रहनेछन्। स्थानीय तहमा ७ सय ५३ स्थानीय तह, ७७ जिल्ला समन्वय समिति, कृषि, वन, स्वास्थ्य, शिक्षा, सिँचाइ, खानेपानीका विभिन्न एकाइहरू रहनेछ।

समितिका संयोजक सचिव कोइरालाले तीनै तहमा रहने कर्मचारीसहित विभिन्न निकायको ओ एन्ड एम सर्वेक्षणसहितको प्रतिवेदन अन्तिम अवस्थामा पुगेको जानकारी दिनुभयो। मन्त्रालयका अनुसार सो प्रतिवेदन चाँडै सरकारलाई बुझाइनेछ।

सरकारले संघ, प्रदेश र स्थानीय तहमा रहने सरकारी कार्यालय र कर्मचारीको दरबन्दीसहितको प्रतिवेदन स्वीकृत गरेपछि कर्मचारी समायोजन प्रक्रिया सुरु हुने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता अधिकारीले जानकारी दिनुभयो।

अहिले सबै निजामती कर्मचारीलाई फुल दरबन्दीमा राखिएको छ। अब यिनै कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरिनेछ।

# विद्युत्का हाकिम छानबिनको घेरामा

वीरगन्ज, (नेस)

नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगन्जका प्रमुख मुनिन्द्र ठाकुरले प्राधिकरणलाई घाटा पुऱ्याएर उद्योगी पोस्न थालेको भन्दै विधुत् प्राधिकरणले छानबिन शुरू गरेको छ।

प्राधिकरणका प्रबन्ध निर्देशकलाई चिल्लो घसेर विश्वासप्राप्त गरेका ठाकुरले त्यही सम्बन्धको आधारमा प्राधिकरणलाई घाटा पुऱ्याएर आफू कमाउ धन्दामा लागेको आरोप लागेको छ। ठाकुरले आफ्नो धन्दामा अवरोध हुने देखेपछि केही कर्मचारीलाई सरुवासमेत गराएका छन्। सरुवा गराइएका कर्मचारीले ठाकुरको योजनालाई सफल हुन दिएका थिएनन्। ठाकुरले आद्योगिक करिडोरको त्रिवेणी सिम्प्याक्समा प्राधिकरणलाई घाटा पुऱ्याएर नयाँ ट्रान्सफर्मर जडान गरेका थिए।

उधोगमा १ हजार केभीए ११००० र ४ सय भोल्टेजको ट्रान्सफर जडान भइरहेकामा कार्यलय प्रमुखको रूपमा ठाकुर वीरगन्ज आएको केही दिनमै १६ सय ५० केभीए ११००० र ४ सय ३३ भोल्टेजको ट्रान्सफर सर्टडाउन चार्जबिना जडान गरेको भन्दै उनीविरुद्ध कर्मचारीले नै उजुरी गरेका हुन्। उनको यो कामको विरुद्ध कर्मचारी युनियनले नै केन्द्रमा उजुरी गरेपछि छानबिन शुरू भएको हो।

केन्द्रले इनर्जी इफिसिएन्सी तथा चुहावट नियन्त्रण विभागका निर्देशक रामजी भण्डारीको नेतृत्वमा ३ सदस्यीय छानबिन टोली गठन गरेको छ। टोलीले आफ्नो काम शरू गरेको भण्डारीले बताएका छन्।

# अस्पताललाई सेवाको विकासले चिनाउन आग्रह

काठमाडौं, (नेस)

भारतको खुल्ला सीमाबाट नेपाल भित्रने गुणस्तरहीन औषधिलाई नेताहरूले देखेर पनि नदेखेझैं गरेकै छन्। नेताहरूले देश त यस्तो बनाए बनाए नेताहरू नै मेडिकल कलेज र अस्पताल खोलेर व्यापार गर्दैछन्।

त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालको ३६औं वार्षिकोत्सव तथा अत्याधुनिक कलेजो प्रत्यारोपण आईसीयू कक्षको सोमबार उद्घाटन गर्दै उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले उक्त भनाइ राख्नुभएको हो।

उहाँले यो मुलुकका जनताले यस्ता नेतालाई सधैं सम्झनेछन् भन्दै त्रिवि शिक्षण अस्पतालका प्राडा गोविन्द केसीको १७ दिन देखि जारी सत्याग्रहलाई औंल्याउँदै भन्नुभयो- 'यो अस्पताललाई सेवाको विकासले चिनाऔं।' आईसीयू कक्षको उद्घाटनपछि उहाँले अस्पतालको अवलोकन गर्नुभएको थियो। त्रिवि अस्पताल सरकारी क्षेत्रको लिडिङ रोल गरेको अस्पताल हो।

त्यसैगरी पूर्वस्वास्थ्यमन्त्री तथा प्रतिनिधि सभाका सदस्य गगनकुमार थापाले त्रिवि शिक्षण अस्पताल हाम्रो सबैभन्दा ठूलो र अन्तिम भरोसा बोकेको स्वास्थ्य संस्था हो। आफू स्वास्थ्यमन्त्री हुँदा सरकारले सञ्चालन गरेको स्वास्थ्य संस्थालाई बलियो बनाउने नीतिअनुरूप आवश्यक मद्दत गर्ने वातावरण बनाएकै हो। तर यो हामीहरूले भनेर मात्र हुँदैन रहेछ। निजी क्षेत्रको अस्पतालजस्तै बनाउन वीर अस्पताललाई सघाएकै हो। स्रोत साधन दिएर मात्र हुँदो रहेनछ। मेडिकल शिक्षा र स्वास्थ्यका क्षेत्रमा अस्पतालको टिम नै प्रतिबद्ध भएर लाग्नुपर्ने नै रहेछ। यो अस्पताल सफल हुन्छ भन्ने विश्वास लिएको छु।

कलेजो प्रत्यारोपण विभागका प्रमुख डा. रमेशप्रसाद सिंह भण्डारीले कलेजो प्रत्यारोपणमा त्रिविले छुट्टै युनिट खोलेको जानकारी गराउनभयो। २०४० सालमा देशकै पहिलो मेडिकल कलेज अस्पताल त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल मित्र राष्ट्र जापान सरकारबाट नेपाली जनतालाई उपहारस्वरूप प्राप्त भएको संस्थाका कार्यकारी निर्देशक डा. दीपक प्रकाश महराले जानकारी गराउनुभयो।

उहाँले कलेजो प्रत्यारोपणको भौतिक पूर्वाधार तयारी अन्तिम चरणमा रहेको पनि जानकारी गराउनुभयो। डा. महराले कलेजो प्रत्यारोपण अस्पतालमा आगामी आवको सुरुआतमै आफ्नै जनशक्तिबाट नियमित कलेजो प्रत्यारोपण सेवा उपलब्ध गराउने गरी कार्य थालनी गरिएको बताउनुभयो।

कार्यक्रममा त्रिविका रजिष्टार डिल्लीराज उप्रेति, त्रिवि शिक्षण अस्पतालका नर्सिङ निर्देशक कोपिला श्रेष्ठ पालिखे, चिकित्साशास्त्र अध्ययन संस्थानका डीन प्राडा जगदीशप्रसाद अग्रवाललगायतका वक्ताले चिकित्सा शिक्षाको गुणस्तरीयतामाथि प्रकाश पार्नुभएको थियो।

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय

**विदेशी विनिमय व्यवस्थापन विभागको मुद्रा तथा धारक विनिमय अधिकार पत्रको उद्घोषण गर्ने व्यवस्थासम्बन्धी अत्यन्त जरुरी सूचना**

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा २१क. को उद्घोषण गर्नेसम्बन्धी व्यवस्थाको सन्दर्भमा कसैले आफ्नो साथमा वा कार्गो, कुरियर, हुलाक वा अन्य माध्यममार्फत् नेपाली रुपैयाँ ५,००० सम्म वा अमेरिकी डलर ५,००० सम्म वा सो बराबरको अन्य विदेशी मुद्रा वा सो बराबरको धारक विनिमय अधिकार पत्र नेपालबाट विदेश लैजान वा विदेशबाट नेपाल भित्र्याउन सकिने गरी सीमा तोकिएको छ। अमेरिकी डलर ५,००० वा सो बराबरको विदेशी मुद्राभन्दा बढी र नेपाली रुपैयाँ ५,००० भन्दा बढी रकमको उपरोक्त बमोजिमको मुद्रा वा धारक विनिमय अधिकार पत्र ल्याउने, लैजाने भएमा त्यस्तो मुद्रा वा धारक विनिमय अधिकार पत्रको विवरण भन्सार अधिकृत समक्ष र कार्गो, कुरियर, हुलाक वा अन्य माध्यममार्फत् ल्याउने वा लैजाने भएमा सम्बन्धित कार्गो, कुरियर, हुलाक समक्ष सो कुराको उद्घोषण गर्नुपर्ने छ। साथै, कार्गो, कुरियर, हुलाक वा अन्य सेवा सञ्चालकले यसरी उद्घोषण गरेको विवरण तोकिएको ढाँचामा सम्बन्धित भन्सार अधिकृत समक्ष पेश गर्नुपर्ने व्यवस्था गरिएको छ।

यो व्यवस्था २०७५ साउन १ गतेदेखि लागू हुनेछ।

(भिष्मराज ढुङ्गाना)
कार्यकारी निर्देशक
विदेशी विनिमय व्यवस्थापन विभाग

नेपाल राष्ट्र बैंकका वेभसाइट www.nrb.org.np
मा प्रकाशन भएको मिति : २०७५ ०३ ३२

नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना
**सुनाचुरी ईमल्सन प्लाण्टको**
**मौजुदा सूचि दर्ता गराउने सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति २०७५/०४/०१**

यस प्लाण्टको लागि आ.व. २०७५/०७६ मा (सिलबन्दी बोलपत्र तथा दरभाउपत्र बाहेक) अति आवश्यक पर्ने तपसिलमा उल्लेखित सामान आपूर्ति गर्नको लागि ईजाजत प्राप्त रजिष्टर्ड फर्म, कम्पनी, बिक्रेताले फर्म दर्ता प्रमाणपत्र, कारोबार गर्न प्राप्त ईजाजतपत्र, कालो सूचिमा नपरेको सम्बन्धी स्वयम घोषणपत्र, मु.अ.कर दर्ता तथा कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु सहित यो सूचना प्रकाशित मितिले १५ दिन भित्र सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को प्रयोजनको लागि मौजुदा सूचिमा दर्ता हुन रु. १०।- को टिकट टाँस गरी छुट्टा छुट्टै रीतपूर्वकको निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी अन्य कुरा बुझ्न परेमा यस कार्यालयको फान नं. ०५७-६९१९२७ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

तपसिल:-

१. मसलन्द, छपाई, कार्यालय संचालनका सामानहरु।
२. बिद्युतीय (ईलेक्ट्रिकल/ईलेक्ट्रोनिक) उपकरण तथा स्पेयर पार्टस्।
३. ल्याब उपकरण, केमिकल तथा ईमल्सन उत्पादनको लागि आवश्यक पर्ने बिभिन्न प्याकिङ्ग सामानहरु।
४. मेकानिकल सामान, स्पेयर पार्टस, उपकरणहरु, बोईलर, जेनेटरका सामानहरु।
५. बिबिध खुद्रा सामानहरु (रंग रोगन, सरसफाइ मरामत समेत)
६. फर्निसिङका सामानहरु।



# अर्थ

2018, JUL
Tuesday
17

{ स्थानीय तहमा बैंक तथा वित्तीय संस्था स्थापना र सञ्चालन भएको रहेनछ भने त्यस्तो स्थानमा बैंक तथा वित्तीय संस्था स्थापना भएको मितिले ३ महिनाभित्र माथि उल्लेखित निकायमा कार्यरत श्रमिक तथा कर्मचारीलाई अनिवार्य रूपमा बैंक खातामार्फत् पारिश्रमिक एवम् वित्तीय सुविधा भुक्तानीको व्यवस्था मिलाउनुपर्ने मन्त्रिपरिषद् निर्णयमा उल्लेख छ।

# तलब भुक्तानी बैंकबाट मात्रै दिनुपर्ने

नेपाल समाचारपत्र

काठमाडौं

सरकारले आगामी पुस मसान्तभित्रै सबै कर्मचारी तथा श्रमिकको पारिश्रमिक भुक्तानी गर्ने व्यवस्था बैंकिङ प्रणालिमार्फत् मिलाउन निर्देशन दिएको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रस्तावमा सोमबारको मन्त्रिपरिषद बैठकबाट श्रमिक र कर्मचारीको पारिश्रमिक एवम् वित्तीय सुविधा बैंक खातामार्फत् भुक्तानी गर्ने बारेमा निर्णय भएको हो।

जसअन्र्तगत सरकार, प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, समिति, परियोजना, प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवम् वित्तीय सुविधा साउन १ गतेदेखि प्रक्रिया आरम्भ गरी २०७५ असोज मसान्तसम्म अनिवार्य रूपमा बैंक खाता मार्फत भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरेको छ।

त्यसैगरी बैंक, वित्तीय संस्था, बीमा कम्पनी, होटल, एयरलाइन्स, ट्राभल एजेन्सीलगायत सेवा उद्योग, सहकारी संस्था र श्रमिक आपूर्तिकर्ता, सामुदायिक एवम् संस्थागत शिक्षण संस्था तथा कानुनबमोजिम दर्ता भएका गैरसरकारी संघसंस्था, ट्रष्ट, कम्पनी ऐन, विशेष ऐन, गठन आदेशलगायत कानुन बमोजिम गठित सबै संघसंस्थाहरूले आफू मातहत काम गर्ने श्रमिक तथा कर्मचारीलाई आगामी पुस मसान्तभित्र अनिवार्य रूपमा बैंक खातामार्फत् पारिश्रमिक तथा वित्तीय सुविधा भुक्तानीको व्यवस्था मिलाउनुपर्नेछ। यी बाहेक अन्य सबै प्रतिष्ठान मातहत काम गर्ने श्रमिक तथा कर्मचारी र घरेलु श्रमिकको पारिश्रमिक एवम् वित्तीय सुविधा पनि पुस मसान्तभित्र अनिवार्य रूपमा बैंक वा वित्तीय संस्थामार्फत् सम्बन्धित श्रमिक तथा कर्मचारीको बैंक खातामा भूक्तानी गर्ने व्यवस्था मिलाउने मन्त्रिपरिषद्ले निर्णय गरेको हो।

अहिले पनि सबै स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाको पहुँच पुग्न नसकेको अवस्थामा त्यस्ता स्थानीय तहका लागि भने सरकारले फरक व्यवस्था गरेको छ। स्थानीय तहमा बैंक तथा वित्तीय संस्था स्थापना र सञ्चालन भएको रहेनछ भने त्यस्तो स्थानमा बैंक तथा वित्तीय संस्था स्थापना भएको मितिले ३ महिनाभित्र माथि उल्लेखित निकायमा कार्यरत श्रमिक तथा कर्मचारीलाई अनिवार्य रूपमा बैंक खातामार्फत् पारिश्रमिक एवम् वित्तीय सुविधा भुक्तानीको व्यवस्था मिलाउनुपर्ने मन्त्रिपरिषद् निर्णयमा उल्लेख छ। आकस्मिक वा आंशिक रोजगारीवापतको भुक्तानी भने नगद वा चेकमार्फत् गर्न सकिनेछ।

## पुँजीगत खर्च कम चालू खर्च ९५ प्रतिशत

पर्वत, (नेस)

पर्वत जिल्लामा चालू खर्चको तुलनामा पुँजीगत बजेट कम खर्च भएको छ।

चालू आर्थिक वर्षको अन्त्यमा पुँजीगत बजेट ६० प्रतिशतको हाराहारीमा खर्च भएको छ भने चालू खर्च भने ९५ प्रतिशत खर्च भइसकेको छ। कोष तथा लेखा नियन्त्रण कार्यालय पर्वतले दिएको जानकारी अनुसार असार २९ गतेसम्म पुँजीगत बजेट ५५ करोड ६३ लाख रुपियाँ मात्र खर्च भएको छ। यस वर्ष जिल्लाको कुल पुँजीगत बजेट ९० करोड २१ लाख रहेको थियो। नगरपालिका, गाउँपालिका तथा जिल्लाका सबै सरकारी कार्यालयहरूले पुँजीगत खर्च असार अन्त्यमा बढी गर्ने भएकाले यो खर्च असार मसान्तसम्म बढ्ने अनुमान गरिएको छ।

चालू खर्चतर्फ भने ४ अर्ब ४ करोड मध्ये ३ अर्ब ७१ करोड रुपियाँ खर्च भइसकेको छ। कार्यालयका अनुसार असार महिनामा १९ करोड १७ लाख रुपियाँ पुँजीगत खर्च भएको छ भने १६ करोड ७० लाख रुपियाँ चालू खर्च भएको छ ।

## २ करोड ८० लाख किलो आँप उत्पादन

सप्तरी, (नेस)

जिल्लामा यस वर्ष कुल २८ हजार मेट्रिक टन (२ करोड ८० लाख किलो ) आँप उत्पादन भएको छ। ५६ करोड रुपियाँबराबरको आँपको कारोबार भएको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ।

व्यवस्थित बजार नहुँदा आँपको भाउ सस्तो भएको पनि कार्यालयले जनाएको छ। अघिल्ला वर्षहरूमा सरदर ५०/६० रुपियाँ प्रतिकिलोमा बिक्री हुने आँप यस वर्ष १५ रुपियाँ किलोसम्म बिक्री गर्नुपर्दा कृषक मर्कामा परेको कार्यालय प्रमुख भागिरथ यादवले बताउनुभयो। सरकारी स्तरबाट आँपको बजार व्यवस्थापनका लागि खासै प्रक्रिया अघि नबढेको र आँप प्रशोधन गर्ने उद्योग पनि नभएकाले हरेक वर्ष आँपका कृषक समस्यामा पर्ने गरेको उहाँले बताउनुभयो।

७ हजार हेक्टर क्षेत्रफलमा आँप खेती गरिएकोमा ५ हजार हेक्टरमा मात्रै आँपको फल लागेको थियो। जेठ महिनामा आएको असिना र हावाहुरीका कारण कञ्चनरुप तथा सप्तकोशी नगरपालिकामा क्षति हुँदा सरदर ३ हजार ५ सय हेक्टरमा मात्रै आँप उत्पादन भएको कार्यालयले जनाएको छ। सप्तरीमा मालदह, बम्बई, दसहरी, कलकतिया, आम्रपाली, नेगडा, बिजु, सरही, किसुनभोग जातका आँपको खेती हुने गरेको छ।

## स्मार्ट फोन हराएमा वा बिग्रिएमा मेरो सुरक्षाले सेवा दिने

काठमाडौं, (नेस)

मेरो सुरक्षा प्रालिले स्मार्टफोनको सुरक्षाको लागि मेरो सुरक्षा स्मार्ट फोनको गर्छ रक्षा नामक योजना शुरू गरेको छ। मेरो सुरक्षाका अनुसार जुनसुकै स्मार्टफोन ड्यामेज भएमा, हराएमा वा चोरी भएमा मोबाइलका प्रयोगकर्ताले प्रोटेक्सन प्लानअन्तर्गत नयाँ मोबाइल पाउने छन्।

कम्पनीले हराएको सम्पूर्ण डाटा रिकभर गरी प्रयोगकर्तालाई नयाँ मोबाइलसेट उपलब्ध गराउने छ। कुनै कारणले मोबाइल चर्किएमा, आगो वा पानीले भौतिक रुपमा नोक्सान पुगेमा, मेरो सुरक्षाको योजनाअनुसार प्रयोगकर्ताले सबै डाटा सहित मर्मत सम्भार तथा नयाँ मोबाइल पाउने मेरो सुरक्षाका प्रमुख कार्यकारी अधिकृत प्रेम सुनवारले बताउनुभयो। 'अहिलेस्मार्टफोन अनिवार्य बनिसकेको छ, व्यस्त दैनिकीमा स्मार्टफोन जुनसुकै कारणले पनि ड्यामेज हुनसक्छ, हराउन सक्छ। जसले गर्दा प्रयोगकर्तालाई डाटाका साथै ठूलो नोक्सान हुनसक्छ। यसलाई ध्यानमा राखेर मेरो सुरक्षाले मोबाइल प्रोटेक्सन प्लान शुरू गरेको हो। '

यो सेवा पाउनका लागि भने सेवाग्राहीले आफ्नो मोबाइल भ्यालुको ५ प्रतिशत रकम वार्षिक रुपमा मेरो सुरक्षालाई भुक्तान गर्नुपर्ने हुन्छ। प्रयोगकर्ताले गुगल प्लेस्टोर तथा एप्पलको एप स्टोरबाट मेरो सुरक्षा नामको मोबाइल एप इन्स्टल गरी प्रोटेक्सन प्लान एक्टिभेट गर्नुपर्ने हुन्छ। प्लान एक्टिभेट गर्दा खल्ती, आई पेका साथै १५ वटा वाणिज्य बैंक र डोर टु डोर अप्सनबाट रकम भुक्तानी गर्न सकिने मेरो सुरक्षाले जनाएको छ।

यसरी प्लान एक्टिभेट गरेका मोबाइल प्रयोगकर्ताको मोबाइल हराएमा वा बिग्रिएको दाबी गरेको ७ दिनभित्र अर्को नयाँ मोबाइल पाउने छन्। यो सेवा मोबाइल पसलहरूबाट पनि लिन सकिने मेरो सुरक्षाले जनाएको छ।

## टेलिकमले ल्यायो मनसुन अफर

Nepal Telecom

काठमाडौं, (नेस)

सरकारले आगामी आर्थिक वर्षको बजेटमा गरेको व्यवस्था अनुसार नेपाल टेलिकमले उपलब्ध गराउने केही सेवामा टेलिकम सेवा शुल्क समायोजन गर्ने भए पनि ग्राहकको सुविधाको लागि हाललाई विभिन्न सेवामा पहिलेकै दरमा उपलब्ध गराउने भएको छ।


नेपाल टेलिकमले मनसुन अफरको रुपमा विभिन्न प्याकेजहरू उपलब्ध गराउने भएको छ। सो अफर आगामी साउन १ गतेदेखि लागू हुनेछ। सरकारले साउन १ गतेदेखि नै लागू हुने गरी भ्वाइस सेवामा टेलिकम सेवा शुल्क ११ प्रतिशतबाट बढाएर १३ प्रतिशत पुर्‍याएको छ। त्यसैगरी डाटा सेवामा १३ प्रतिशत सेवा शुल्क तिर्नुपर्ने भएको छ। पहिले डाटा सेवा प्रयोग गर्दा टेलिकम सेवा शुल्क तिर्नु पर्दैनथ्यो। अब भ्वाइस र डाटा दुवैमा १३ प्रतिशत टेलिकम सेवा शुल्क तिर्नुपर्ने भएको छ।

एडीएसएललगायत प्याक लोकप्रिय भएकाले ग्राहकहरूलाई थप आर्थिक भार नपर्ने गरी पहिलेकै दरमा उपलब्ध गराइएको नेपाल टेलिकमले जनाएको छ। कम्पनीका अनुसार पहिलेदेखि नै उपलब्ध गराएका विकेन्ड प्याक, नाइट टाइम अनलिमिटेड डाटा प्याक, जीएसएम थ्रीजी/फोरजी १ जीबी पर डे प्याक, सीयुजी प्याकेज, भिडियो एन्ड टीभी स्ट्रिमिङ आवरली प्याक, एडीएसएलका विभिन्न प्याकेज र इन्डिया अफरअन्तर्गत डेली प्याक र विक्ली प्याक पहिलेकै दरमा उपलब्ध गराइने भएको छ।

सरकारले आगामी आर्थिक वर्षको बजेटमा गरेको व्यवस्थाअनुसार निम्न प्याक तथा सेवाहरूमा मूल्य समायोजन अल टाइम भ्वाइस प्याक, नाइट टाइम भ्वाइस प्याक, एसएमएस प्याकेज, मिस्ड कल एलर्ट र एफटीटीएच लगायतका विभिन्न प्याकेजको मूल्य समायोजन भएको छ। कम्पनीले उपलब्ध ती प्याकेजहरूमा २५ देखि ५० प्रतिशतसम्म बोनस उपलब्ध हुने जनाइएको छ। मनसुन अफर अन्तर्गतका विभिन्न प्याकेज प्राप्त गर्न ग्राहकले एस्ट्रिक १४१५ ह्यास डायल गर्नुपर्नेछ। त्यसैगरी कम्पनीको वेबसाइटमार्फत पनि यस सम्बन्धी विस्तृत जानकारी लिन सकिने कम्पनीले जनाएको छ।









## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ साउन १, जुलाई १७, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।४२ | ११०।०२ |
| युरो १ को रू. | १२८।२८ | १२८।९९ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४५।३६ | १४६।१६ |
| स्विस फ्रन्क १ को रू. | १०९।७३ | ११०।३३ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।३७ | ८१।८२ |
| क्यानाडियन डलर १ को रू. | ८३।२५ | ८३।७१ |
| सिङ्गापुर डलर १ को रू. | ८०।४० | ८०।८४ |
| जापानी यन १० को रू. | ९।७४ | ९।८० |
| चिनियाँ युआन १ को रू. | १६।३९ | १६।४८ |
| साउदी अरब रियाल १ को रू. | २९।१८ | २९।३४ |
| कतारी रियाल १ को रू. | ३०।०५ | ३०।२२ |
| थाई भाट १ को रू. | ३।२९ | ३।३१ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।७९ | २९।९५ |
| मलसियन रिङ्गिट १ को रू. | २७।०७ | २७।२२ |
| दक्षिण कारियन वन १०० को रू. | ९।७१ | ९।७७ |

खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।४१ |
| डेनिस क्रानर १ का रू. | १७।२१ |
| हङकङ डलर १ का रू. | १३।९४ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।






## SHARE MARKET

16 JULY MONDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 32979.00 | 315.00 | 311.00 | 314.00 | 3.00 |
| 2 | Api Power Company Ltd. | 688.00 | 294.00 | 281.00 | 284.00 | -1.00 |
| 3 | Arun Kabeli Power Ltd. | 415.00 | 260.00 | 255.00 | 260.00 | 3.00 |
| 4 | Arun Valley Hydropower Dev.Co. Ltd. | 1420.00 | 154.00 | 148.00 | 153.00 | 2.00 |
| 5 | Asian Life Insurance Co. Limited | 2322.00 | 683.00 | 642.00 | 683.00 | 47.00 |
| 6 | Bank of Kathmandu Ltd. | 3886.00 | 265.00 | 260.00 | 264.00 | 1.00 |
| 7 | Bhargav Bikash Bank Ltd. | 200.00 | 134.00 | 134.00 | 134.00 | -2.00 |
| 8 | Bishal Bazar Company Limited | 100.00 | 1661.00 | 1660.00 | 1660.00 | -2.00 |
| 9 | Bottlers Nepal (Terai) Limited | 230.00 | 5872.00 | 5490.00 | 5872.00 | 272.00 |
| 10 | Butwal Power Company Limited | 15117.00 | 461.00 | 431.00 | 457.00 | 19.00 |
| 11 | Central Finance Co. Ltd. | 2600.00 | 114.00 | 114.00 | 114.00 | 1.00 |
| 12 | Century Commercial Bank Ltd. | 9629.00 | 170.00 | 165.00 | 169.00 | 1.00 |
| 13 | Century Comm. Bank Ltd. Pro. Share | 25925.00 | 170.00 | 170.00 | 170.00 | -3.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 3704.00 | 877.00 | 860.00 | 877.00 | 12.00 |
| 15 | Chilime Hydropower Company Limited | 13417.00 | 790.00 | 738.00 | 790.00 | 36.00 |
| 16 | Citizen Bank International Limited | 8126.00 | 237.00 | 230.00 | 236.00 | 5.00 |
| 17 | Citizen Investment Trust | 165.00 | 2530.00 | 2490.00 | 2500.00 | 44.00 |
| 18 | Citizens Bank Internatioal Ltd. Pro. Share | 84.00 | 150.00 | 150.00 | 150.00 | 0.00 |
| 19 | Citizens Mutual Fund -1 | 100.00 | 9.28 | 9.28 | 9.28 | 0.18 |
| 20 | Civil Bank Ltd | 22930.00 | 154.00 | 149.00 | 153.00 | 4.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 124.00 | 751.00 | 737.00 | 737.00 | -26.00 |
| 22 | Deprosc Laghubitta Bittiya Sanstha Ltd. | 725.00 | 752.00 | 739.00 | 750.00 | -4.00 |
| 23 | Deva Bikas Bank Limited | 9041.00 | 131.00 | 127.00 | 129.00 | 0.00 |
| 24 | Everest Bank Limited | 4933.00 | 670.00 | 660.00 | 663.00 | 2.00 |
| 25 | Everest Insurance Co. Ltd. | 151.00 | 1345.00 | 1300.00 | 1320.00 | 20.00 |
| 26 | First Micro Finance Dev. Bank Ltd. | 4629.00 | 542.00 | 527.00 | 540.00 | -2.00 |
| 27 | Forward Comm. Mi. Bittiya Sanstha Ltd. | 829.00 | 2220.00 | 2151.00 | 2220.00 | 50.00 |
| 28 | Gandaki Bikas Bank Limited | 3708.00 | 205.00 | 189.00 | 205.00 | 13.00 |
| 29 | Garima Bikas Bank Limited | 3864.00 | 185.00 | 178.00 | 182.00 | 2.00 |
| 30 | Global IME Bank Limited | 30735.00 | 293.00 | 286.00 | 290.00 | 1.00 |
| 31 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 144.00 | 1248.00 | 1200.00 | 1248.00 | 48.00 |
| 32 | Global IME Samunnat Scheme-1 | 1000.00 | 8.77 | 8.77 | 8.77 | 0.17 |
| 33 | Goodwill Finance Co. Ltd. | 2135.00 | 122.00 | 121.00 | 122.00 | 2.00 |
| 34 | Grameen Bikas Lag.Bittiya Sanstha Ltd. | 4343.00 | 625.00 | 597.00 | 613.00 | 8.00 |
| 35 | Green Development Bank Ltd. | 125.00 | 142.00 | 140.00 | 142.00 | 0.00 |
| 36 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 17.00 | 129.00 | 129.00 | 129.00 | -2.00 |
| 37 | Gurans Life Insurance Company Ltd. | 2881.00 | 885.00 | 867.00 | 885.00 | 19.00 |
| 38 | Himalayan Bank Limited | 400.00 | 552.00 | 550.00 | 551.00 | 1.00 |
| 39 | Himalayan Distillery Limited | 70.00 | 1351.00 | 1291.00 | 1351.00 | 60.00 |
| 40 | Himalayan General Insurance Co. Ltd | 3809.00 | 456.00 | 445.00 | 450.00 | 5.00 |
| 41 | Himalayan Power Partner Ltd. | 530.00 | 284.00 | 269.00 | 284.00 | 12.00 |
| 42 | ICFC Finance Limited | 547.00 | 173.00 | 172.00 | 172.00 | 0.00 |
| 43 | IME General Insurance Ltd. | 2306.00 | 904.00 | 870.00 | 890.00 | 3.00 |
| 44 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 22791.00 | 157.00 | 150.00 | 155.00 | -2.00 |
| 45 | Janata Bank Nepal Ltd. | 164479.00 | 157.00 | 153.00 | 157.00 | 4.00 |
| 46 | Janautthan Sam. Lag.Bikas Bank Ltd. | 12.00 | 2921.00 | 2921.00 | 2921.00 | 0.00 |
| 47 | Jebils Finance Ltd. | 1500.00 | 102.00 | 100.00 | 100.00 | 0.00 |
| 48 | Jyoti Bikas Bank Limited | 1720.00 | 141.00 | 135.00 | 141.00 | 5.00 |
| 49 | Jyoti Bikash Bank Ltd. Promoter Share | 11464.00 | 113.00 | 113.00 | 113.00 | 0.00 |
| 50 | Kabeli Bikas Bank Limited | 38.00 | 236.00 | 228.00 | 236.00 | 8.00 |
| 51 | Kailash Bikas Bank Ltd. | 561.00 | 229.00 | 225.00 | 229.00 | 5.00 |
| 52 | Kalika Microcredit Development Bank Ltd. | 1623.00 | 1354.00 | 1320.00 | 1354.00 | 30.00 |
| 53 | Kamana Sewa Bikas Bank Limited | 3530.00 | 145.00 | 142.00 | 144.00 | 3.00 |
| 54 | Kamana Sewa Bikas Bank Limited Pro. Share | 13600.00 | 105.00 | 105.00 | 105.00 | 0.00 |
| 55 | Kankai Bikas Bank Ltd. | 167.00 | 134.00 | 130.00 | 134.00 | 6.00 |
| 56 | Khanikhola Hydropower Co. Ltd. | 30.00 | 108.00 | 106.00 | 107.00 | 1.00 |
| 57 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 304.00 | 1611.00 | 1550.00 | 1611.00 | 52.00 |
| 58 | Kumari Bank Limited | 31419.00 | 200.00 | 193.00 | 199.00 | 1.00 |
| 59 | Laxmi Bank Limited | 2365.00 | 258.00 | 254.00 | 258.00 | 1.00 |
| 60 | Laxmi Equity Fund | 5850.00 | 8.10 | 8.10 | 8.10 | 0.00 |
| 61 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 595.00 | 1098.00 | 1061.00 | 1098.00 | 33.00 |
| 62 | Laxmi Value Fund-1 | 81500.00 | 10.31 | 10.10 | 10.25 | -0.05 |
| 63 | Life Insurance Co. Nepal | 509.00 | 1622.00 | 1560.00 | 1622.00 | 92.00 |
| 64 | Lumbini Bikas Bank Ltd. | 612.00 | 147.00 | 145.00 | 146.00 | 3.00 |
| 65 | Lumbini General Insurance Co. Ltd. | 2640.00 | 550.00 | 535.00 | 550.00 | 10.00 |
| 66 | Machhapuchhre Bank Limited | 12587.00 | 213.00 | 205.00 | 209.00 | -3.00 |
| 67 | Mahalaxmi Bikas Bank Ltd. | 140.00 | 173.00 | 170.00 | 171.00 | 1.00 |
| 68 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 77.00 | 710.00 | 698.00 | 710.00 | 25.00 |
| 69 | Mahuli Sam. Lag. Bittiya Sanstha Ltd. | 225.00 | 2611.00 | 2595.00 | 2610.00 | 15.00 |
| 70 | Manjushree Finance Ltd. | 7438.00 | 117.00 | 117.00 | 117.00 | 1.00 |
| 71 | Mega Bank Nepal Ltd. | 22920.00 | 164.00 | 159.00 | 163.00 | 4.00 |
| 72 | Mero Microfinance Bittiya Sanstha Ltd. | 136.00 | 1091.00 | 1070.00 | 1080.00 | 7.00 |
| 73 | Miteri Development Bank Limited | 252.00 | 288.00 | 288.00 | 288.00 | 0.00 |
| 74 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 32.00 | 1015.00 | 1015.00 | 1015.00 | 0.00 |
| 75 | Muktinath Bikas Bank Ltd. | 5554.00 | 387.00 | 378.00 | 378.00 | -4.00 |
| 76 | Nabil Bank Limited | 10813.00 | 921.00 | 903.00 | 921.00 | 1.00 |
| 77 | NABIL Bank Limited Promotor Share | 38462.00 | 690.00 | 677.00 | 687.00 | -3.00 |
| 78 | Nabil Equity Fund | 69747.00 | 9.88 | 9.50 | 9.86 | 0.39 |
| 79 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 948.00 | 1305.00 | 1255.00 | 1280.00 | -20.00 |
| 80 | National Hydro Power Company Ltd. | 22027.00 | 86.00 | 80.00 | 86.00 | 5.00 |
| 81 | National Life Insurance Co. Ltd. | 2286.00 | 799.00 | 786.00 | 799.00 | 9.00 |
| 82 | National Microfinance Bittiya Sanstha Ltd. | 113.00 | 2214.00 | 2180.00 | 2214.00 | 50.00 |
| 83 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 1141.00 | 2159.00 | 2130.00 | 2157.00 | 28.00 |
| 84 | Neco Insurance Co. Ltd. | 3113.00 | 558.00 | 540.00 | 558.00 | 15.00 |
| 85 | Nepal Bangladesh Bank Limited | 9473.00 | 214.00 | 210.00 | 214.00 | 4.00 |
| 86 | Nepal Bank Limited | 9173.00 | 283.00 | 281.00 | 281.00 | 0.00 |
| 87 | Nepal Credit And Commercial Bank Ltd. | 4270.00 | 252.00 | 245.00 | 250.00 | -1.00 |
| 88 | Nepal Doorsanchar Comapany Limited | 450.00 | 724.00 | 721.00 | 721.00 | -5.00 |
| 89 | Nepal Hydro Developers Ltd. | 1080.00 | 180.00 | 168.00 | 168.00 | 0.00 |
| 90 | Nepal Insurance Co. Ltd. | 30.00 | 658.00 | 635.00 | 658.00 | 30.00 |
| 91 | Nepal Investment Bank Limited | 15606.00 | 635.00 | 616.00 | 621.00 | -2.00 |
| 92 | Nepal Investment Bank Ltd. Pro. Share | 7140.00 | 550.00 | 535.00 | 545.00 | 9.00 |
| 93 | Nepal Life Insurance Co. Ltd. | 6713.00 | 1050.00 | 1010.00 | 1050.00 | 25.00 |
| 94 | Nepal SBI Bank Limited | 712.00 | 499.00 | 498.00 | 499.00 | 0.00 |
| 95 | Nerude Laghubita Bikas Bank Limited | 1869.00 | 649.00 | 632.00 | 637.00 | -6.00 |
| 96 | Ngadi Group Power Ltd. | 739.00 | 175.00 | 163.00 | 163.00 | -9.00 |
| 97 | NIBL Pragati Fund | 3157.00 | 9.00 | 8.49 | 9.00 | 0.51 |
| 98 | NIBL Samriddhi Fund 1 | 5000.00 | 10.15 | 10.15 | 10.15 | 0.15 |
| 99 | NIC Asia Bank Ltd. | 3562.00 | 319.00 | 315.00 | 316.00 | -1.00 |
| 100 | NIC Asia Growth Fund | 500.00 | 9.19 | 9.01 | 9.19 | 0.19 |
| 101 | Nirdhan Utthan Lag.Bittiya Sanstha Ltd. | 1205.00 | 1024.00 | 1000.00 | 1024.00 | 14.00 |
| 102 | NLG Insurance Company Ltd. | 196.00 | 930.00 | 929.00 | 930.00 | 15.00 |
| 103 | NMB Microfinance Bittiya Sanstha Ltd. | 425.00 | 1655.00 | 1620.00 | 1620.00 | -16.00 |
| 104 | NMB Bank Limited | 10405.00 | 364.00 | 353.00 | 358.00 | 7.00 |
| 105 | NMB Hybrid Fund L-1 | 26787.00 | 9.69 | 9.30 | 9.69 | 0.52 |
| 106 | Om Development Bank Ltd. | 3170.00 | 180.00 | 171.00 | 180.00 | 10.00 |
| 107 | Oriental Hotels Limited | 50.00 | 521.00 | 521.00 | 521.00 | 10.00 |
| 108 | Pokhara Finance Ltd. | 160.00 | 135.00 | 134.00 | 135.00 | -1.00 |
| 109 | Prabhu Bank Limited | 11492.00 | 188.00 | 185.00 | 187.00 | 2.00 |
| 110 | Prabhu Bank Limited Promoter Share | 6284.00 | 155.00 | 155.00 | 155.00 | -2.00 |
| 111 | Prabhu Insurance Ltd. | 3167.00 | 535.00 | 520.00 | 535.00 | 15.00 |
| 112 | Premier Insurance Co. Ltd. | 4389.00 | 1125.00 | 1100.00 | 1125.00 | 21.00 |
| 113 | Prime Commercial Bank Ltd. | 6304.00 | 289.00 | 284.00 | 287.00 | 2.00 |
| 114 | Prime Life Insurance Company Limited | 20244.00 | 538.00 | 522.00 | 530.00 | -3.00 |
| 115 | Prime Life Insurance Co. Ltd. Pro. Share | 178355.00 | 294.00 | 290.00 | 290.00 | -10.00 |
| 116 | Prudential Insurance Co. Ltd. | 3753.00 | 798.00 | 780.00 | 780.00 | -5.00 |
| 117 | Purnima Bikas Bank Ltd. | 54.00 | 174.00 | 171.00 | 171.00 | 0.00 |
| 118 | Radhi Bidyut Company Ltd | 260.00 | 222.00 | 218.00 | 220.00 | 0.00 |
| 119 | Rairang Hydropower Dev. Co. Ltd. | 1890.00 | 150.00 | 145.00 | 148.00 | 1.00 |
| 120 | Rastriya Beema Company Limited | 485.00 | 10999.00 | 10730.00 | 10805.00 | 5.00 |
| 121 | Rastriya Beema Co. Limited Pro. Share | 112.00 | 10100.00 | 9950.00 | 9953.00 | -337.00 |
| 122 | Reliance Finance Ltd. | 15.00 | 119.00 | 119.00 | 119.00 | 2.00 |
| 123 | Ridi Hydropower Dev. Company Ltd. | 1576.00 | 126.00 | 123.00 | 123.00 | 1.00 |
| 124 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 530.00 | 653.00 | 645.00 | 653.00 | 12.00 |
| 125 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1071.00 | 555.00 | 539.00 | 555.00 | 5.00 |
| 126 | Sagarmatha Insurance Co. Ltd. | 77.00 | 1340.00 | 1340.00 | 1340.00 | 11.00 |
| 127 | Salt Trading Corporation | 1913.00 | 260.00 | 255.00 | 260.00 | 10.00 |
| 128 | Samata Microfinance Bittiya Sanstha Ltd. | 44.00 | 1435.00 | 1380.00 | 1380.00 | -55.00 |
| 129 | Sana Kisan Bikas Bank Ltd | 968.00 | 1160.00 | 1138.00 | 1160.00 | -5.00 |
| 130 | Sanima Bank Limited | 8287.00 | 326.00 | 323.00 | 324.00 | 4.00 |
| 131 | Sanima Equity Fund | 2800.00 | 9.56 | 9.20 | 9.56 | 0.19 |
| 132 | Sanima Mai Hydropower Ltd. | 7140.00 | 330.00 | 323.00 | 328.00 | 6.00 |
| 133 | Saptakoshi Development Bank Ltd. | 362.00 | 118.00 | 116.00 | 118.00 | 3.00 |
| 134 | Shangrila Development Bank Ltd. | 7571.00 | 157.00 | 147.00 | 157.00 | 8.00 |
| 135 | Shikhar Insurance Co. Ltd. | 874.00 | 985.00 | 916.00 | 985.00 | 60.00 |
| 136 | Shine Resunga Development Bank Ltd. | 22.00 | 271.00 | 268.00 | 271.00 | 1.00 |
| 137 | Shree Investment Finance Co. Ltd. | 10.00 | 149.00 | 149.00 | 149.00 | 2.00 |
| 138 | Siddhartha Bank Limited | 3119.00 | 300.00 | 294.00 | 300.00 | 4.00 |
| 139 | Siddhartha Equity Fund | 700.00 | 9.56 | 9.20 | 9.56 | 0.36 |
| 140 | Siddhartha Insurance Ltd. | 4759.00 | 690.00 | 667.00 | 690.00 | 23.00 |
| 141 | Sindhu Bikash Bank Ltd | 1455.00 | 131.00 | 131.00 | 131.00 | -2.00 |
| 142 | Soaltee Hotel Limited | 1300.00 | 243.00 | 240.00 | 243.00 | 4.00 |

Total Amount Rs. 318,582,938 Total Quantity 1,176,592 Total No of Transactions 3,388

२०७५, साउन
मंगलबार
१

सबैभन्दा धेरै कमाउनेमा युनाइटेड मोदी हाइड्रोका लगानीकर्ताले प्रतिकित्ता ७ दशमलव ५० प्रतिशतका दरले कमाएका छन् भने सबैभन्दा धेरै गुमाउनेमा ङदी ग्रुप पावरका लगानीकर्ताले प्रतिकित्ता ५ दशमलव २३ प्रतिशतका दरले गुमाएका छन्।



# आव २०७४/७५ मा शेयर बजारमा लगानीकर्ताले ४ खर्ब २२ अर्ब गुमाए

**नेपाल समाचारपत्र**

काठमाडौं

आर्थिक वर्ष २०७४/७५ मा नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक २३ दशमलव ४४ प्रतिशत अर्थात ३ सय ७१ दशमलव २१ अंकले घटेको छ। आवको पहिलो दिन अर्थात् गत वर्ष साउन १ गते नेप्से परिसूचक १ हजार ५ सय ८३ दशमलव ५७ को बिन्दूमा रहेकोमा आवको अन्तिम दिन अर्थात हिजो सोमबार नेप्से परिसूचक १ हजार २ सय १२ दशमलव ३६ को बिन्दूमा रहेको छ।

आवको शुरूआतमा १८ खर्ब ५७ अर्ब ८८ करोड रुपियाँबराबरको समग्र पुँजीकरण रहेकोमा आर्थिक वर्षको अन्तिम दिनसम्म १४ खर्ब ३५ अर्ब १३ करोड रुपियाँमा खुम्चिँदा ४ खर्ब २२ अर्ब ७५ करोड रुपियाँ लगानीकर्ताको गुमेको छ। यस आर्थिक वर्षमा गत साउन २३ गते १ हजार ६ सय ६७ दशमलव ९४ को बिन्दूमा पुगेको थियो भने सबैभन्दा कम बिन्दु गत चैत १२ गते १ हजार १ सय ६८ दशमलव ५५ को बिन्दूमा झरेको थियो।

समूहगत रुपमा यस आर्थिक वर्षमा अन्य समूह बाहेक सबै समूहको उपसूचक घटेको छ। अन्य समूहको उपसूचक १ दशमलव ९८ प्रतिशतले बढेर ७ सय ७ दशमलव ६७ को बिन्दूमा रहेको छ। त्यस्तै बैंकिङ समूह २७ दशमलव ९८ प्रतिशतले घटेर १ हजार २३ दशमलव ५६ को बिन्दुमा पुगेको छ।

वित्त समूह १८ दशमलव ३९ प्रतिशत, होटल समूह १८ दशमलव २१ प्रतिशत, जलविद्युत् समूह २१ दशमलव ५३ प्रतिशत, विकास बैंक समूह २६ दशमलव २६ प्रतिशत, उत्पादक समूहमा ४ दशमलव ३२ प्रतिशत, बीमा समूहमा २५ दशमलव ७७ प्रतिशत तथा 'क' वर्गका कम्पनीको परिसूचक मापन गर्ने सेन्सेटिभ इन्डेक्स २४ दशमलव १३ प्रतिशतले घटेको छ। यसैगरी चालू आर्थिक वर्षको अन्तिम असार ३२ गते पुँजी बजारमा दोहोरो अंकको वृद्धि देखिएको छ। सोमबार शेयर बजार १२ दशमलव २७ अंकले बढेर १ हजार २ सय १२ दशमलव ३६ अंकमा पुगेको छ।

दिनभरिमा १ सय ५९ वटा कम्पनीको ११ लाख ७६ हजार ५ सय ९२ कित्ता शेयर ३ हजार ३ सय ८८ पटक खरिद बिक्री हुँदा कुल ३१ करोड ८५ लाख ८२ हजार ९ सय ३८ रुपियाँ बराबरको कारोबार भएको छ। आइतबारको तुलनामा कारोबार रकम पनि बढेको छ। पुँजी बजारमा आइतबार करिब साढे १९ करोड रुपियाँ बराबरको मात्र कारोबार भएको थियो।

सोमबारको कारोबारमा अन्य समूह २ दशमलव ६७ अंकले घटे पनि अन्य सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै बीमा समूहको उपसुचक १ सय ४७ दशमलव शुन्य २ अंकले बढेको छ। बैंकिङ समुहको उपसूचक ६ दशमलव शून्य ५ अंकले, व्यापार समूहको उपसुचक १ दशमलव ९४ अंकले, होटल समूहको उपसूचक ३२ दशमलव २९ अंकले, विकास बैंक समूहको उपसुचक २४ दशमलव ५९ अंकले र जलविद्युत् समूहको उपसुचक ५० दशमलव २३ अंकले बढेको छ। त्यसैगरी वित्त समूहको उपसुचक २ दशमलव ८८ अंकले, उत्पादनमूलक समुहको उपसूचक ३२ दशमलव ५१ अंकले र लघुवित्त समूह १२ दशमलव ६२ अंकले बढेका छन्।

सोमबारको कारोबारमा सबैभन्दा धेरै प्राइम लाइफ इन्स्योरेन्स प्रोमोटर शेयरको ५ करोड २० लाख रुपियाँ भन्दा बढीको कारोबार भएको छ।



## आजबाट अनलाइन कारोबार

काठमाडौं, (नेस)

नेपाल धितोपत्र बोर्डले धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५ आजबाट लागू गरेपछि नेपाल स्टक एक्सचेन्जले पनि पुँजी बजारमा आजैदेखि लागू हुने गरी स्वचालित विद्युतीय कारोबार प्रणाली (अटोमेटेड इलेक्ट्रोनिक ट्रेडिङ सिस्टम) लागू गरेको छ। शेयर कारोबारलाई व्यवस्थित, प्रभावकारी र लगानीमैत्री बनाउन तथा कारोबारको दायरा बढाउने उद्देश्यले विद्युतीय कारोबार प्रणाली गरिएको नेप्सेले जनाएको छ।

अनलाइन कारोबारलाई कानुनी रुपमै व्यवस्था गर्नका लागि बोर्डले नियमावलीमार्फत् बजारमा धितोपत्रको खरिद तथा बिक्री कारोबार सञ्चालनका लागि स्थापना गरिएको स्वचालित विद्युतीय कारोबार प्रणाली कार्यान्वयनमा ल्याएको हो। विद्युतीय कारोबार प्रणालीमार्फत् पुँजीबजार कारोबार गर्नका लागि इन्टरनेट सुविधा आवस्यक छ भने लगानीकर्ताका लागि 'युजर नेम' र 'पासवर्ड' अनिवार्य गरिएको छ।

## ज्योति विकास बैंकले हाम्रो विकास बैंकलाई एक्विजिसन गर्ने

काठमाडौं, (नेस)

ज्योति विकास बैंकले क्षेत्रीय स्तरको हाम्रो विकास बैंकलाई प्राप्ति (एक्विजिसन) गर्ने भएको छ। प्राप्ति गर्ने बारेमा आइतबार सम्झौता भएको छ। ज्योति विकास बैंकले नुवाकोट जिल्लामा कार्यक्षेत्र रहेको हाम्रो विकास बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्झौतामा ज्योति विकास बैंक सञ्चालक समितिका अध्यक्ष हरिचन्द्र खड्का तथा हाम्रो विकास बैंकका सञ्चालक समितिका अध्यक्ष हरि प्रसादले हस्ताक्षर गरेका छन्।

शेयर स्वाप अनुपात हाम्रो विकास बैंकको डीडीएपश्चात आउने मूल्यलाई आधारमा तय हुनेछ। ज्योति विकास बैंकको हालको चुक्ता पुँजी २ अर्ब ५९ करोड ३६ लाख रहेको रहेको छ। त्यस्तै हाम्रो विकास बैंकको चुक्ता पुँजी ४९ करोड २२ लाख रुपियाँ रहेको छ। हाम्रो विकास बैकको प्राप्तिपछि ज्योति विकास बैंकको कुल निक्षेप रकम करिब २०.५० अर्ब, कर्जा रकम करिब १७.५० अर्ब नाघ्ने छ साथै शाखा सञ्जाल ६७ पुग्नेछ। ज्योति विकास बैंकले यस अघि झिमुक विकास बैंकसँग मर्जर र राप्तिभेरी विकास बैंकलाई प्राप्ति गरी एकीकृत कारोबार गरिसकेको छ।

## वार्षिक उत्सवमा नबिल बैंकको आयोजना

काठमाडौं, (नेस)

नबिल बैंकले आफ्नो ३४औं वार्षिक उत्सव मनाउने क्रममा बैंक प्रधान कार्यालय, हेटैडा तथा महेन्द्रनगर शाखामा रक्तदान कार्यक्रम आयोजना गरेको छ। उक्त कार्यक्रममा २०४ जना बैंकका कर्मचारीका साथै ग्राहकले रक्तदान गरेको थिए। रक्तदातालाई नबिल बैंकबाट सामाजिक कार्यक्रममा उत्कृष्ट योगदान गरेकोमा धन्यवाद ज्ञापन साथै कदर पत्र प्रदान गरिएको थियो। नेपाल रेडक्रस सोसाइटीले देशमा रहेको विद्यमान रक्त अभावलाई ध्यानमा राख्दै नबिल बैंकको उक्त योगदानको प्रशंशा गरेको छ।

## डिस होमद्वारा सिम टिभी खरिद

काठमाडौं, (नेस)

डिस मिडिया नेटवर्क लिमिटेड (डिस होम) ले सिम्पल मिडिया नेटवर्क प्रालि (सिम टिभी) खरिद गरेको छ। सिम टिभी र डिस मिडिया नेटवर्क सञ्चालक समितिको संयुक्त बैठकले खरिद सम्झौता गरेको हो ।

खरिद सम्झौताअन्तर्गत शेयर खरिद निकट भविष्यमै सम्पन्न हुने कम्पनीले जनाएको छ। अब सिम टिभीको व्यवस्थापनको सम्पूर्ण जिम्मा डिस मिडिया नेटवर्कले लिएको छ। सन् २००९ मा स्थापना भएको डिस मिडिया नेटवर्क लिमिटेड गत वर्षदेखि कम्पनी पब्लिक कम्पनीको रुपमा रुपान्तरण भएको थियो। कम्पनीले निकट भविष्यमा सर्वसाधारणका लागि शेयर समेत निष्काशन गर्ने तयारीमा छ। सिम टिभीका प्रमुख कार्यकारी अधिकृत ज्याकी शाहले डिस मिडिया नेटवर्कले सिम टिभीको खरिदपछि टिभी हेराइको गुणस्तरीय अनुभव अझ धेरै ग्राहक तथा आबद्ध लोकल केवल अपरेटरको पहुँचमा पुग्ने जनाएका छन्।

# ललितपुर महानगरपालिकाको बजेट ४ अर्ब ६१ करोड

**नेपाल समाचारपत्र**

ललितपुर

ललितपुर महानगरपालिकाले आगामी आर्थिक वर्षका लागि ४ अर्ब ६१ करोड रुपियाँको बजेट पारित गरेको छ। महानगरपालिकाको दोस्रो नगरसभाले महानगरपालिकाको आगामी आर्थिक वर्षका लागि ४ अर्ब ६० करोड ७२ लाख ८७ हजार बजेट पारित गरेको हो।

नगरसभाले पारित गरेको निर्णय सोमबार सार्वजनिक गर्दै महानगरपालिकाका मेयर चिरिबाबु महर्जनले बेरुजु फछ्र्योटका लागि महानगरपालिकालाई नगरसभाले निर्देशन दिएको पनि स्पष्ट पार्नुभयो। नगरसभाद्वारा पारित महानगरपालिकाको नीति तथा कार्यक्रम र बजेटमा चालू आर्थिक वर्षमा पुँजीगततर्फ ९८ लाख र चालूतर्फ ४९ लाख २० हजार विभिन्न शीर्षकमा रकमान्तर पनि गरिएको पनि उल्लेख गरिएको छ।

महानगरपालिकाले चालू आर्थिक वर्षको चैतभन्दा अगाडि असुल गरेको घर बहाल कर तत्काल फिर्ता गर्न पनि नेपाल सरकारसँग माग गरेको छ। स्थानीय कर सरकारले लिन नपाउने व्यवस्था अनुसार चैत अगाडि असुल गरिएको घर बहाल कर तत्काल उपलब्ध गराउन सरकारसँग माग गरिएको महानगरपालिकाका प्रमुख महर्जनले जानकारी दिनुभयो। महानगरपालिकाको बजेट, नीति तथा कार्यक्रममा 'एक घर एक उद्यम' को अवधारणा पनि अघि सारिएको छ।

त्यसैगरी महानगरपालिका क्षेत्र भित्रका भूकम्प प्रभावितहरूको लाभग्राहीको नाम सूचीमा समावेश भएका व्यक्तिलाई ३ हजार वर्ग फुटसम्मको क्षेत्रफलको नक्सा पास दस्तुर मिनाहा गरिएको पनि मेयर महर्जनले बताउनुभयो। नगरसभाको उद्घाटन संस्कृतिविद् डा सत्यमोहन जोशीले गर्नुभएको थियो।

## १६ वडालाई सांस्कृतिक र पर्यटकीय वडाको रुपमा विकास गरिने



ललितपुर, (नेस)

ललितपुर महानगरपालिका वडा नं. १६ लाई सांस्कृतिक र पर्यटकीय क्षैत्रको रुपमा विकास गर्ने भएको छ। समग्र नगरलाई नै सांस्कृतिक र पर्यटकीय नगरी बनाउने लक्ष्यलाई ध्यानमा राखेर वडाले आगामी आर्थिक वर्षमा नियमित पूर्वाधार निर्माण, पार्क निर्माणसंगै संस्कृति संरक्षण र पर्यटन विकास कार्यलाई अघि सारेको हो।

वडाका विभिन्न टोल सुधार समिति, महिला समूह, विभिन्न संघसस्थाका प्रतिनिधिको सहभागितामा रहेको वडा भेलामा वडालाई सांस्कृतिक र पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न लागिएको वडा अध्यक्ष निर्मलरत्न शाक्यले वडा भेलामा जानकारी दिनुभयो। सो वडा भेला आयोजना गरिएको थियो। आगामी आर्थिक वर्षको प्रस्तावित योजना प्रस्तुत गर्दै वडा अध्यक्ष शाक्यले वडालाई सांस्कृतिक र पर्यटन विकासको नमुना वडाका रुपमा विकास गर्ने लक्ष्यले योजनाहरू अघि सारिएको जानकारी दिनुभयो।

अधिकाशं मूर्त र अमूर्त संस्कृति सञ्चालन हुने मुख्य थलोको रुपमा रहेकोलाई मध्यनजर गरेर सांस्कृतिक र पर्यटकीय नगरको नमूना वडाका रुपमा विकास गर्न लागिएको वडा अध्यक्ष शाक्यले बताउनुभयो। साविकको १६ र १८ लाई गाभिएर बनाइएको हाल १६ वडा विश्वसम्पदा सूचीकृत पाटन दरबार क्षेत्रसहित महत्वपूर्ण सम्पदा र संस्कृतिले भरिएको छ।

ऐतिहासिक पृष्ठभूमीसंग जोडिएका नाउँको संरक्षण र पर्यटकहरूको जानकारीलाई समेत सहयोग पुग्ने गरी रञ्जना लिपि, देवनागरी र अंग्रेजी नामाकंन बोर्ड राख्न योजना पनि वडाले अघि सारेको छ। चालू आर्थिक वर्षमा वडाको विकासको लागि ५० लाख विनियोजित गरिएकोमा आगामी आर्थिक वर्षका लागि १ करोड ५० लाख विनियोजित गरिएको छ। त्यस क्रममा प्रदेशसभाका सदस्य शोभा शाक्यले ललितपुरको विकासको आधार नै संस्कृति र पर्यटक रहेकोले वडाले सोही अनुरुप योजना अघि सारेको बताउँदै त्यसको कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो।

वडाका सल्लाहकार डा. सुमित्रा अमात्य विकासले पर्यावरण, संस्कृतिमाथि पर्ने नकारात्मक प्रभावलाई हेरेर दिगो विकासको अवधारणा अनुरुप अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

## छपाई तथा स्टेशनरी सामाग्री आपूर्ति सम्बन्धी शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

यस यती एयरलाइन्स डोमेस्टिक प्रा. लि. लाई आवश्यक पर्ने छपाई तथा स्टेशनरी सामाग्रीहरु आपूर्ति गर्न इच्छुक ईजाजत प्राप्त फारम तथा कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रहि रीतपूर्वक शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१. बोलपत्रको फारम यती एयरलाइन्सको मुख्य कार्यालय तिलगंगा, काठमाडौंबाट नगद रु. १०००/- (एक हजार मात्र) (फिर्ता नहुने गरी) तिरी लिन सकिने र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखि १५औं दिनको अपरान्ह ४:०० बजे भित्र निम्न लिखित कागजपत्रका साथ पेश गर्नु पर्नेछ ।
   (क) आ.व. २०७४/७५ सम्मको लागि नविकरण भएको दर्ता प्रमाणपत्र
   (ख) आयकर दर्ता प्रमाणपत्र
   (ग) मु.अ. कर दर्ता प्रमाणपत्र
   (घ) २०७३/७४ सम्मको कर चुक्ता प्रमाणपत्र समेतको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने छ तथा
   (ङ) बोलपत्र पेश गर्दा आइटमहरुको एक मुष्ट रकम उल्लेख गर्नुपर्नेछ ।
२. बोलपत्रदाताले आफूले कबोल गरेको प्रत्येक आईटमहरुको मु.अ. कर बाहेकको दर रेटलाई अंक र अक्षर दुवैमा अनिवार्य रुपमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
३. बोलपत्र पेस गर्दा बिडबण्ड सुरक्षण बापत बोल अंकको दुई (२%) प्रतिशतले हुन आउने रकम यस एयरलाइन्सको नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडमा रहेको ओभरड्राफ्ट खाता नं. ००१५९०१०००७६१८ मा नगद जम्मा गरेको सक्कल भौचर वा यती एयरलाइन्सको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि गणना हुने गरी १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त 'क' श्रेणीको कुनै वाणिज्य बैंकको जमानतपत्र (बिड बण्ड) पेश गर्नुपर्नेछ ।
४. बोलपत्रदाताले दर रेट उल्लेख गर्दा केरमेट गरेको, टिपेक्स लगाएको ठाउँमा सही छाप नगरेको, बोलपत्र फारमको प्रतिलिपि गरी पेश गरेको वा आफ्नो तर्फबाट कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।
५. बोलपत्र फारम खरीद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।
६. कुनै शर्त राखी पेश गरेको शिलबन्दी बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
७. बोलपत्र स्वीकृत गर्ने तथा नगर्ने सम्पूर्ण अधिकार यस एयलाइन्समा निहित रहनेछ ।
८. शिलबन्दी बोलपत्र खाम बाहिर "छपाई सामाग्री सम्बन्धी" वा "स्टेशनरी सामाग्री सम्बन्धी" भनी स्पष्ट उल्लेख गर्नु पर्ने र लाहा छाप अनिवार्य रुपमा लगाउनु पर्नेछ ।
९. रीत र म्याद नाघी आएको शिलबन्दी बोलपत्रमा कुनै कारबाही गरिने छैन ।
१०. शिलबन्दी बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस एयरलाइन्सको प्रशासन विभागमा सम्पर्क राख्न सकिनेछ ।
११. अन्य कुराको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

यती एयर लाइन्स डोमेस्टिक प्रा. लि.
प्रशासन विभाग
तिलगङ्गा, काठमाण्डौ
फोन : ४४६५८८८ Extn: ४०९

Yeti Airlines
You come first

# क्रोएसियाकी राष्ट्रपतिको संसारमै चर्चा

नेपाल समाचारपत्र

काठमाडौं

क्रोएसिया रुसमा भएको फिफा विश्वकप फाइनलमा हारे पनि क्रोएसियाकी राष्ट्रपति कोलिन्डा ग्राबर किटारोभिचको गतिविधिले सबैको ध्यान त्यतातिर तानिएको छ।

राष्ट्रपति कोलिन्डाले फ्रान्ससँग ४-२ ले हारेको क्रोएसियाका प्रत्येक खेलाडीलाई अँगालो मारेर आँसु पुछिदिएर सान्त्वना दिइरहेकी थिइन्। यो क्षणले संसारमा कोलिन्डाको वाहवाही भएको छ। एकतर्फ उनी पानीले भिजिरहेर पनि आफ्ना खेलाडीलाई पानीको वास्ता नगरी सान्त्वना दिइरहिन्। अर्कोतर्फ आयोजक राष्ट्र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनलाई अर्को व्यक्तिले छाता ओढाइरहेका थिए। टेलिभिजनमा भएको प्रत्यक्ष पुरस्कार वितरण समारोहमा पुटिनले भिजेकी कोलिन्डालाई हेरिरहेका थिए।



कोलिन्डाले क्रोएसियाको सेमिफाइनल खेलबाहेक सबै खेल हेरेकी थिइन्। उनी जित्दा खुसीले उफ्रेकी पनि थिइन्। जब रुसलाई क्वार्टरफाइनलमा पेनाल्टी सुटआउटमा हरायो तब उनी रुसका प्रधानमन्त्रीको सामुन्ने नै खुसीले नाचिन्। तर फाइनलमा हारेर पनि उनको अनुहारमा मुस्कान रह्यो। यसलाई सारा संसारले खेल भावना रहेकी व्यक्तिको रूपमा तारिफ गर्न थालेका छन्।

आइतबार राति पनि पुरस्कार वितरण समारोह हुँदा कोलिन्डाले फ्रान्सका राष्ट्रपति एमम्यानुल माकरोनको हात समाएर आएकी थिइन्। उनको साथ रुसका राष्ट्रपति भ्लादिमिर पुटिन पनि थिए। कोलिन्डाले सबैभन्दा पहिला उदियमान खेलाडी क्लीएन एम्बाप्पेलाई अंकमाल गरिन्। यसपछि यो क्रम जारी रह्यो पुरस्कार वितरण समाप्त नहुन्जेल। ५० वर्षीया कोलिन्डाले आफ्नो टोलीका प्रत्येक खेलाडी र कोचलाई मायाका साथ अंकमाल गरेकी थिइन्। तर उनले फ्रान्सका खेलाडीलाई पनि त्यसरी नै अंकमाल गरिन्।




विश्वकप नजिते पनि कोलिन्डाले ट्रफी चुम्न भने भुलिनन्। उनले जानेबेला विश्वकप ट्रफी उचालेर चुम्बन गरिन्। फेरि माकरोनलाई अंकमाल गरिन् र जितको बधाइ दिइन्। उनको यो व्यवहारले उनी विश्वको सबै सामाजिक संजालमा सुपरहिट भएकी छिन्। विश्वकप फ्रान्सले जिते पनि करोडौं फुटबल प्रेमीको मन क्रोएसियाको टिमले जित्यो। पहिलोपटक विश्वकप फुटबलको फाइनलमा पुगेको क्रोएसियाले अर्जेन्टिनाजस्तो सशक्त टिमलाई हराएको थियो। ४० लाखको जनसंख्या भएको क्रोएसियाले संसारमा फुटबल समर्थकका लागि माया गर्न नयाँ टिम दिएको छ।

### नोभेम्बरमा कतार विश्वकप हुने

आगामी सन् २०२२ मा हुने २२औं विश्वकप नोभेम्बर २१ देखि शुरू हुने भएको छ। यसको समाप्ती क्रिसमस यानी डिसेम्बर २५ भन्दा ७ दिनअघि हुनेछ। फिफाले जनाएअनुसार जुन, जुलाईमा कतारमा धेरै तापक्रम बढ्ने भएको हुँदा विश्वकप आयोजना गर्ने सम्भव हुँदैन।

## 'फुटबलर्सको समर्पण फुटबलरलाई' स्मारिका विमोचन

काठमाडौं, (नेस)

फुटबलसँग सम्बन्धित व्यक्तित्वद्वारा स्थापित संस्था फुटबलर्स मिसन टुगेदरले सोमबार नेपाल पुलिस क्लबमा विभिन्न कालखण्डका नेपाली फुटबल खेलाडीलाई परिचित गराउने उद्देश्यले 'फुटबलर्सको समर्पण फुटबलरलाई' स्मारिका विमोचन गरिएको छ।

उक्त कार्यक्रममा पूर्वखेलाडी तथा रेफ्रीलाई सम्मान गरिएको छ। उपराष्ट्रपति नन्दबहादुर पुन (पासाङ) को प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा पुरुष पूर्वफुटबलर र रेफ्री गरी ३२ जनालाई सम्मान गरिएको थियो। यस्तै १८ जना पूर्वमहिला फुटबलर र रेफ्रीहरू पनि सम्मानित भएका थिए। दिवंगत भएका नेपाली फुटबल खेलाडीहरूको तस्वीरमा फूल मालाले श्रद्धान्जलि अर्पण गरिएको उक्त कार्यक्रममा उनीहरूको नाममा १ मिनेट मौन धारणसमेत गरिएको थियो।

## विश्वकप हाजिरीजवाफ सम्पन्न



काठमाडौं, (नेस)

एन्‌के सिंह मेमोरियल इंग्लिस प्रिपरेटरी माध्यमिक विद्यालयको आयोजना तथा अखिल नेपाल फुटबल संघ (एन्फा) को सहकार्यमा विश्वकप फुटबल २०१८ लाई लक्षित गरी 'दोस्रो एन् के सिंह अन्तर विद्यालयस्तरीय हाजिरीजवाफ प्रतियोगिता सोमबार सम्पन्न भएको छ। प्रतियोगितामा उपत्यकालगायत मोफसलका गरी जम्मा २० विद्यालयको सहभागिता रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि तथा अखिल नेपाल फुटबल संघ (एन्फा) का उपाध्यक्ष उपेन्द्रमान सिंहले प्रतियोगितामा विजयी विद्यार्थीलाई शिल्ड, मेडल र प्रमाणपत्र वितरण गरे। प्रतियोगितामा सैनिक आवासीय महाविद्यालय भक्तपुर प्रथम, निर्भाना एकेडेमी द्वितीय, जेम्स स्कुल तृतीय, युनाइटेड स्कुल चौथो र भानुभक्त मेमोरियल मावि पाँचौं भएको थियो। प्रथम हुने सैनिक आवासीय महाविद्यालय भक्तपुरले सिम्रिक एयरद्वारा प्रायोजित माउन्टेन फ्लाइटको ३ वटा टिकट प्राप्त गर्‍यो।

प्रतियोगितामा फिफा विश्वकप केन्द्रित भएर प्रश्न सोधिएको थियो। सहभागी २० विद्यालयलाई विभिन्न समूहमा विभाजन गरी अन्तिम चरणका लागि ५ ओटा विद्यालय छनोट गरिएको थियो। सन् २०१४ देखि शुरू भएको उक्त प्रतियोगिता हरेक ४ वर्षमा गरिने व्यहोरा कार्यक्रममा जानकारी गराइयो।




## धरहरा

### कहिले होला खै ?



एक महिना लामो फुटबलको महाकुम्भ अन्ततः सकिएको छ। अनेकौं तर्क, दाबी, अनुमान, अड्कललाई किनार लगाउँदै फ्रान्स दोस्रोपटक विश्व विजेता बनेको छ। अन्तिम १६ टोलीको छनोट हुनुअघि खासै कसैको रोजाइमा नपरेको क्रोएसिया उपविजेता बन्दै छुट्टै छाप छोडेको छ। २०२२ मा कतारमा हुने विश्वकपमा क्रोएसियन फ्यान नेपालमा ह्वात्तै बढ्ने सहजै अनुमान गर्न सकिन्छ।

यसपटक क्रोएसियन खेलाडी चर्चाको चुलीमा रहे। त्योभन्दा झनै चर्चा बटुलिन सो मुलुककी राष्ट्रपतिले। राष्ट्रपति हुन् कि हट मोडल छुट्याउनै नसकिने, सुरक्षा दायराबिनै खेलाडीको आँसु पुछ्ने, अंकमाल गर्ने, समर्थकको हाँसोमाथि हाँसो थप्ने भएसी उनी राष्ट्रपति भन्दा विश्वासै नलाग्ने।

उनको व्यवहार र त्यस्तो माहोल यता नेपालमा कहिले होला? बहुसंख्यक नेपालीले त्यस्तै प्रश्न गर्न थाल्या छन्। नेपालीको त्यस्तो इच्छा चाहनाबारे राष्ट्रपति भण्डारीलाई खबर छ कि छैन होला ? अनि सधैं सुरक्षा घेरामा रम्न चाहने, समर्थक र सुभेच्छुकहरूले नमस्ते गर्दा पनि नदेखेझैं गर्ने, सुन्या नसुन्यै गर्ने गणतन्त्रका छोटे राजा महाराजाहरूले चाहिँ क्रोएसियन राष्ट्रपतिबारे के भने होलान्? धरहरालाई धेरै खुल्दुली जाग्या छ।


## ADVERTISEMENT RATES FOR NEPAL SAMACHARPATRA

RATES EFFECTIVE FROM SHRAWAN 1, 2075 (JULY 17, 2018)

### Rates

| | B/W | COLOR |
|---|---|---|
| Inside page per Clm/cm | Rs. 1400 | Rs. 1700 |
| Third page per Clm/cm | Rs. 2500 | Rs. 2500 |
| Back page per Clm/cm | Rs. 2700 | Rs. 2700 |
| Front page per Clm/cm | Rs. 3300 | Rs. 3300 |

### Dispaly Box & Classified Ads

| | |
|---|---|
| Per Display Box | Rs. 2000 /- (1clm/5cm) |
| Passport Display Box | Rs. 2000/- (1clm/5cm) |
| Per Word | Rs. 20/- (Normal) |
| Per Word | Rs. 25/- (Bold) |

### Premium

| | |
|---|---|
| Jacket Page (Front & Second Page) | Rs. 25,00,000 |
| Jacket Page (Front & Back Page) | Rs. 27,00,000 |
| Top Strip (Any Page) | 50 % (Premium) |
| Island/ Irregular Ad | 50% (Premium) |
| Ear Panel (Front Page) | Rs. 25,000 |
| Side Pop Up (Front Page) | Rs. 30,000 |

### Frequency Discount

| | |
|---|---|
| For Four insertions in a month | 7 % |
| For Five or more insertions in a month | 10 % |
| Full Page Discount | 10% |

### Mechanical Data

| | | |
|---|---|---|
| Width of Column | : | 3.8cm |
| No. of Column | : | 8 columns |
| Height of Column | : | 47 cm |
| Printable Area | : | 33 X 47 cm |
| Overall size | : | 33 X 48 cm |
| Process | : | Web Offset |
| Screen | : | 85DPI/95DPIw |

## ADVERTISEMENT RATES FOR KAMANA/ SADHANA

RATES EFFECTIVE FROM SHRAWAN 1, 2075 (JULY 17, 2018)

### Rates


| | |
|---|---|
| Cover Full Page (Outside Back) | Rs. 1,20,000/- |
| Cover Full Page (Inside Front) | Rs. 1,00,000/- |
| Cover Full Page (Inside Back) | Rs. 1,00,000/- |
| Inside Ordinary Full Page | Rs. 80,000/- |
| Double Spread | Rs. 1,40,000/- |
| Central Spread | Rs. 1,50,000/- |
| Inside Ordinary Half Page | Rs. 60,000/- |
| Inside Ordinary Quarter Page | Rs. 50,000/- |
| Strip | Rs. 50,000/- |

### Frequency Discount

| | |
|---|---|
| For six insertions in a year | 7% |
| For twelve insertions in a year | 10 % |

### Mechanical Data

| | | |
|---|---|---|
| Full Page Bleed | : | 21.3 cm by 29.3 cm |
| Full Page Non Bleed | : | 18.5 cm by 27 cm |
| Half Page Horizontal | : | 18.5 cm by 14.5 cm |
| Half Page Vertical | : | 9.5 cm by 27 cm |
| Quarter Page | : | 9.5 cm by 14.5 cm |
| Vertical Strip | : | 6 cm by 27 cm |
| Horizontal Strip | : | 18.5 cm by 6 cm |
| Double Spread Bleed | : | 42.6 cm by 29.3 cm |
| Double Spread Non Bleed | : | 37 cm by 27 cm |
| Cover Double Spread Bleed | : | 41 cm by 29.3 cm |




Kamana News Publications Pvt. Ltd.
Maru Bhimsensthan, Kathmandu, Nepal
Phone no : 4261179, Fax : 4218990
Email : nepalsamacharpatra@gmail.com

* Discount Pattern - Only 25% discount will be provided for all sorts of advertisements (Government, Private, Financial Institutions, Condolence etc.). All the previous discount structures (with no agreement or unfulfilled commitments) will be strictly null and void from Shrawan 1, 2075. In order to receive extra discount, advertiser or advertising agency must sign a Business Volume Commitment Agreement in writing.
* Frequency Discount - All the release dates have to be mentioned in one Release Order and all the advertisements must be published within 30 days of first release.
* VAT is Applicable in above rates.
* Please be advised that the advertising rates may change with 7 days notice in Nepal Samacharpatra.

नेपाल समाचारपत्र | कामना | साधना | newsofnepal.com


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ